CC-0. In Public Domain. Digitization by eGangotri

स्थितिगत्यात्मक प्रगतिवाद

डा. निर्मलमणि अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थितिगत्यात्मक प्रगतिवाद

लेखक

डा. निर्मलमणि अधिकारी

काठमाण्डौ विश्वविद्यालय, स्कूल अफ् आर्ट्स्

भाषा तथा आमसञ्चार विभाग

प्रकाशक

प्रगतिवादी युवा समाज नेपाल

काठमाण्डौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थितिगत्यात्मक प्रगतिवाद

रचयिता	–	डा. निर्मलमणि अधिकारी
प्रकाशक	–	प्रगतिवादी युवा समाज नेपाल, काठमाण्डौ
समूह सम्पादक	–	बलराम प्रजापति
पाण्डुलिपी सम्पादक	–	कमलेश दवाडी
शुद्धाशुद्धि	–	दिनानाथ पोखरेल
लिप्यान्तर	–	धिरेन्द्र चन्द सोडारी, समिर गौतम, उत्तम गुरुङ, राजीव बछार र उत्तम खत्री
संस्करण	–	२०७९ (सन् २०२२)
सर्वाधिकार ©	–	डा. निर्मलमणि अधिकारी
मुद्रित प्रति	–	१०००
सज्जा	–	सीतालक्ष्मी प्रजापति
मूल्य	–	रु. १२५।-
ISBN	–	978-9937-1-2679-3
मुद्रक	–	डिजिटल प्रिन्टलिङ्क, भक्तपुर 01-6620555, digitalprintlink@gmail.com

STHITIGATYATMAK PRAGATIVAD
(By Dr. Nirmala Mani Adhikary)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

प्रगतिवादी युवा समाज नेपालले मिति २०७६ वैशाख १४ गतेदेखि फागुन ५ गतेको समय अवधिमा आयोजना गरेका कूल नौवटा प्रवचन शृङ्खलामा डा. निर्मलमणि अधिकारीले स्थितिगत्यात्मक प्रगतिवादको व्याख्या गर्नुभएको थियो । जरो किलो महाअभियानको युट्युब च्यानलमा रहेका ती प्रवचन शृंखलालाई धेरैले रूचाउनु भयो । स्थितिगत्यात्मक प्रगतिवादका प्रवचन शृङ्खलाहरू लिप्यान्तर भएर सञ्चारयोग त्रैमासिक पत्रिकामा पनि प्रकाशित भए । पत्रिकाका विभिन्न अंकहरूमा विभिन्न खण्डमा प्रकाशित भएका प्रवचन शृंखलालाई एकत्रित रूपमा पुस्तकाकार प्रकाशित गर्न धेरै जनाबाट अनुरोध आएपछि संस्थाले यस पुस्तकलाई प्रकाशन गर्ने निर्णय गरेको हो । प्रगतिको मौलिक सिद्धान्तलाई बुझ्न चाहने सबैको लागि यो पुस्तक उपयोगी हुने संस्थाको विश्वास छ । हाम्रो अनुरोध स्वीकारेर प्रवचन दिनुभएकोमा गुरुप्रति आभारी छौं ।

प्रस्तुत पुस्तक तयार पार्न गुरुको प्रवचनलाई लिप्यान्तर गर्नुभएका संस्थाका पूर्व अध्यक्षद्वय धिरेन्द्र चन्द सोडारी र समिर गौतम, पूर्व उपाध्यक्ष उत्तम गुरुङ, पूर्व सचिव राजीव बछार र कार्यसमिति सदस्य उत्तम खत्रीलाई धन्यवाद छ । गुरुले बोल्नुभयो, लेख्न समयको कमी रह्यो । हामीले लिखितमा रूपान्तरण गर्‍यौं । पुस्तक प्रकाशन गर्न देशविदेशबाट आर्थिक सहयोग उपलब्ध गराउनु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक साधुवाद छ । पुस्तकको शुद्धाशुद्धी हेर्नुभएका दिनानाथ पोखरेल, यस पुस्तकको पाण्डुलिपि सम्पादन गर्नुभएका कमलेश दवाडी र पुस्तकको समग्र समन्वयका लागि जरोकिलो महाअभियानका समूह सम्पादक भूमिका निर्वाह गर्दै आउनुभएका बलराम प्रजापतिलाई पनि धन्यवाद छ ।

टेकराज कोइराला
अध्यक्ष
प्रगतिवादी युवा समाज नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

१. युगसापेक्ष चिन्तन	१
२. प्रमाण र प्रमेयको प्रारूप	१५
३. प्रतिमानका रूपमा स्थितिगत्यात्मक प्रगतिवाद	३९
४. बन्धनबाट मुक्ति	५५
५. सम्मेयता र असम्मेयता	६२
६. ऋतको युगतिर अरेखीय यात्रा	७५
७. व्यक्ति, समाज र राज्य	८४
८. स्थितिगत्यात्मक समन्वय	९२
९. स्थितिगत्यात्मक संरचना	१०१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : १

युगसापेक्ष चिन्तन

हालसालै मानिसहरूले ब्ल्याक होलको फोटो खिचिएको भनेर धेरै चर्चा गरे । यसो भने तापनि त्यो वास्तवमा ब्ल्याक होलको फोटो होइन । ब्ल्याक होल (Black hole) को फोटो खिच्न सम्भव पनि छैन । फोटो भनेको प्रकाशबाट हुने कुरा हो । ब्ल्याक होल जसले प्रकाशलाई नै, सजिलो भाषामा भन्दा, खाइदिने हुनाले त्यसको फोटो खिच्न सम्भव छैन । तर त्यो ब्ल्याक होलमा समाहित हुँदै गरेका प्रकाशको फोटो खिचियो र ब्ल्याक होलको बाहिरी वृत्त, आउटर रिङ भनौँ, त्योजस्तो देखियो । करिबकरिब एक शताब्दी पहिले जुन कुरो सिद्धान्ततः भनिएको थियो, त्यसको अब भौतिक प्रमाण भेटिन थालेको अवस्थामा हामी छौं । केही अगाडि हिग्स-बोसोन पार्टिकल सम्बन्धि ठूलो अनुसन्धान भयो, यसका साथै हाम्रो भौतिक र अभौतिक जगत्का बारेमा नयाँ आयाम थपिएको छ । अर्कोतिर संस्कृत भाषाको विस्तार यस्तो हुन लाग्यो कि, पहिले विश्वविद्यालयहरूमा मात्रै अनुसन्धान हुँदै गरेकोमा अब चाहिँ पश्चिमका कतिपय देशहरूमा विद्यालतहदेखि नै पढाउन थालिएको र हाम्रो छिमेकमा रहेको र हामीजस्तै प्राचीन समृद्ध सभ्यता भएको चीनमा, त्यो पनि राष्ट्रपति तहबाटै विशेष चासो लिएर संस्कृत पठनपाठन हुन थालेको भन्ने यी परिघटनाहरूको पृष्ठभूमिबाट म आजको प्रसङ्ग अगाडि बढाउन चाहन्छु ।

छान्दोग्य उपनिषद्मा दुई ऋषिहरू - उद्दालक आरुणी र उनका छोरा श्वेतकेतुको जुन संवाद छ, त्यसले परीक्षण (Experiment) र पर्यवेक्षण (Observation)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधि तथा कारणकार्य सम्बन्ध (Causality) भनेर जसलाई आधुनिक विज्ञानमा भनिन्छ, त्यसबारे वैदिक ऋषिहरू जानकार रहेको देखाउँछ। उता प्राचीन ग्रीसमा मिलेटस निवासी थेल्स (Thales of Miletus) पनि परीक्षण र पर्यवेक्षण विधिका प्रयोगकर्ताका रूपमा देखिन्छन्। आधुनिक युगमा अनुभववाद (Empiricism) मा नै आधुनिक विज्ञान मूलतः अडेको छ भनेर मानिएको छ। उद्दालक अनि थेल्सका अन्वेषण विधिमा सामान्य तादात्म्य रहेको स्पष्टै देखिन्छ। एक्पेरिमेन्टल अब्जरभेसन (Experimental Observation) नै आधुनिक विज्ञानको उपकरण (विधि) को रूपमा रहेको छ। यद्यपि उद्दालक र थेल्सका निष्कर्ष र आधुनिक विज्ञानका निष्कर्षको तुलनात्मक विश्लेषण आजको विषय होइन। जीवन र जगत्को अन्वेषणका लागि सुसंगत प्रणाली (Systemetic Methodology) विकास गर्ने प्रयत्न पूर्व र पश्चिम दुवैतिर प्राचीन कालदेखि नै भएको थियो भन्न सकिने आधारचाहिँ उद्दालक र थेल्सको प्रसङ्गबाट आउँछ। एकातिर पूर्व र पश्चिमबीचको भेद व्यावहारिक यथार्थ हो भने अन्ततोगत्वा सृष्टिको समष्टिमा हेर्दाखेरिमा पूर्व-पश्चिम विभाजनको अर्थ छैन। वसुधैव कुटुम्बकम्, आत्मवत् सर्वभूतेषु भन्नेसम्म नपुग्दासम्म सार्थकता आउँदैन। तर व्यवहारमा पूर्व र पश्चिम भन्ने छ। यति हुँदाहुँदै पनि चिन्तन गर्ने, अन्वेषण गर्ने, सिस्टमेटिक मेथेडोलोजी (Systematic Methodology)बनाउने प्रयत्न दुवैतिर साझा देखिन्छ।

अस्तित्वबारे चिन्तन नै दर्शनशास्त्रको मूल प्रश्न हो भनेर मान्नेहरूको ठूलो तर्क के रहेको छ भने, भौतिक र अभौतिक तत्त्वहरूको उत्पत्तिको कारण, तिनको अन्तरसम्बन्ध, अभौतिक तत्त्व अर्थात् चेतनाको र पदार्थको अन्तरसम्बन्धसँगै तिनले समाज र सामाजिक जीवनमा पार्ने प्रभावजस्ता प्रश्नहरूको समाधान नगरी जीवन र जगत्को समुचित ज्ञान हुन सक्दैन। यो जगत् बोधगम्य छ कि छैन ? यसको जुन यथार्थ हो, जुन सत्य जसलाई भनियो त्यसको वस्तुनिष्ठ आधार छ कि छैन ? त्यसलाई बुझ्न सकिन्छ कि सकिँदैन ? र बुझ्दाखेरी पनि त्यो मानव मस्तिष्कले आफ्नै प्रयत्नद्वारा सकिन्छ कि ठूलो कुनै शक्तिको कृपा भएपछि मात्रै हुनसक्ने भन्नेमा पनि ठूलो बहस शताब्दीऔंदेखि हुँदै आएको छ। यद्यपि पूर्वमा मन्त्रद्रष्टा ऋषिहरूकै पालादेखि र पश्चिममा उनीहरूले भन्ने गरेको प्रबोधयुग/ज्ञानोद्दीपन युग/एन्लाइटमेन्ट एजदेखि नै जगत् बोधगम्य छ भन्ने मान्यता रहेको छ। नत्र त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'ऋषयो मन्त्रद्रष्टारः' भनेर उनीहरूले आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै सत्यहरू साक्षात्कार गरे भनेर मानिएको छ, त्यो हुन सक्ने थिएन। मुनिहरू साधनाद्वारा ज्ञानको चरम अवस्थासम्म पुग्न सके। कान्ट लगायतका दार्शनिकहरूले 'डेयर टु नो' (Dare to Know) भने। न्यूटनको क्याल्कुलसमा त शून्यदेखि अनन्तसम्म जोड्न सकियो भन्ने सिद्धान्ततः प्रमाणित भयो। आधुनिक विज्ञानको सारा विकास, खासगरी प्राविधिक क्षेत्रमा, ज्ञानोद्दीपन युगपछिकै मान्यता - मानव मष्तिस्कको श्रेष्ठतामा आधारित रहेको छ। भनेपछि यी दुवै मान्यताले यो जगत् बोधगम्य छ र मानवमस्तिष्कद्वारा नै यसलाई जान्न सकिन्छ भन्ने कुरा अगाडि सारेको हामी देख्छौँ। तर पूर्वमा पौराणिक युगका आख्यान केन्द्रित सङ्कथन र पश्चिममा पनि उत्तरसंरचनावाद (Poststructuralism), विनिर्माणवाद (Deconstructionism) र उत्तराधुनिकतावाद (Postmodernism) को कुरा गऱ्यो भने उनीहरूका संकथनहरूले चाहिँ सत्य र तथ्यको वस्तुनिष्ठता (Objectivity) लाई भन्दा विषयनिष्ठता (Subjectivity) लाई अगाडि सारेका छन् भन्ने पक्ष पनि हामीले ख्याल गर्नुपर्छ। अरू कुरा जेसुकै भएता पनि जगत् र मानवजीवनसम्बद्ध विविध प्रश्नहरूलाई उजागर गर्ने, चिन्तन गर्ने, बहस गर्ने, विमर्श गर्ने, संवाद गर्ने कार्य सबैतिरका सबैथरी अध्येता, चिन्तक, विचारक, दार्शनिकहरूको साझे विशेषता रहेको छ। यसमा विभिन्न कालखण्डमा, विभिन्न चरणमा, विभिन्न प्रतिमानहरू स्थापित हुँदा आफ्नाआफ्ना पद्धति र त्यो पद्धतिका आधारमा गर्ने तर्कहरू आफ्नाआफ्ना किसिमका छन्। हामीले हेर्यौं भने उपनिषद् ग्रन्थहरूको त आधारशिला नै संवाद वा शास्त्रार्थ नै हो।

विक्रम संवत् २०७६ वैशाख ६ गते शुक्रबार, तदनुसार सन् २०१९ अप्रिल १९ मा टोरन्टो, क्यानडास्थित सोनी सेन्टरमा जोर्डन पिटरसन र स्लाभोज जिजेकको "Happiness: Capitalism versus Marxism" शीर्षकको बहसले संसारभरीका बौद्धिक तथा जिज्ञासुहरूको ध्यान खिचेको थियो। उक्त कार्यक्रमलाई निकै योजनाबद्ध मार्केटिङ पनि गरिएको थियो। मानिसहरू महँगो शुल्क तिरेर बहस सुन्न र हेर्न उपस्थित भएका थिए। तर उनीहरूको सम्वादले निराशाको सन्देश दिएको धेरै विश्लेषकहरूको पर्यवेक्षण रह्यो। सुरूमा त्यसको उत्साह थियो, यस्तो हुँदैछ भनेर, तर त्यहाँ गएर सहभागी भइसकेपछाडि मानिसहरूले त्यति महँगो पनि तिरेर र त्यति महत्व पनि दिएर गए, त्यो अनुसारको परिणाम त्यसले दियो कि दिएन भन्दा, धेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनाको मूल्याङ्कन चाहिँ के रह्यो भने त्यस्तो भएन बरु त्यो कार्यक्रमपछि एक किसिमको निराशाको सञ्चार भयो भन्ने आयो।

सृष्टि कसरी भएको होला ? संसार वा विश्वको स्वरूप के हो ? यसको उत्पत्ति किन भयो ? चेतना र पदार्थको अन्तरसम्बन्ध कस्तो हो ? जीवनको कुनै प्रयोजन छ वा यो प्रयोजनहीन छ ? जीवनको परम लक्ष्य के हो ? मृत्युपछि के हुन्छ ? आत्मा के हो ? ज्ञान के हो ? ईश्वरीय सत्ता के हो ? यस्ता प्रश्नहरू मानव अस्तित्वदेखि नै आइरहेको छ। अब हामीले हेर्‍यौं भने ईश्वरसँगैको प्रश्न जोडिएपछि के छ त भन्दा मृत्युपछि के हुन्छ ? आत्मा के हो ? ज्ञान के हो ? ज्ञानका साधन के हुन् ? सत्यज्ञानको स्वरूप र सीमा के कसो हो ? ईश्वरीय सत्ता के हो ? परब्रह्म भनिएला, परमात्मा भनिएला, ईश्वर भनिएला, गड भनिएला, अल्लाह भनिएला...के भनिएला नाम जे सुकै राखिएका होलान् उनको स्वरूप के कस्तो छ ? सुख के हो ? सुख कसरी प्राप्त हुन्छ ? प्रगति के हो ? समाजको प्रगति कसरी हुन्छ ? वर्तमानका चुनौतीहरूको समाधान कसरी गर्ने ? मानव समाज भविष्यमा कस्तो होला ? नैतिकता के हो ? नैतिकता मानवसमाजप्रति मात्र उत्तरदायी हो वा समस्त प्राणी जगतैप्रति ? यस तरहका अनगिन्ति जिज्ञासा बौद्धिक मानवजीवनका अभिन्न अवयव हुन्। भाषा फरक होला, खोज्ने पद्धति अलग होला तर हामीले हेर्‍यौं भने अति प्राचीनकालदेखि आजसम्म पनि यसका उत्तरहरू मानिसले खोजिरहेकै छन्। जो पशुपङ्क्षीवत् खान, पिउन, सुत्न, अनि मैथुनमा मात्र रमाइरहेको छ त्यसको कुरा अलग भयो। यो क्रम कहिलेसम्म रहन्छ भनेर तोक्न सकिने अवस्था पनि छैन अनि टिभिको कुनै एपिसोड जस्तो बन्द हुनेवाला पनि छैन।

वर्तमान विश्वका धेरै समस्याहरू उधिन्नसक्ने वा उधिनिरहेका व्यक्तिहरू त धेरै छन्। तर समाधान के भन्ने दिन सकिरहेका छन् त ? यो बडो चुनौतीपूर्ण प्रश्न रहेको छ। बिहानपख मानिसहरू हिँडिरहँदा अथवा कतै बसेर चियाकफी खाइरहँदा पनि समस्याहरूका बारेमा त कुरा गरेकै हुन्छन्। एकदम घरेलु व्यवहारदेखि लिएर विश्व ब्रह्माण्डकै यति गहन कुराहरू त्यहाँ भइरहेका हुन्छन्, खासगरी समस्याको उजागर गर्ने पाटोमा। तर समाधान आइरहेको छ कि छैन भन्ने बडो चुनौतीपूर्ण प्रश्न रहेको छ। पिटरसन र जिजेकको संवाद सुन्नेहरूले महसुस गरेको तथ्य यही रह्यो कि पुँजीवाद र मार्क्सवाद कुनैले पनि खुसी र सुख सुनिश्चत गर्न सक्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरू दुवैको धारणा त्यसमा चाहिँ ऐक्य रहेको जस्तो देखियो। तथापि अहिलेको समयमा पुँजीवादलाई नै नियमन गर्ने र जसोतसो पुँजीवादी ढाँचा भित्रै चित्त बुझाउनुपर्ने बाध्यात्मक अवस्थाको बन्दी समकालीन मानवसमाज बनेको भन्ने जस्तो कुरो आयो। सन्तुष्टि त्योबाट छैन। यसको विकल्प पाए हुन्थ्यो भन्ने पनि छ। तर अहिलेको स्थिति यस्तो छ कि हामी यहाँबाट अब बाहिर निस्किनसक्ने पनि देखिँदैन। त्यसो भएको हुनाले बरु यसैलाई केही नियमन गरौँ, केही तरिका निकालौँ र यसैमा नबाँची सुख छैन भन्ने एउटा नैराश्यको जस्तो, विकल्प नपाएको अवस्था छ। कविशिरोमणि लेखनाथको पिँजडाको सुगाजस्तो बाहिर निक्लन चाहने तर नसक्ने सुगाको जस्तो मनस्थिति सारा मानवसमाजको हुनुपर्ने अवस्था हो त ?

अधिकतर मानिसहरूका लागि पुँजीवादले हित गर्न सकिरहेको छैन भन्ने जोसेफ स्टिग्लिजले प्रगतिशील पुँजीवाद (Progressive capitalism) अगाडि सारेको पनि यहाँनेर उल्लेख्य छ। समकालीन विश्वमा सम्पति विषमता (Wealth Inequality) का कुरा गर्ने थोमस पिकेटीले पुँजीवादका नकारात्मक पक्ष त उजागर गरेका छन्, तर राज्यको हस्तक्षेप (State Intervention)का माध्यमबाट समस्याको समाधान हुने मान्यता पनि अगाडि सारेका छन्। तर समाधानका लागि यो भन्दा पर जान कसरी सकिएला भन्ने उपाय नभएर यही भित्रैबाट केही तानतुन गरेर, यताउति पारेर सकिन्छ कि भन्ने खालका चिन्तन, विचार, विमर्श, बहस भइरहेका छन्। यही क्रममा सोसाना जुहफले चाहिँ सर्भेलियन्स क्यापिटालिजम् (Surveillance capitalism) का रूपमा पुँजीवादको नवीन स्वरूपको सैद्धान्तिक व्याख्या अघि सारेकी छन्। अहिलेको पुँजीवादले कति मात्रामा एडम स्मिथ तथा म्याक्स वेबरका उत्तराधिकार बोकेको छ र कति मात्रामा वर्तमान युगका आविष्कारहरूका कारण परिवर्तित छ भन्नेमा धेरै बहस गर्न सकिन्छ। तर सारमा पुँजीवादले सर्वजनको हित गर्नु त परै जाओस् आदर्श अवस्था मानिएको ग्रेटेस्ट गुड फर ग्रेटेस्ट नम्बर, अधिकतम जनको अधिकतम कल्याण पनि गरेको छैन भन्ने स्पष्ट छ। त्यो ठूलो चमत्कारको कुरो हुने थियो, गरेको भए। तर हामीले अहिले हेऱ्यौँ भने अरू कुरा छोडौँ, उसले आफैँले आदर्श मानेको ग्रेटेस्ट गुड फर ग्रेटेस्ट नम्बर पनि गर्न सकेको छैन भन्ने धेरै देशका धेरै सन्दर्भ, प्रसङ्गहरूले र कतिपय अनुसन्धानले देखाएका छन्। ठूलो सङ्ख्याका माानिसहरू जुन पुँजीवादले ल्याएको समृद्धि भनिएको छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन चकाचौंध छ, यसबाट पछाडि परिरहेका छन् । हाम्रै नेपालमा पनि एकातिर सारा संसारको श्रेष्ठ सुखसुविधा उपभोग गर्ने व्यक्तिहरू पनि यहीं छन् तर न्यूनतम मानवीय आवश्यकतासमेत पूर्ति गर्न नपाएकाहरूको सङ्ख्या अद्यापि उल्लेख्य छ। यस्ता अवस्थाहरू हामी संसारभरी देख्न सक्छौं । पुँजीवादको आलोजना गरिरहँदा समाजवादका पक्षधरहरूले मुख मिठ्याउनुपर्ने वा हितकारी हौं भनेर साखुल्ले पल्टने अवस्था पनि अहिलेको होइन किनभने समाजवाद र पुँजीवाद भनेर २ हाँगाको रूपमा, २ फक्लेटे विकल्पको रूपमा उभ्याइएको हुनाले पुँजीवाद त असफल भयो, त्यसो भए अब समाजवादले पो केही गर्ने हो कि भन्ठान्नुको पनि कुनै औचित्य रहेको देखिँदैन । समाजवादको पक्षमा खासगरी दक्षिण अमेरिकामा प्रभाव पर्ने गरी सङ्कथन निर्माण गर्न कुनैबेला सकेका हाइन्ज डाइटेइजजस्ता व्यक्तिहरूका तर्कलाई भेनेजुएला सङ्कट लगायतका परिघटनाले ध्वस्त पारिसकेको देखिन्छ। हाम्रो संस्कृतमा भनाइ छ 'प्रत्यक्षे किम् प्रमाणम्', कुनै कुरो प्रत्यक्षै देखिसकेपछि फेरि त्यसमा तर्कवितर्क, वहस गरेर प्रमाण जुटाइरहनु पर्दैन। जुन सङ्कट भेनेजुएला लगायतका अरू देशमा पनि आयो, त्यो चाहिँ समाजवादले कुनै हित गर्नेवाला छैन भन्ने कुराको प्रत्यक्ष प्रमाण आइसकेको छ।

धेरै भएको छैन ड्यारन एकमग्लु र जेम्स ए रबिन्सनले किन राष्ट्रहरू असफल हुन्छन् भन्ने बारे आफ्ना विश्लेषण सार्वजनिक गरेका छन् । उनीहरूले हालसालैजस्तो त्यो सार्वजनिक गरेका छन् । वर्तमानमा सङ्कटका आयाम अनेकन् छन् भन्ने नै तिनका निष्कर्ष छन् । विश्वमा धेरै सभ्यताहरू एउटा समयमा अगाडि बढ्ने तर फेरि पतन भएर जाने किन हुन्छन् ? भन्ने पनि अनुसन्धान भएका छन् । त्यसमा विभिन्न कारणहरू, कहिले जलवायु परिवर्तनलाई, कहिले चाप थाम्नै नसकिने गरी जनसाङ्ख्यिक परिवर्तनहरू जस्ता कारणहरू दिइएको थियो । आधुनिक युगमा जाँदा पुराना कारणहरूको असरभन्दा नयाँनयाँ कारणहरू आइरहेका छन् । त्यो झनझन् बहुआयामिक वा आयामहरू बढ्दैछ भन्ने कुरो देखिँदैछ । तिनीहरूले खुट्याएका र नखुट्याएका समेत अनेकौं पाटाहरू गुजुल्टिएका छन् । अन्तर्यमा प्रश्न पुँजीवाद र समाजवादको दुई फक्लेटे उहापोहमा मात्र सीमित छैन। समाजवाद हुँदा के गर्ने, पुँजीवाद हुँदा के गर्ने, यो भए त्यो हुने, यो नहुँदा त्यो आउने भन्ने कुरा जति सजिलो यो समस्या छैन । समाज, संस्कृति, सभ्यता, पहिचान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीति, प्रविधि जस्ता अनेकन् तत्त्वहरू अवसर र संकटका सम्भावनासँग अनेक आयाममा गुजुल्टिएका छन् । समाजका पाटा, संस्कृतिका पाटा, सभ्यताका पाटा, पहिचानको संसारभर लहर छ । हामीले पहिचानको संस्कृतिको कुरा गर्छौं, तर अधिकांशतः पहिचानको राजनीतिका रूपमा एकदमै घृणावादी अभिव्यक्ति अथवा हिंसक-आक्रामक क्रियाकलाप बढिरहेको छ । यता राजनीतिले फेरिरहेको कोल्टे परम्परागत पश्चिमा राजनीतिक दर्शनहरूको व्याख्याले पुग्नेगरी मात्रै परिघटित छैनन् । पश्चिमा देशहरूमा नै एकपछि अर्को यस्ता घटनाहरू भइरहेका छन् कि, उनीहरूका किताबहरूमा भएका सिद्धान्तले त्यसलाई बताउन सकिरहेको छैन । प्रविधिको पनि जसरी आँकलन कुनै बेला गरिएको थियो, अब त्यो मात्रै अवस्था छैन । अब प्रविधि नितान्त मानवले आफ्नो नियन्त्रणमा राख्नसक्ने उपकरणको रूपमा मात्रै रहेन । अब त्यसभन्दा अघि बढेर के हो ?, कस्तो हो ?, यो मानवलाई नै चुनौती दिने हो वा के हुने हो ? भन्ने खालको परिचर्चा कम्तीमा गर्नु पर्ने तहसम्म प्रविधि पनि अगाडि आइसकेको छ ।

स्यामुअल पी हन्टिङटनका प्रभावकारी विश्लेषणले वैश्विक सङ्कथनमा अगाडि ल्याएको क्ल्यास अफ सिभिलाइजेसन (Clash of Civilization), सभ्यताहरूको सङ्घर्षको सवालको समाधान भएको छैन । बरु न्यूजिल्यान्डमा भएको घटनाको बदलामा श्रीलङ्कामा प्रतिशोधी आत्मघाती हमला हुनुले त्यो सवाल झनै खरो तरिकाले जागृत भएको छ । हिजोजस्तो अमेरिकाले हामीलाई यस्तो गरेको थियो, त्यसो भएको हुनाले अमेरिकामा पड्कायौं भनेर अलकायदाले गरेजस्तो रहेन अब । जुन घटनामा जुन खालका मानिसहरूको प्रत्यक्ष संलग्न छैन, त्यहाँ पनि त्यस्ता घटना हुनसक्ने भए । नेपालमा त यसरी रणनीति बनाउने कल्पना पनि गरेका छैनन् जो अहिले सत्तामा, शासनमा र सुरक्षा संयन्त्रमा छन् तर, हामीले बुझ्नुपर्ने कुरा के छ भने, त्यस्ता घटनाहरू कुनैपनि बेला नेपालका कुनैपनि संरचनामा हुनसक्छ ।

रबर्ट डी. कप्लानले आफ्ना लेखनीमार्फत् व्यक्त गरेका अराजकताको भय झन् प्रखर भएको छ । आर्नोल्ड् टोयनबी र दाइसाकु इकेदाका जस्ता अन्तर्संवाद भन्दा पनि अचेल जोर्डन पिटर्सन र स्लाभोज जिजेकका जस्ता बहस बिक्ने परिस्थिति छ । आइन्सटाइन र महात्मा गान्धीका जस्ता मौन रहेरै भावको साधारणीकरण गर्न सक्षम सम्वाद वर्तमान कालमा को कोसँग गर्ने होला त ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले सम्प्रदायसँग जोडिएर, कहिले जाति-प्रजाति नश्लसँग जोडिएर, कहिले भाषासँग जोडिएर, कहिले भौगोलिकतासँग जोडिएर, कहिले इतिहासका बन्दी बनेका जडसूत्रवादीहरूको आक्रोशको संवाहक बनेर, अनेक रूप रङ्गमा, पहिचानको राजनीति वर्तमान विश्वको जल्दोबल्दो सवाल हो। इतिहासको अन्त्य भनेर पुँजीवादी उदारवादको प्रभुत्वको गीत गाउने फ्रान्सिस फुकुयामाको तर्क त उनको पुस्तक प्रकाशित हुनासाथै बौद्धिकहरूमध्ये अधिकतरले अस्वीकार गरेका थिए, तर पहिचानको राजनीति तथा कथित राष्ट्रवादको धक्काले उदारवादी लोकतन्त्र नामक प्रणालीको जगसमेत हल्लिन थालेकोचाहिँ हालसालै हो। गतार्थ (Outdated) युरोपेली प्रतिमान अनुसारको राष्ट्रवादको पुनरागमन हुने हो कि, अनि त्यस्तो राष्ट्रवादको नयाँ लहरले कस्तो सङ्कट ल्याउने हो भन्ने सवालमा धेरै बौद्धिकहरूको ध्यानाकर्षण भइरहेको छ। एन्थोनी डेभिड स्टेफेन स्मिथले सिभिक् नेशन एवम् सिभिक नेशनालिटी र इथ्निक् नेशन एवम् इथ्निक नेशनालिटीका परिभाषा अगाडि सारेको ताजै छ। अहिले ब्रेक्जिट्को राप कायमै रहेको बेलामा रोजर स्क्रटन जस्ता इंग्ल्याण्डलाई संयुक्त अधिराज्य (United Kingdom) बाट छुट्ट्याउनु पर्ने मान्यता राख्नेहरूका तर्क पनि झन्झन् टड्कारो हुँदै जाने हो कि भन्ठान्नेहरू पनि छन्।

कथित राष्ट्रवादको समस्याग्रस्त बुझाइले नै कम्युनिष्टहरूको दोस्रो अन्तर्राष्ट्रिय कमिटी (Second International) विघटन भएको थियो। समाजवादको सपना फ्रान्सेली क्रान्तिसँग पनि जोडिएको छ र रबर्ट ओवेनले बेलायतमा आफ्नो कारखानामा गरेको प्रयोगसँग पनि। हुन त समाजवाद जत्तिको एउटै संज्ञा अन्तर्गत अनेकौँ (र कतिपय त विपरीत पनि रहेका) परिभाषाहरू भएको विवादास्पद कुरा संसारमा अर्को छैन होला तर कार्ल मार्क्सको कम्युनिस्ट मेनिफेस्टोले अघि सारेको कम्युनिज्म् र त्यो भन्दा अघिल्लो बिसौनीका रूपमा रहेको समाजवाद नै चर्चाको शिखरमा रह्यो। कार्ल मार्क्स स्वयंले नेतृत्व गरेको पहिलो अन्तर्राष्ट्रिय, फ्रेडरिक एंगेल्सले नेतृत्व गरेको दोस्रो अन्तर्राष्ट्रिय र लेनिनले नेतृत्व गरेको तेस्रो अन्तर्राष्ट्रियमा राष्ट्रवाद र राष्ट्रियताको सवाल जहिल्यै प्रखर रहिरह्यो। आज पनि कम्युनिस्ट भनाउँदाहरू अन्तर्राष्ट्रियताको गीत गाउने, तर अत्यन्त सङ्कीर्ण राष्ट्रवादका नारा उराल्ने र बहुराष्ट्रियताको आगो सल्काउनेमा बदनाम छन्। मार्क्सवाद, लेनिनवाद, माओवाद वा विचारधाराको नारा लगाउने व्यक्ति वा गुट कति बेला जातिवादी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नश्लवादी भासमा फस्छ, आँकलन गर्नै नसकिने बढी सम्भावना हुन्छ।

उत्तरसंरचनावाद, विनिर्माणवाद, उत्तराधुनिकतावाद वा अरू जे केही संज्ञा राखिएर आएका होउन्, चुरोमा भने पुँजीवादकै मतियार हुन् तिनीहरू भन्ने जति स्पष्ट देख्न सकिन्छ, नवमार्क्सवाद वा समाजवादका कित्तामा रहेको स्वघोषणा गरेर बहसमा उत्रेकाहरूले पनि केही नारामा आफ्ना मौलिकता देखाउने चपलता बाहेक सामाजिक, सांस्कृतिक, आर्थिक संरचनामा पुँजीवादकै सेवा गरिरहेको अवस्था हो अहिलेको। नेपालकै सन्दर्भमा त पुँजीवाद वा समाजवादको पृथक्पृथक कित्ता होइन, ती दुइटाको घालमेलबाट बनेको विषाक्त कपूतन्त्रको पो आजको नेपालमा हालीमुहाली छ। गोजीमा सुको नहुने मान्छे केही पनि काम छैन भन्ने निर्लज्ज उपभोक्तावादी मताग्रहका अनुयायी, प्रवर्धकहरू हुन् यिनीहरू। यस्तो परिप्रेक्षमा खुशीको खोजीका लागि पुँजीवादी वा मार्क्सवादीमध्ये एउटा कित्तामा उभिनु हाँस्यास्पद देखिन्छ।

स्थितिगत्यात्मक प्रगतिवादको चिन्तनमा आउनुभन्दा पहिले त दार्शनिक, वैचारिक, समाजशास्त्रीय पूर्वाग्रहहरूको जुन अवाञ्छित पर्खाल खडा भएको वा खडा गरिएको छ, त्यो पर्खाललाई ढाल्नै पर्छ। यो पर्खाल चीनको ग्रेटवालजस्तो सम्पदा होइन, यो त बर्लिनको पर्खाल जस्तो अवाञ्छित बाधा हो। पदार्थ र चेतनाको द्वैविध्य, पदार्थ वा चेतनामध्ये एउटाको प्रभुत्व मान्ने कित्ताकाट, मानवमस्तिष्कको ज्ञानको सर्वोच्चता र अज्ञेयताबीचको ध्रुवीकरणबाट गुज्रिरहेको दार्शनिक बहसमा स्थितिगत्यात्मक प्रगतिवादको संवादले के तात्त्विक प्रभाव पार्छ त ? खुसी र सुख कसरी मिल्छ भन्ने प्रश्न शाश्वत हो, यसलाई सम्बोधन गर्न पुँजीवाद र मार्क्सवाद दुइटै अपर्याप्त छन् (अझ कतिपयका मतमा त पटक्कै सक्दैनन्) भन्ने महसुस भइसक्दा पनि ती दुई कित्तामै सीमित रहेर बुद्धिविलास गरिरहनु वाञ्छनीय होइन।

हामीसँग जुन राज्यराष्ट्र सिद्धान्त छ, त्यो पश्चिममा अझै नपुगिसकेको हुनाले आज ज्यारेड डायमण्डजस्ता बौद्धिकहरू राष्ट्रवाद र राष्ट्रिय पहिचानको फरक छुट्ट्याउने कसरतमा अल्झेका छन् र कथित राष्ट्रवाद खराब, तर राष्ट्रिय पहिचान चाहिने विश्लेषण गर्दैछन्। देशभक्ति र राष्ट्रवादका अलगअलग परिभाषा घोकेर बुद्धिविलास गर्नेहरूको त संसारैभरि लर्को नै छ। राष्ट्रियताभित्र नअल्मलिएर अन्तर्राष्ट्रिय बन्धुत्वलाई अपनाउनु पर्छ भन्ने स्नेको होर्भातको लेखाइ पढ्दा प्रियकर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए तापनि त्यो मार्गमा कसरी अघि बढ्न सकिने हो भन्ने समाधान पश्चिमा ज्ञान पद्धतिभित्रबाट मात्र खोजेर पाइनेवाला छैन। वर्तमान युरोपको क्षेत्रभित्र १ सयभन्दा पनि धेरैवटा राष्ट्रियताका दाबीहरू छन् र राज्य तथा राष्ट्र अलगअलग तत्त्वहरू हुन् भन्ने राष्ट्रराज्य सिद्धान्तले युरोपलाई समेत तहस नहस पार्ने खतरा मडारिएको छ। यहुदी र प्यालेस्टिनी, सिंहाला र तमिल, अनेक राज्यमा बाँडिएका कुर्दिश, संसारैभर शासन गर्ने खलिफासहितको इस्लामी खिलाफत (Caliphate) का जेहादीहरू, अनेकौं देशमा कथित राष्ट्रवादीहरूको चुनावी जित वर्तमान विश्वको यथार्थ हो।

सबैको साझा चासो अब के होला भन्नेमा छ। मिचियो काकुका कुरा सुन्नु भयो भने प्रविधिका कारणले हुने सकारात्मक परिवर्तनहरूका परिचर्चाले उमङ्ग छाउँछ भने युवाल नोह हरारीले ए.आई. लगायतका तत्त्वहरू सहित आउने चौथो औद्योगिक क्रान्तिसँगसँगै बेकामे (Useless) मानिसहरूको अवाञ्छित भिडम्भिडको चुनौतीबारे सचेत गराइरहेका छन्।

वैदिक दर्शनको मूल धारको मुख्य विशेषता व्यावहारिकता हो। वेदका ऋचाहरूको अनुशीलन गर्ने हो भने सहजै देखिन्छ कि दर्शनको मुख्य उद्देश्य जीवनका व्यावहारिक, प्रायोगिक समस्याहरूको समाधान नै हो। जीवन त्रि-आयामी (आधिभौतिक, आधिदैविक, आध्यात्मिक) एवं त्रिशरीरी (स्थूल, सूक्ष्म, कारण) मानिएको हुनाले दर्शनको अन्तर्वस्तु पनि सोहीअनुसार व्याप्त छ। भौतिकवाद र अध्यात्मवाद भनेर दुई फक्लेटे कित्ताकाट गर्ने बाइनरी सिस्टम (Binary System) यहाँ छैन। अधिभूत, अधिदैव र अध्यात्मलाई सातत्य सम्बन्धमा देख्ने गर्छन् वैदिक, बौद्ध, जैनलगायतका दर्शनले वैदिक परिप्रेक्षमा दार्शनिक जिज्ञासाको मतलब ज्ञानको लागि ज्ञान होइन, सुखको लागि हो। परम् सुखकै नाम मोक्ष हो। आश्चर्य वा उत्सुकतावश गरिने उहापोहलाई भन्दा वैदिक परम्परामा सोद्देश्य गरिने संवाद (उपनिषद्को जस्तो) एवं शास्त्रार्थलाई महत्त्व दिनुको तात्पर्य के हो भने स्यामुएल पी हन्टिंगटन, युवाल नोह हरारी, ज्यारेड डायमण्ड वा स्नेको होर्भात् वा अन्यले आँकलन गरेका चुनौतीहरूको व्यावहारिक समाधान गर्न दर्शनले सक्नु पर्छ।

शताब्दीकै विशेष बहस भनिएको जोर्डन पिटर्सन र स्लाभोज जिजेकको बहस किन खासै उपलब्धिमूलक भएन ? यो कुरा बुझ्न विगतका उदाहरणले थप मद्दत पुग्छ। सन् १९७८ मा जर्मनीको ड्युस्सेलडोर्फमा दर्शनशास्त्रीहरूको सोह्रौं विश्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेलामा मूल विषय रहेछ - दर्शनशास्त्र र आधुनिक विज्ञानमा विश्वदर्शनको समस्या। विषय जे भए तापनि सो काङ्ग्रेसमा खास कोलाहलचाहिँ पुँजीवादी र समाजवादी कित्तामा बाँडिएर दुई फक्लेटे विवादका कारणले भएको थियो । त्यसभन्दा पनि पहिले, सन् १९७१ मा नेदरल्याण्डमा आयोजित कार्यक्रममा नोम चोम्स्की र मिशेल फुकोले मानव प्रवृत्ति (Human Nature) बारे गरेको बहस पनि यहाँनेर स्मरणीय छ। त्यो बहस बहुचर्चित त भयो, तर निष्कर्षमुखी भएन । उनीहरूले सत्य वा स्थापित ठानेका दायराभित्र सीमित भएर अर्थात् पहिल्यै निर्धारित कित्ताकाटमा बाँधिएर शास्त्रार्थमा उत्रेका हुनाले उनीहरू आफ्ना आफ्ना व्यूहभित्र बाँधिए। कवि स्यामुएल टेलर कलरिज्ले प्रत्येक व्यक्ति जन्मदेखि नै या प्लेटोवादी, या त एरिस्टोटलवादी हुन्छ भनेर अति भावुकतामा अतिशयोक्ति व्यक्त गरेका मात्र हैनन्, कुनै वैचारिक किल्लामा आफूलाई बन्दी बनाएर त्यहाँभन्दा परको अर्को विकल्प छैन भन्ने दाबी गर्ने प्रवृत्तिको द्योतक उक्त मान्यता हो ।

भविष्यमा हुने कुनै पनि बहस पुँजीवाद र मार्क्सवादको दुई फक्लेटे बुद्धिविलासमै सीमित रहने हो भने त्यस्तो बहसले कुनै सार्थक परिणाम दिनेवाला छैन । बहसको मार्केटिङ्ग गरी भव्य बनाउने र पैसा कमाउने परिणाम त अवश्यै निक्लनेछ। पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिरका ज्ञान पद्धतिहरूको सम्मिलनबिना जतिवटा बहस आयोजना गरियोस्, ती सार्थक हुनेवाला छैनन् । अर्को उत्तिकै महत्त्वपूर्ण कुरा, के डेमोक्रेसी र क्यापिटलिज्म् एकअर्कासँग अवियोज्य हुन् भन्ने सवालमा प्रवेश गरी तिनीहरूको पृथक् अस्तित्वको अध्ययन नगरी सुखै छैन । कान्टले युरोपमा एन्लाइटन्मेन्ट एज भनिने समयमा भनेझैँ जान्ने दुस्साहस नगरी हुँदैन । जसका लागि आजको परिप्रेक्षमा पुँजीवाद र समाजवादको द्वैविध्यको सीमाबाट मुक्त हुनैपर्छ ।

शास्त्रार्थको प्रभाव समाजमा पर्छ कि पर्दैन ? अथवा दर्शन, सिद्धान्त, वादको तहमा हुने बौद्धिक कर्मको प्रभाव समाजमा पर्छ कि पर्दैन ? अवश्य पर्छ। सिमोन द बोउवार र अन्य अनेकौँ व्यक्तिहरूको चिन्तनधारा फेमिनिज्म् (Feminism) को प्रभाव हेरौँ । सिग्मण्ड फ्रायडकै कुरा गरौँ । एडम स्मिथ, कार्ल मार्क्स, म्याक्स वेबरकै प्रभाव हेरौँ। महात्मा गान्धीकै प्रभाव हेरौँ। हाम्रै स्थानबाट भन्नुपर्दा हामीचाहिँ सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, आधारशिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुष्टय (विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक, सहृदयताको सम्बन्ध) आदिलाई वैश्विक विमर्शमा प्रस्तुत गर्न सक्दा सार्थक प्रभाव पर्नेछ भन्ठान्छौं।

पुँजीवाद र मार्क्सवादले कसको सेवा गर्छन् ? तिनीहरूको विषाक्त असरको दुस्परिणाम के कस्तो छ ? एडम स्मिथ, म्याक्स वेबर, कार्ल मार्क्स र अन्य जो कोही पनि बहुतै प्रभावशाली विचारकका निष्कर्षले मानव समाजलाई कुनै प्रकरण विशेषमा पुऱ्याएको योगदानको नीरक्षीर विवेक गर्ने कि हामी मताग्रहहरूका कित्ताकाटको बन्दी बन्ने ? हो, तिनीहरूमा निहित राम्रा पक्षहरूलाई सह्राहना गर्नमा कुनै कन्जुस्याइँ गर्नु हुँदैन तर तिनीहरूको अतिव्याप्तिको पूर्वाग्रहबाट पनि मुक्त हुनै पर्छ। सर्वजनको कल्याण, मानवतावाद भन्दा पनि बृहत्तर सहृदयतावादको मानक अनुसारको प्रगति, समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, औद्योगिक एवं अन्य आयामका विकासको लागि अग्रसरताको संवाहक दर्शन, सिद्धान्त, वाद, विश्वदृष्टिकोण आजको युगको आवश्यकता हो। स्थितिगत्यात्मक प्रगतिवादको चिन्तन एवं विमर्श गर्दा यो युगीन आवश्यकताकै परिप्रेक्षमा गर्नु पर्छ।

व्यावहारिक तहमा उदाहरणार्थ भन्नु पर्दा, ए.आई. र यसले पार्ने सामाजिक, सांस्कृतिक, आर्थिक, नैतिक प्रभावबारे अनुसन्धान, चिन्तन, विमर्श गर्ने अवसर स्थितिगत्यात्मक प्रगतिवादको दायरामा मिलेन भने यो वर्तमान र निकट भविष्यका लागि सान्दर्भिक हुँदैन। साथै, के पनि ख्याल राख्नु पर्छ भने क्षणिक व्यावहारिक समस्याहरूका घेरोमा मात्र दर्शनलाई सीमित राख्नु हुँदैन। दर्शनले सम्बोधन गर्नु पर्ने कैयौं सवालहरू नित्यनवीन छन्। सांख्य दर्शनमा पुरुष र प्रकृतिको जुन चिन्तन छ, त्यो आज पनि सान्दर्भिक छ। वैशेषिक दर्शनले दिएको प्रमेय चिन्तन आज पनि सान्दर्भिक छ। जैमिनी, शबर, कुमारिलका परम्परामा उत्तरोत्तर विकास भएको जुन प्रमाण पद्धति छ, त्यो वर्तमान युगका लागि वाञ्छित पद्धति हो।

हाम्रोमा नैमिषारण्यमा ८८ हजार ऋषिहरू जम्मा भएका थिए रे। त्यसभन्दा प्राचीन कालमा जनकसभामा याज्ञवल्क्य, गार्गी, अष्टावक्र आदिका शास्त्रार्थका प्रसङ्ग पनि हामीलाई थाहा छ। गौतम बुद्धको देहावसानपछि विभिन्न समयमा भएका भिक्षु सङ्घका परिषद् (महाभेला)हरू पनि उल्लेख्य छन्। अर्वाचीन कालमा आचार्य शंकर, आचार्य कुमारिल भट्ट र अरू पनि अनेकौं विद्वत्जनले शास्त्रार्थमार्फत् बृहत्तर समाजको पुनर्जागरण गराएका उदाहरण हामीसँग छन्। हाम्रो यो क्षेत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिथिलाका राजाले दुई वा तीन शताब्दी पहिले गराएको सयौँ विद्वान्को भेला नै परम्परागत अन्तिम विद्वत्सभा होला।

वैदिक ऋषिहरूको परम्परामा वशिष्ठले स्थितिको र विश्वामित्रले गतिको प्रतिनिधित्व गर्नु हुन्छ। तसर्थ, वशिष्ठद्वारा वैदिक परम्पराको सनातन चरित्रको प्रतिनिधित्व हुन्छ र विश्वामित्रद्वारा नित्यनवीनताको प्रतिनिधित्व हुन्छ। वशिष्ठलाई अविच्छिन्नताका प्रतीक मान्न सकिन्छ र विश्वामित्रलाई प्रवर्तनका प्रतीक मान्न सकिन्छ। वशिष्ठद्वारा सन्तुलन र विश्वामित्रद्वारा प्रगति। आजको परिप्रेक्षमा, वशिष्ठलाई संस्कृतिको र विश्वामित्रलाई विज्ञान-प्रविधिको प्रतिनिधित्व गर्ने वैदिक ऋषिका रूपमा बुझ्न पनि सकिन्छ। कतिपय अवस्थामा वशिष्ठ र विश्वामित्रको बीचमा द्वन्द्व देखिन्छ, जसरी स्थिति र गति, सनातनता र नित्यनवीनता, अविच्छिन्नता र प्रवर्तन, सन्तुलन र प्रगति, संस्कृति र विज्ञान-प्रविधि आफ्ना मौलिक चरित्रवश परस्पर द्वन्द्वमा रहनु स्वाभाविक हो तर, द्वन्द्व त तिनीहरूका सम्बन्धको एक पाटो मात्र हो। अर्को पाटो उनीहरूको समन्वयको हो। वशिष्ठ र विश्वामित्र अन्ततोगत्वा सहृदयताको सम्बन्धमा जोडिएको कथाको तात्पर्य बुझौँ।

वशिष्ठ र विश्वामित्रको समन्वय, सहकार्य, सहृदयताको फल कस्तो हुन्छ ? दृष्टान्त हो - त्रेतायुगमा श्रीरामको कार्यकारी नायकत्वमा विकास भएको रामराज्य। रामराज्यको तात्पर्यसँग हामीलाई अहिले चासो छ, यो वास्तविक परिघटना थियो कि थिएन भन्ने विवादतिर निरपेक्ष रहेरै वा पश्चिममा थियोलजिकल् (Theological) भनिने मुद्दामा प्रवेश नगरीकनै। कल्पना नै हुँदा पनि कुनै मानक स्थापित भएको छ भने त्यो कहिले प्रतिमानका रूपमा र कहिले उपमानका रूपमा उपयोगी हुन्छ। वैज्ञानिक सत्ययुगका लागि उपमान त हुन्छ नि कम्तीमा पनि। यो परिप्रेक्षमा लिइएको हो यहाँ। सुखको नै प्रभुत्व भएको व्यवस्थाका रूपमा दिइएको संज्ञा हो। सत्ययुगको छवि पनि सुखको मानव आकाङ्क्षासँग जोडिएको छ भन्ने तथ्य हामीले वैज्ञानिक सत्ययुगको आधारशिला पुस्तकमै लिएका थियौँ। सुख, आनन्द, खुशीका लागि दार्शनिक अग्रसरता हुनु सही कदम हो।

यो युगमा हामीले वैज्ञानिकतायुक्त धर्म, धार्मिकतायुक्त विज्ञान भनी समन्वयात्मक मार्गको प्रवर्धन गरी वशिष्ठको र विश्वामित्रको परम्परालाई पुनः जोडेको हो। आधारशिला चतुष्टय (विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेक, सहृदयताको सम्बन्ध) भनी हामीले स्थिति र गति, सनातनता र नित्यनवीनता, अविच्छिन्नता र प्रवर्तन, सन्तुलन र प्रगति, संस्कृति र विज्ञान प्रविधि समन्वित गराएको हो। राज्यराष्ट्र पनि यो परिप्रेक्ष्यमा वशिष्ठको परम्परा र विश्वामित्रको परम्पराको समन्वयकै द्योतक हो। हिजो वशिष्ठ र विश्वामित्रको समन्वय, सहकार्य, सहृदयताको फलस्वरूप रामराज्य स्थापित भयो, अबको युगलाई हामीले वैज्ञानिक सत्ययुग संज्ञाले उदघोष गरेका छौं।

जति नै निरस लागोस्, तत्त्वविज्ञान वा तत्त्वमीमांसा (Metaphysics), सत्त्वमीमांसा (Ontology), ज्ञानमीमांसा वा प्रमाणविज्ञान वा प्रमाणमीमांसा (Epistemology), नीतिविज्ञान वा नीतिशास्त्र (Ethics), सौन्दर्यमीमांसा (Aesthetics) आदि सम्बद्ध विषयवस्तुमा प्रवेश गरेर चिन्तन, विमर्श, यथायथ नगरी दार्शनिक जिज्ञासाहरूको समुचित सम्बोधन हुन सक्दैन। तसर्थ स्थितिगत्यात्मक प्रगतिवादको सत्सङ्गमा पनि ती विषयवस्तुहरूको परिचर्चा अपरिहार्य छ। स्थितिगत्यात्मक प्रगतिवादको विमर्शको आधारशिला नै युगसापेक्ष चिन्तन हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : २

प्रमाण र प्रमेयको प्रारूप

अस्तिको एउटा घटनाबाट म जोड्छु, यहीं काठमाण्डौमा धेरै ठूलो सङ्ख्यामा मानिसहरूले जुलुस निकालेर विकासका नाममा सम्पदाको विनाश र पुराना बस्तीको विस्थापनका विरुद्धमा आवाज निकाले । अहिले मान्छेले विकास भनेपछि बुझ्ने भन्ने एकदमै चौडा सडक चाहियो, ठूल्ठूला घर चाहियो अनि नेपालमा त जलविद्युत्को धेरै कुरा हुन्छ, त्यसमा पनि एकदम ठूला जलविद्युत परियोजना चाहियो । जेमा पनि अति भीमकाय, दैत्याकार भयो भने मात्र विकास मान्ने । खोकनाको उदाहरण हामीले लियौं भने, एकै ठाउँमा यति धेरै वटा विकास भनिने परियोजनाहरू परेछन् कि त्यहाँका बासिन्दा त यो विकास र त्यो विकास भनेर जग्गा दिंदादिंदा सुकुम्बासी हुने अवस्था आयो ।

यहीं काठमाण्डौमा पनि ६ सय, ८ सय, १२ सय वर्ष पुराना मन्दिर पनि सडक चौडा गर्ने क्रममा जाने भयो । अथवा घरको कुराहरू हेऱ्यो भने सडकको मापदण्ड बन्नुभन्दा अगाडिका घर पनि जाने भए । अनि जो काठमाण्डौभन्दा बाहिरबाट आएका मानिसहरू हुन्छन्, उनीहरूलेचाहिँ "फराकिलो रोड चाहिन्छ", "सडकमा घर बनाउने हो त ?" क्षतिपूर्ति दिएकै छ नि, भन्नेजस्ता असंवेदनशील टिप्पणी गरेको पाइन्छ । तर अहिलेको जनसङ्ख्या हेरेर काठमाण्डौ, ललितपुर, भक्तपुर हेऱ्यो भने बहुत सुव्यवस्थित शहरहरू देखिन्छन् । यहाँ लिच्छवीकालदेखिको अविच्छिन्नता छ । उनीहरूले त्यो बेलामा कसरी सुव्यवस्थित शहर बनाउने भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार गरेर बनाएको संसारको निकै व्यवस्थित शहरहरूमध्येमा हाम्रा यी ३ शहरहरू पर्दछन् तर त्यसमा अन्य व्यवस्थापकीय कमजोरी, अनियन्त्रित किसिमको बसाइसराई, नयाँ बस्ती र पुरानो बस्तीबीचको अन्तरसम्बन्ध के हो ? र कसरी पुरानो बस्तीहरूलाई जोगाएर नयाँ बस्ती बसाउने हो भन्ने कुराहरूको व्यवस्थापन गर्न नजानेका कारण किचाघान भयो। अनि त्यो किचाघानमा यसरी पो हुन्छ कि भनेर तोडफोडमूलक विकासको परिभाषा लिएर आएपछि त पहिलेदेखि बसिरहेका व्यक्तिहरूले हेर्ने र नयाँले हेर्ने कुरा त मिल्दैन। उसले हेर्दा त ऊ पुस्तौंपुस्तादेखि बसिरहेको छ र कति जनाको त जहाँनेर अहिले घर छ त्यसबाहेक अर्को जग्गा छँदै छैन। क्षतिपूर्ति नै दिए तापनि आफ्नो टोलभन्दा बाहिर जाने भइसकेपछि जात्रा, पर्व, संस्कार आदिबाट बाहिर परियो र अर्को त्यति पैसाले नयाँ जग्गा/घर आउँछ कि आउँदैन भन्ने पनि अर्को चुनौतीको कुरा रहन्छ। अनि त उसले हेर्ने उस्तै दृष्टिकोण हुँदैन।

संसारमा धेरै देशमा देखिन्छ कि कसरी स्थितिको पक्ष, जुन पहिल्यैदेखि अविच्छिन्न आइरहेको पक्ष र परिवर्तन वा गतिको पक्ष , त्यसलाई कसरी समाधान गर्ने भन्ने मेसो नपाउँदा ठूलाठूला द्वन्द्व भएका छन् । यहाँको रैथाने समुदायले विकासलाई जसरी बुझेका छन् र शासनप्रशासनमा रहनेहरूले जसरी बुझेका छन् त्यसमा आकाशजमिनको अन्तर छ। हाम्राजस्ता देशमा जसको अलि लामो परम्परा छ, त्यसको राम्रो पक्ष भनेको त्यहाँ बडो उन्नत सभ्यता हुन्छ। त्यो सभ्यताको राम्रा पक्षहरू सिक्दा अहिले र भविष्यलाई पनि अगाडि बढ्नको लागि धेरै पाठहरू पढ्न सकिन्छ। तर यसको नराम्रो पक्ष भनेको कूपमण्डूक हुनसक्ने सम्भावना रहन्छ। खास गरी कुनै पनि कुरालाई आस्थामा लगेर जोडियो भने। हाम्राजस्ता देशहरूमा कुनैपनि कुरालाई आस्थामा लगेर जोडियो भने मान्छेले त्यसको प्रतिरक्षा गर्ने, त्यो भनेको राम्रै हो भन्ने, बढो ढिपी गर्ने र अन्धभक्ति प्रस्तुत गर्ने सम्भावना धेरै रहन्छ। राजनीतिमा हेर्‍यौं भने नेपालमा कतिपय मानिसहरू म त हजुरबुबाको पालादेखि फलानो पार्टीमा लाग्या अथवा यति वर्ष भइसक्यो फलानो पार्टीमा लागेको अरू पार्टीमा कसरी भोट दिने भन्ने गरेको पाइन्छ तर त्यसले स्थितिको पाटो आवश्यकभन्दा बढी स्थिर रहेको हुनाले, त्यहाँ गति आउन नसकेको हुनाले त्यसले समाजलाई अहित गर्दछ। नेपालको अहिलेको परिस्थिति हेर्‍यो भने जो शासन सत्तामा रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, नेपालको अहिलेको दुर्दशा र अव्यवस्था हेर्दा त मान्छेहरूले आजको आजै बढारेर इतिहासको कसिँगरको रूपमा फाली सक्नुपर्ने हो । तर फाल्नेवाला छैनन् किनभने, त्यो स्थितिको पाटो यति कडा छ कि त्यहाँ गति आउन सकेको छैन ।

अर्कोतर्फ, गति भयो वा नयाँ चिज पाइयो भन्दैमा के चिजलाई अँगाल्ने र केलाई नअँगाल्ने भन्ने कुराको निर्णय गर्न सकेन भने बडो समस्या पर्दछ । स्थितिगत्यात्मक प्रगतिवादको चिन्तन गर्नुपरेकै यी यावत् कुराहरूको समाधानका लागि हो तर सँगसँगै बुझ्नुपर्ने कुरा भनेको सबै कुराको अन्तर्यमा सैद्धान्तिक तथा दार्शनिक कुराहरू नै हुन्छन् । कुनै पनि सिद्धान्त, नीति र दर्शनको सार्थकता भने त्यसको व्यावहारिकता, प्रायोगिकता र आनुभविकतामै रहेको छ । त्यसो भएकाले ढिलो वा चाँडोको कुरा हो, स्थितिगत्यात्मक प्रगतिवाद हाम्रो समाजमै लागू भएर मानिसहरूले कि त पुँजीवादी दृष्टिकोण कि मार्क्सवादी समाजवादी दृष्टिकोणमा रहेर राज्यको सञ्चालन, अर्थतन्त्रको सञ्चालक एक किसिमले गर्न खोजेको, शिक्षा-संस्कृति र समाजतन्त्रमा काम गर्न खोजेको तरिका भन्दा यसले के मौलिक तरिका ल्याउँछ र अन्ततोगत्वा मानिसलाई सुख कसरी दिन्छ भन्ने कुरा प्रधान हो । किनभने, सिद्धान्तको लागि समाज कि समाजका लागि सिद्धान्त अथवा सिद्धान्तका लागि व्यक्ति कि व्यक्तिका लागि सिद्धान्त भन्ने कुरा बारम्बार चलिरहेको विवाद हो । असल सिद्धान्त पनि देश, काल अनि परिस्थितिअनुसार फरक हुन्छ । स्थितिगत्यात्मक दृष्टिकोण राखेरै हेर्‍यो भने कुनैबेला धेरै काम गरेको सिद्धान्त अर्को बेलामा काम नगर्न सक्छ । एउटा देशमा लागू भएको कुरा अर्को देशमा लागू नहुन सक्छ तर निश्चित परिवेशमा जबसम्म एउटा सिद्धान्तको निक्योंल हुँदैन त्यस बेलासम्म चाहिँ सिद्धान्त निर्माण गर्ने अनि त्यो निर्माण गर्नेले समाजलाई हेर्ने हो । यो समाजको हित कसरी गर्न सकिन्छ भनेको हुनाले समाजका लागि सिद्धान्त लागू हुन्छ । जुन दिन सिद्धान्त निर्माण हुन्छ, सिद्धान्त निर्माण भइसकेपछि सिद्धान्तले मूलतः चार वटा कुरा गर्छ । पहिलो, कुनैपनि परिघटनाको परिभाषा दिन्छ । दोस्रो चरणमा त्यसको व्याख्या गर्छ । यो किन यसरी हुने हो भन्ने बताउँछ । यदि त्यो कारण-कार्य सम्बन्धको हो भने त्यसमा कारण र असर के के हुन् भन्ने पनि व्याख्या गर्छ । तेस्रो, यसले आँकलन गर्न सक्छ । अब के हुन्छ भन्ने बताउँछ । जस्तै, सोडियम र क्लोरिन एउटा निश्चित तापक्रम र चापमा मिसायो भने सोडियम क्लोराइड बन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने ढुक्कै साथ भन्न सकिन्छ। त्यसैले एक किसिमको सुनिश्चितता पनि दिन्छ। प्रकृतिमा जस्तो समाजमा चाहिँ ठ्याक्कै उस्तै हुन गाह्रो छ। किनभने यो छिटोछिटो परिवर्तन हुन्छ र धेरै वटा हस्तक्षेपकारी पाटाहरू अथवा इन्टरभेनिङ भेरिएबलहरू (Intervening Variables) हुन्छन् तर पनि एउटा प्रवृत्तिचाहिँ यता पनि भन्न सकिन्छ। अन्तिममा, त्यसलाई नियन्त्रण तथा नियमन गर्न सकिन्छ।

जुन दिन सिद्धान्त स्थिर हुन्छ, स्थिर भइसकेपछि त्यो सिद्धान्तको अनुयायी कोही बन्दछ भने त्यस अवस्थामा चाहिँ उसको कर्तव्य सिद्धान्तका लागि समाज अथवा सिद्धान्तका लागि व्यक्ति भन्ने हुन्छ। जसलाई पश्चिममा पनि कान्टजस्ता दार्शनिकहरूले क्याटागोरिकल इम्पेरिटीभ भनेर त्यही कुराको व्याख्या गरेका हुन् भने हाम्रोमा पनि मीमांसा दर्शनकै कुरा गऱ्यो भने सुरुमा अथातो धर्मजिज्ञासा, त्यसपछि चोदना लक्षणोऽर्थो धर्मः भनिएको छ। धर्मको निरूपण गरेर व्यक्तिगत जीवनमा, अभ्यासमा, व्यवहारमा, प्रयोगमा ल्याउने कुरा गरियो। आधुनिक दर्शनशास्त्रको भाषामा यसलाई डिओन्टोलोजिकल (Deonotological) दृष्टिकोण भनिन्छ। यो पाटोबाट हेऱ्यो भने फेरि सिद्धान्तका लागि व्यक्ति अथवा सङ्गठन पनि हुन्।

आज हामीले जुन कुराको चर्चा गर्दै छौं, प्रमाण पद्धतिबाट सुरु गर्न लागेको हुनाले ज्ञानात्मक (Epistemological) कुरा हो। जसलाई ज्ञान-मीमांसा वा प्रमाण-विज्ञान वा प्रमाण-मीमांसा भनिन्छ। त्यसैसँग जोडिएर प्रमाता, प्रमाण र प्रमेय आउँछन्। प्रमेय भनेको त पदार्थ अथवा वस्तु अथवा ज्ञेय हो, त्यो चाहिँ ओन्टोलोजिकल (Ontological), सत्त्व-मीमांसासँग सम्बन्धित कुरा पनि हो। दर्शनका अहिलेको भाषामा, अहिलेको वर्गीकरणानुसार विभिन्न शाखाहरू छन्, ती एक भन्दा बढी शाखाहरूसँग सम्बन्धित कुराहरूको पनि यहाँ प्रसङ्ग आउनेछ। खास गरी मेरो आफ्नो अनुसन्धान र निष्कर्षमा पुग्दामा हामीले ६ वटा प्रमाणहरू रहेको जुन प्रमाण पद्धति हो त्यसलाई स्वीकार गरेका छौं। जसमा छन् प्रत्यक्ष, अनुमान, शब्द, उपमान, अर्थापत्ति र अनुपलब्धि। प्रत्यक्षलाई अङ्ग्रेजीमा पर्सेप्सन (Perception) भनेर उल्था गर्ने गरिएको छ। अनुमानलाई इन्फेरेन्स (Inference), शब्दलाई वर्ड (Word) वा भर्बल टेस्टिमोनी वा टेस्टिमोनि (Verbal Testimony or Testimony) मात्र भनेर उल्था गरिएको पाइन्छ। उपमानलाई हामी कम्प्यारिजन (Comparison) र एनालोजि (Analogy) सँग मिल्दो भन्न सक्छौं। अर्थापत्ति भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिँ पोस्टुलेसन अथवा डेरिभेसन फ्रम सर्कम्स्ट्यान्सेस (Postultion or derivation from Circumstances) । छैटौँमा अनुपलब्धि, नन्-पर्सेप्सन (Non-perception) अथवा निगेटिभ वा कग्निटिभ प्रुफ (Negative of Cognitive Proof) । प्रमा भनेको प्रामाणिक ज्ञान हो । अनि त्यो ज्ञान कसरी प्राप्त हुन्छ भन्ने वा त्यसको साधन वा विधि प्रक्रिया प्रमाणसँग सम्बन्धित छ । के को ज्ञान हुन्छ त ? भन्ने चाहिँ प्रमेयसँग सम्बन्धित छ । जति पनि हामीले देखिरहेका कुराहरू र यसमा विभिन्न मतअनुसार नदेखिएका (Tangible and Intangible) दुईटै कुराहरू जसका बारेमा ज्ञान हासिल गर्नुछ त्यसलाई प्रमेय भन्छौँ ।

ज्ञान कसरी हुन्छ, के का बारेमा ज्ञान पाउने हो भन्नेमै विभिन्न दर्शनहरूको आफ्नोआफ्नो मत छ । धेरैजसो मान्छेहरू विभिन्न गूढ दार्शनिक चिन्तन भइसकेपछि मथिएका कथनहरूको आधारमा त्यो सिद्धान्तको आफूलाई अनुयायी मानेका हुन्छन् तर त्यस कथनसम्म पुग्नको लागि किन समाजमा भएको एउटै परिघटनालाई मार्क्सवादीले अर्कै तरिकाले भन्छ तर चाहिँ कन्फ्यूससलाई मान्नेले अर्कै तरिकाले भन्छ अथवा हाम्रोमा हेर्‍यो भने पनि त्यसैलाई साङ्ख्य दर्शनवाला अर्कै तरिकाले भन्छ, बौद्ध दर्शनवालाले अर्कै तरिकाले भन्छ । फेरि पौराणिकमा आइसकेपछि फरक पर्न जान्छ । कसरी भन्दछ भन्ने कुरामा फरक पर्ने कारण भनेको त्यसको प्रमाणपद्धति के लिएको छ र कसरी अगाडि बढ्छ भन्ने कुरामा जोडिएको छ । अघि हामीले भनेका ६ वटामध्ये प्रत्यक्ष चाहिँ नामानुसारै यो हाम्रा इन्द्रियहरूबाट प्राप्त हुने ज्ञान हो । त्यसबाहेकका बाँकी ५ वटा भने परोक्ष ज्ञानका साधनहरू हुन् । विभिन्न दर्शनहरूलाई हेर्‍यो भने लोकायत वा चार्वाक दर्शनले जम्मा एक प्रमाणलाई मात्र मान्दछ । त्यसले प्रत्यक्ष प्रमाण मात्र मान्दछ । अहिलेको आधुनिक विज्ञानको पनि एक्ट्रीमिस्ट समूह छ, उनीहरूले चाहिँ यसै प्रत्यक्ष प्रमाणलाई मात्र मान्दछन् । Quantitative Worldview (Worldview First भनेर पछिको सन्दर्भमा भनियो) ले हर कुरो वस्तुनिष्ठ हुनुपर्छ, गणनात्मक हुनुपर्छ र सत्य भनेको चाहिँ बाहिर परीक्षण गर्न सकिन्छ, व्यक्तिपरक होइन, विषयनिष्ठ होइन, वस्तुनिष्ठ हो र सत्यको परीक्षणचाहिँ उपकरणहरूबाट गर्न मिल्छ भनेर मान्ने । त्यति मात्र होइन कि त्यसरी मिल्छ पनि भन्दाखेरीमा त सत्यको विभिन्न आयामहरू त्यसरी उद्घाटित भएको ठीकै हुन्थ्यो, त्यसबाहेक अर्को बाटै छैन भन्ने खालको आग्रह थियो कुनै बेला । जसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिममा मोडर्निष्ट पिरियड (Modernist Period) भनिन्छ, त्यो बेलाको सिद्धान्त हेर्‍यो भने जहिले पनि एब्स्युलुट ट्रुथ (Absolute Truth)को कुरा गरिन्छ। यो मात्र हाइन कि त्यससम्म पुग्ने साधन पनि एउटा मात्र हुन्छ भनेर ठोकुवा गर्ने पद्धति हुन्छ। हाम्रो यतापट्टि चार्वाक् दर्शनको प्रसिद्ध श्लोकमा प्रसङ्ग आउँछ, 'यावद् जीवेत् सुखी जीवेत्; ऋणं कृत्वा घृतम् पिवत्, भष्मीभूतस्य देहस्य पुनरागमनं कुतः?' भनेको जसरी तसरी हुन्छ बहुत आनन्दले जीवन बिताउनुपर्छ। यहाँ घिउलाई उदाहरण दिइएको छ, ऋण गरेरै भए पनि घिउनै पिउनुपर्छ। आजचाहिँ जसरी भएपनि ब्राण्डेड लुगा लाउनुपर्छ, जसरी भएनि घर गाडी जोड्नुपर्छ, आफ्नो राजनीति प्रयोग गरेर जसरी तसरी हुन्छ सरकारी अथवा सामुदायिक जग्गा लुटे हुन्छ, अरूका सन्तानलाई बुर्जुवा शिक्षा भनेर बन्दुक बोकाउने अनि आफ्नालाई विदेश पढ्न पठाउने जस्ता कुराहरू चार्वाक दर्शनकै बिस्तार हो। पश्चिममा हेरियो भने मार्क्सवाद। हुनचाहिँ इम्पेरिसिजम (Empiricism) भनेर विज्ञानलाई भनियो, त्यो पनि सुरुमा एउटा बेलामा चर्चसँग विद्रोह गर्नुपरेको थियो। चर्चले अज्ञेयवाद अथवा ईश्वर (Theology)प्रधान मानेको हुनाले त्यसको विरुद्ध आउनुपर्दा उत्तिकै प्रतिक्रिया हुनुपर्‍यो, त्यसो भएको हुनाले यस्ता धेरै कुराहरूको वैज्ञानिकहरूले पनि विरोध गरेको पाइन्छ। तर पछिल्लो चरणमा हेर्‍यो भने चाहिँ विज्ञानले पनि, खासगरी आइन्सटाइनको बेलादेखि नै जब रिलेटिभिटि (Relativity)को कुरा आयो, त्यसपछि टेस्लालाई हेर्‍यौं भने कुनै आध्यात्मिक ऋषिभन्दा कम छैनन् उनी। त्यहाँ पनि अर्कै पद्धति सुरु भइसक्यो।

मार्क्सवादलाई दार्शनिक रूपमा हेर्‍यो भने चाहिँ उनीहरू अहिलेसम्म पनि प्रत्यक्ष प्रमाणबाहेक अरूलाई मान्नु हुँदैन भनिरहेका छन्। शास्त्रीय रूपमा मार्क्सवाद मान्ने हेर्नु भयो भने जहिले पनि पदार्थ प्रधान हो भन्दछ। चेतना पदार्थमै आएको एउटा विकास हो वा रियाक्सन (Reaction)बाट हुने चिज हो भन्ने मान्दछ र प्रत्यक्ष प्रमाणबाहेक अरू कुरालाई मान्दैन भन्ने कुरा हामीले हेर्नुपर्‍यो। त्यसपछि, वैशेषिक दर्शन छ हाम्रोमा। धेरै नै पुरानो दर्शन हो। क्रमैले साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त भन्ने चलन छ। वैशेषिक दर्शन र बौद्ध दर्शनले २ वटा प्रमाणलाई मान्दछन् - प्रत्यक्ष र अनुमान। अनुमान भनेको अङ्ग्रेजीको गेस (Guess) होइन। भएका प्रमाणहरूको आधारमा अब यस्तो देखिन्छ भनेर अर्थापन गरेर ल्याउने कुरा हो। साङ्ख्य र योग दर्शनलाई हेर्‍यो भने यिनीहरूले प्रत्यक्ष, अनुमान र शब्दलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रनि मान्दछन् । कहीं त्यसलाई आगम भनेर पनि राखेको देखिन्छ । तसर्थ, ३ वटा प्रमाणमा उनीहरू पुग्दछन् । न्याय र जैन दर्शनमा पुग्दा ४ प्रमाणलाई मानिन्छ । प्रत्यक्ष, अनुमान, उपमान र आगम अथवा शब्दलाई मानेका हुन्छन् । मीमांसा दर्शनमा ६ वटा प्रमाणलाई मानिन्छ । जसलाई अगाडि नै चर्चा गरिसकिएको छ । मीमांसाको प्रमाणपद्धतिलाई हुबहु वेदान्तले पनि मानेको छ । त्यसो भएको हुनाले दर्शनशास्त्रमा (खास गरी जसलाई आज Epistemology भनिन्छ) कुमारिल भट्टको योगदान अद्वितीय छ र कुमारिल भट्टले जुन तहसम्म इपिस्टिमोलोजिकल चिन्तनलाई पुऱ्याउनु भयो त्यसमा थपिएको छैन । पश्चिमले थाहा पाउँदा कुमारिलको भन्दा पनि शंकराचार्यको भनेर थाहा पायो । शङ्कराचार्य अद्वैतवेदान्ती भएको र पश्चिमचाहिँ मोनोथेयिस्टिक (Monotheistic) धर्म मान्ने भएको हुनाले कतिपय कुराहरू उनीहरूलाई उस्तै संरचना भएको हुनाले बुझ्न सजिलो हुन्छ ।

पौराणिकहरूले ऐतिह्य र सम्भव (ऐतिह्य भनेको इतिहासमा यस्तो भएको थियो भन्ने सुनेको भरमा र सम्भव भनेको भविष्यमा यस्तो हुनसक्ला भन्ने) लाई पनि मान्नुपर्छ भन्ने गर्दछन् । तर दार्शनिक रूपमा हेर्ने हो भने प्रमाण विज्ञानमा जे-जे अवयवहरू चाहिने हो त्यसरी विस्तारित चिन्तन नभएको हुनाले अहिलेसम्ममा सबैभन्दा विकसित प्रमाणपद्धति भनेको मीमांसाको प्रमाणपद्धति नै हो । मीमांसा भन्ने बित्तिकै पूर्वमीमांसा र उत्तरमीमांसा दुईटैले मान्दछन् । जसमा पर्छन् पर्सेप्सन, इन्फेरेन्स, वर्ड, कम्प्यारिजन वा एनालोजी, पोस्टुलेसन र नन् पर्सेप्सन । अर्थात् प्रत्यक्ष, अनुमान, शब्द, उपमान, अर्थापत्ति र अनुपलब्धि । यो ६ वटा प्रमाणहरू अथवा मिन्स अफ नलेज (Means of Knowledge)लाई मान्ने जुन पद्धति हो त्यो प्रमाणविज्ञानको इपिस्टिमोलोजिको सबैभन्दा विकसित सिद्धान्त हो ।

प्रमाण त एउटा पाटो हो । प्रमाणले कसरी ज्ञान हासिल गर्ने साधनको कुरो भयो तर ज्ञान हासिल गर्ने के का बारेमा त भन्नेमा पनि धेरै चिन्तन भएको छ । सजिलो रूपमा हेरौं न, जस्तो, "बाहिर नजाऊ है बाबु" "किन ?" "भूत आउँछ" । अब भूत छ कि छैन त ? भूत भनेको के हो ? यी आफैँमा ठूलो सैद्धान्तिक प्रश्नको कुरा हो । जसले प्रत्यक्षप्रमाण मात्रै मानेको छ उसले हेर्दा त त्यस्तो भूत त देखेको छैन । भनेपछि उसले के भन्छ - भूत हुँदैन, यो अन्धविश्वास हो । धेरै जनाले संसारमा भूत हुँदैन भनेर काम गरेका छन् । साँच्चै नै उनीहरूमध्ये धेरैको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगदान केमा पनि छ भने, जुन कुराहरू पहिला भूतले गर्ने भन्ने ठानिएको थियो त्यो भूतले नभएर शरीरमै उत्पत्ति हुने विकृतिहरूको कारणबाट हुने रहेछ भन्ने आयो। जस्तै : भोजनमा हुने वैरोध्य। नमिल्ने किसिमको खाना सँगसँगै खान नहुने रहेछ भन्ने कुरा आयो। कतिपय चाहिँ हेराइमा हुने समस्या, जस्तो मरुभूमिमा हुने दृष्टिभ्रम मिराज (Mirage) जस्तै अरूबेला पनि भ्रम हुने। कतिपय कुराहरू चाहिँ मानसिक रोगसँग सम्बन्धित हुने कुराहरू प्रमाणित भइसक्यो। तर कतिपय भने भूत हुन्छ भनेर कयौँ त्यसरी रोग लाग्यो भनेर उपचार गरेर चलिरहेको पद्धति पनि छ। हाम्रामा धामीझाँक्रीको पद्धति छ। धामीझाँक्रीलाई यहाँ पूरै अन्धविश्वास हो भनेर बदनाम गराएर त्यसलाई सिध्याउनुपर्छ भनेर लागिरहेको बेलामा फेरि पश्चिमबाटै सामानिजम (Shamanism) भनेर त्यसैको अनुसन्धान गरेर त्यसमा पनि यी यी कुराहरू त काम लाग्ने रहेछन् भनेर कतिपय पश्चिमकै अस्पतालमा समेत एउटा विभागमा सामानिजम्को थेरापिस्ट राखेरै काम गरिरहेको सुनिएको छ।

त्यसमा के पाटो छ, छैन भन्ने कुरामा यो कस्तो मान्यता लिन्छ भन्ने कुराले धेरै फरक पार्छ। हामी यसभन्दा अगाडि बढेर हेर्‍यौँ भने जस्तो नेपालमा चर्चामा आयो भारतमा पनि आयो - नदीहरूको प्राकृतिक प्रश्रवणलाई यताउता परिवर्तन गरेर विकास परियोजना अगाडि बढाउने भनेर भारतमा आयो, हाम्रामा पनि कालीगण्डकीलाई डाइभर्सन परियोजना भनेर त्यसलाई लगेर तिनाउमा मिसाउने भनेर आयो। के हुन्छ त भनेर, एकखालकाले चाहिँ यसबाट यो-यो फाइदा हुन्छ भनेर फाइदाको गणना गरिरहेको अर्काले चाहिँ बेफाइदाका कुरा गरिरहेका छन्। यो संसारमा जहाँतहाँ हुन्छ। निजगढमा जब एयरपोर्ट बनाउने कुरा आउँदा कति हजार वा लाख रुख काटिन्छन् भन्ने कुरा आयो अनि त्यो रुख काट्नु ठीक बेठीक भनेर त्यहाँ तर्क आयो - "विकास भने पछि काटिइहाल्छन् नि, त्यति पनि नगरी विकास हुन्छ त, त्यसो भएको हुनाले रुखरुख भनेर समातेर बसेर हुन्न" भन्ने एउटा पक्ष भयो। अर्कोचाहिँ यो विकासको नाममा हामीले विनाश गर्नु हुँदैन, त्यत्रो चारकोशे झाडी थियो बाँकी भनेकै अलिकति छ त्यो पनि सिद्धयाउने हुँदैन भनेर आयो। यी फरकफरक मान्यता, फरकफरक विश्वदृष्टिकोणको कुरा हुन्। एक पक्षमा अहिले बाँचिरहेको मान्छेलाई सहज हुन्छ, सुविधा हुन्छ, त्यहाँबाट राज्यलाई कर पनि धेरै आउँछ भने जे गर्दा पनि हुन्छ। जतिसुकै बस्ति डुब्दाखेरि पनि हुन्छ अथवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलादेखि खेतीपाती गरिरहेको ठाउँमा नदी पुऱ्याईदिए पनि हुन्छ। त्यहाँ त हामीले थाहा नपाएका कैयौँ प्राणीहरू होलान् जो हजारौँ हजारौँ वर्षदेखिको प्रश्रवण क्षेत्र भएको हुनाले कसरी उनीहरू बाँचिरहेका छन् भन्ने कुरा त हामीलाई थाहा छैन सबै कुरा त। उनीहरूको दृष्टिकोणबाट अब हेर्ने कि नहेर्ने भन्दा कसैले यस्ता कुरा कोरा भावुकता भन्देला। कसैले तिमीचाहिँ यो विकासको नाममा पागल भइरहेका छौ र त तिमीलाई नैतिकताको ख्यालै छैन भन्देला। कम्तीमा हामी के देख्छौँ भन्दा कुनै कुराहरूलाई कुनै परिघटनालाई मान्छेले कसरी व्याख्या गर्छ, कसरी हेर्छ भन्नेमा फरक पर्दो रहेछ। त्यो फरक उसको दार्शनिक चिन्तन, दृष्टिकोण, सिद्धान्तमा निर्भर गर्दछ। फेरि सबैले त्यो कुरा थाहा पाएकै हुन्छन् भन्ने छैन। उसले जुन निश्चित किसिमको विश्लेषण गर्दछ, यो विश्लेषण मैले फलानो दर्शनको अनुयायी भएको कारणले गरेको हुँ भन्ने थाहा पाउँछ भन्ने केही निश्चितता छैन। त्यो स्वतः सहजबुद्धि जस्तो बनेर आइरहेको हुन सक्छ। तर, कतिपय रोगहरूमा विद्युतीय झट्का दिएपछि ठीक भएझैँ उसलाई पनि वैचारिक झट्का दिएपछि एउटै लर्कोमा हिँडिरहेको व्यक्तिमा परिवर्तन आउने सम्भावना पनि छ। खास गरी नेपालजस्ता देशहरूको सन्दर्भमा हेर्‍यौँ भने वैचारिक झट्काको धेरै आवश्यकता देखिन्छ।

यो के सन्दर्भमा आएको थियो भने प्रमेय केलाई मान्ने भन्दा पदार्थवादी हो भने सबै कुरालाई पदार्थकै दृष्टिकोणबाट हेर्नु पऱ्यो। अब उनीहरूले भने जस्तो चेतनावादी भए चेतनाको दृष्टिकोणबाट हेर्नु पऱ्यो। हाम्रोमा पदार्थ र चेतनाको द्वैविध्यको दुई फक्लेटे चिन्तन गर्नु नपर्ने भएको हुनाले त्यो समस्या होइन। उदाहरणको लागि प्रमेयमा कुमारिल भट्टलाई लियौँ भने ५ वटा कुराहरूलाई चाहिँ उनले प्रमेयको रूपमा लिएका छन्। अथवा यो संसारभरिको यो दृश्यमान जगत् र अदृश्यमान जगत्को सबै कुराको ५ वटा वर्गीकरण उनले गरेका छन्। पहिलोलाई द्रव्य भनिएको छ। दोस्रोलाई जाति अथवा सामान्य भनिएको छ। तेस्रोलाई गुण भनिएको छ। चौथोलाई कर्म भनिएको छ र पाँचौलाई अभाव भनेर भनिएको छ। द्रव्य भनेको अङ्ग्रजीमा सब्स्टान्स (Substance) अथवा इनटाइटि (Entity) भनेर भन्न सकिन्छ। जाति अथवा सामान्य भनेको चाहिँ अङ्ग्रजीमा भन्दा जनरा (Genra) वा क्लास (Class) पनि भन्न सकिन्छ। The notion of generality which is present in the several individual objects of the same kind। पश्चिममा पनि यसको धेरै चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। जस्तो प्लेटोले चर्चा गर्दा क्याटनेस र क्याट (Catness & Cat) गरेका छन्। क्याटनेस बुझ्यो भने क्याट बुझिन्छ। त्यस पछाडि गुण भनियो भने ठ्याक्कै त्यही अर्थमा होइन तर करिबकरिब नजिक अङ्ग्रजीमा भन्दा क्वालिटी (Quality), पेकुलियारिटी (Peculiarity), एट्रिब्युट (Attribute) वा प्रोपर्टी (Property) भनेर बुझ्न सकिन्छ। कर्मलाई एक्सन भनेर गऱ्यो भने एकदमै त्यो अति सामान्यीकृत खालको उल्था हुन्छ। त्यसैले कर्मचाहिँ कर्म भनेरै बुझ्दा राम्रो हुन्छ। पछि यसको व्याख्या आउनेछ। अनि अभाव भने पछि नन-एग्जिस्टेन्स (Ontological) वा नन-पर्सेप्सन (Epistemological) भन्नुपऱ्यो। यतिलाई हेर्दा यो प्रमेय हो र यसैबाट सारा संसार जान्न सकिन्छ भन्ने कुरा हो।

शब्दको अर्थ र सन्दर्भले के बुझाउँछ भन्ने धेरै ख्याल गर्नु पर्ने हुन्छ। द्रव्य ११ वटा हुन्छन् भनेर आचार्य कुमारिल भट्टले पहिचान गर्नु भएको छ। ती हुन् - पृथ्वी, जल, तेज, वायु, आकाश, तमस्, काल, दिक्, आत्मा, मन र शब्द। पृथ्वी, जल, तेज, वायु, आकाशलाई चाहिँ पञ्चमहाभूत भनेर बारम्बार चर्चा गरेको पनि हामी सुन्छौँ। आधुनिक भौतिकशास्त्रकै शब्दावलीका आधारमा यसलाई बुझ्न खोज्नु चाहिँ हुँदैन। यसलाई आफ्नै सन्दर्भमा हेर्नुपर्छ तर पनि एउटा पद्धतिबाट व्याख्या गर्न खोज्दा के भनिएको हो भने यी पाँचवटा आधारभूत द्रव्य छन्। यसका आधारमा दृश्यमान जगत् (Tangible World) बुझ्न सकिन्छ।

अझै सूक्ष्मतामा जाँदा उद्दालक आरुणी र उनका छोरा श्वेतकेतुले कसरी प्रयोग र पर्यवेक्षण (Experiment & Observation)को तरिका प्रयोग गरे भन्दा एटम, प्रोटोन, इलेक्ट्रोन, पोजिट्रोन, न्युट्रिनो आदि इत्यादि हुँदैहुँदै अब हिग्स-बोसोन पार्टिकलसम्म अनुसन्धान पुग्यो। त्यसै गरी जबसम्म भेटिँदैन तब सम्म नेति नेति, चरैवेति चरैवेति खोज्दै जान पर्छ भन्ने पद्धति छ। वैशेषिक दर्शनमा त कणादले विशेष भन्ने पदार्थ मान्दछन्। त्यही भएर त्यो दर्शनको नाम नै वैशेषिक भयो। अहिलेको एटमिक थ्योरी (Atomic Theory) सँग मिल्दो सिद्धान्त त्यहाँ प्रतिपादित भएको छ भन्ने कुराचाहिँ ख्याल गर्न सक्छौँ तर सँगसँगै हाम्रामा त के हो भने ? यो जगत् त आधिभौतिक, आधिदैविक अनि आध्यात्मिक पनि मानिएको छ। शरीरकै कुरा गऱ्यो भने पनि स्थूल शरीर, सूक्ष्म शरीर अनि कारण शरीर पनि मानिएको छ। त्यसो भएको हुनाले उनले द्रव्यमा चाहिँ पृथ्वी, जल, तेज, वायु, आकाश मात्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखेर पुगेन। नपुगेको हुनाले अब त्यहाँबाट अगाडि गएर तम, काल, दिक्, आत्मा, मन र शब्द सम्म पुग्यो।

शब्दविचार हाम्रो दर्शनशास्त्रमा बारम्बार आउँछ। यो प्रमाणको रूपमा अनि प्रमेयको रूपमा पनि आउँछ। यसको कारण के हो भने शब्दको स्वतन्त्र अस्तित्व छ भन्ने मानिनुका साथै शब्दको प्रयोग ज्ञानको साधनको रूपमा पनि हुन्छ भन्ने पनि मानिन्छ। अहिले प्रकाशलाई पनि हामीले हेऱ्यौं भने प्रकाशको आफ्नै अस्तित्व छ। अनि प्रकाशको कारणले अरू चिजलाई देखिन्छ। यस्तोसम्म आइसक्यो कि कस्तो यात्रामा प्रकाश पनि बाङ्गिन्छ भन्ने अनुसन्धान छ। भन्नाले प्रकाश आफैँमा पनि अति सूक्ष्म पदार्थ हो भन्नेमा पुगेको अवस्था छ। त्यस्तै कतिपय कुराहरू जुन हामीले अहिले तत्काल यहीं बसेर देखाउन देख्न नमिल्ने कुराहरूलाई पनि ११ द्रव्यको अन्तरगतमा राखिएको छ। त्यस्तै जाति भनेको वर्गीकरणमा पर्ने सबै वस्तुमा रहने सामान्य गुण (Generality) हो। आधुनिक विज्ञानको अध्ययन गर्दा खेरिमा पनि स्तनधारी (Mammal) भन्दा त्यसका साझा गुणहरू के हुन् त भनेर जुन पढिन्छ त्यो खालको कुरा हो र, त्यो सामान्य गुणहरू थाहा पायो भने त्यसको आधारमा विशेष थाहा हुन्छ। भन्नाले एउटा हात्ती र संसारका सबै हात्ती ठ्याक्कै उही त हुँदैनन्, उस्तैचाहिँ हुन्छन्। एउटै व्यक्ति हेरेर संसारका सारा मान्छेको बारेमा थाहा हुन्छ कि हुँदैन भन्दामा एक हिसाबले हुन्छ पनि किनभने केही आधारभूत कुराहरू हुन्छन् हरेक मान्छेमा। तापनि संसारमा ७, ८ अरब मान्छेमा कसैको पनि औँठाको छाप मिल्दैन भनिन्छ। अनुहार नै पनि ४ वा ६ जना उस्ता उस्तै लाग्ने हुन्छन् भन्ने भनाइ छ तर पनि ठ्याक्कै उस्तै चाहिँ हुँदैनन्। जस्तो कम्युनिष्ट भन्यो भने, काङ्ग्रेस भन्यो भने अथवा राष्ट्रवादी भन्यो भने, अथवा धनी भन्यो भने ती शब्दहरू सुन्ने बित्तिकै त्यसको एउटा छवि हामी निर्माण गर्छौं र त्यो छविको आधारमा सबै कुराको निर्णय हामीले गरिरहेका हुन्छौं। त्यो छवि थाहा पाउनु जति जरुरत छ त्यसलाई भत्काउन सक्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। त्यसो भएको हुनाले जातिलाई पनि प्रमेयमै राखेका छन् हाम्रा दार्शनिकले।

अब गुणमा चाहिँ २४ प्रकारका गुणहरूको व्याख्या गरिएको पाइन्छ। रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिमाण, पृथकत्व, संयोग, विभाग, परत्व, अपरत्व, गुरुत्व, द्रव्यत्व, स्नेह आदि गुणहरू हामी यहाँ देख्छौं। एउटा जुन अनुभाव्य (Tangible)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ अर्को चाहिँ जुन अननुभाव्य (Intangible) छ। कतिपय त अनुभूतिको तहमा खास गरी निदिध्यासन तहसम्म नपुगीकन अत्तोपत्तो नहुने कुरा पनि यहाँ छन्। यो व्यावहारिक कारणले पनि थाहा पाउनुपर्ने हुन्छ भने कहिलेकाहीँ नितान्त हामीलाई जिज्ञासा लागेर पनि हुन्छ।

अब यो थाहा पाउँदा खेरिमा कसरी थाहा पाउने त? जस्तो, एउटा पुरानो कथामा प्रसङ्ग आउँछ दुईजना साथी गुरुकुलमा पढिसकेपछाडि एउटा निश्चित समय पछि उनीहरू स्नातक भए। दीक्षान्त समारोह सकियो। घर फर्किँदै थिए। जाँदाखेरि बाटोमा त्यहाँ चाहिँ एउटा जनावर देखे। यसो हेरे। त्यो चाहिँ उनीहरूले गुरुकुलमा देखिरहेको जनावर थिएन अथवा पढेको सँग पनि ठ्याक्कै मिलेन। अब यो के हो ? दुई जनाको चर्चा आयो। चर्चा आउँदा खेरि एउटाले भन्यो - "ल हेर त! यसको चारवटा खुट्टा छ, यस्तो पुच्छर छ, जीउमा चाहिँ राैँ पनि छ। सबै यसको गुण मुसासँग मिल्छ तर एउटा कुरा मिल्दैन। मुसा त अलिक सानो हुनु पर्ने योचाहिँ अलि ठूलो छ। भनेपछि यो पक्का पनि मुसाले धेरै खाँदा खाँदा मोटाएर ठूलो बनेको मुसा हो।" अर्कोले भन्यो - "हैन! त्यो मुसा मोटाउने पनि एउटा सीमा हुनु पर्‍यो नि। कतिसम्म मोटाउने ? कति गुणा मोटाउने ? यो मोटाएको होइन। सबै यसको गुण हात्तीसँग मिल्छ। यत्ति हो कि त्यो सूँढ त्यति लामो छैन। यो दुब्लाउँदा दुब्लाउँदा सूँढ पनि छोटो भयो, आकार पनि सानो भयो, त्यसैले हात्ती हुनुपर्छ।" दुईजनाको बीचमा बहस चल्यो। अत्तोपत्तो केही नभएपछि जनावरलाई बाँधेर लगेछन्।

गाउँको नजिकै पुग्दा भने केही मान्छेहरू चाहिँ के बोलेका छन् सुनेको चाहिँ छैन, तर हात चाहिँ फट्फटाइ रहेका छन्। के भनेको होला भनेर याद नगरीकन उनीहरूले त्यो जनावरलाई लिएर गए। नजिक जब पुग्दै थिए ती मान्छे त कराउँदै लठ्ठी लिएर "हाम्रो गाउँमा सुँगुर लिएर आउँछस्" भन्दै कुट्न आइरहेको उनीहरूलाई थाहा भयो। आखिरमा त्यो जनावर त सुँगुर रैछ। व्यङ्ग्य गरेर "फलानो त पढेको मान्छे, नपढेको त कहाँ जान्दछ र" भने जस्तो। पढेपछि त्यसको आधारमा तर्क लगाएर, बुद्धि लगाएर अरू धेरै कुरा थाहा पाउनु पर्नेमा जे छ त्यसका पछाडि मात्र लाग्ने कूपमण्डूक भयो भने अथवा जडसूत्रवादी भयो भने काम लाग्दैन। त्यहाँ गतिको पाटो चाहियो। गतिको पाटोमा ज्ञान, बुद्धि अथवा जानकारी, सूचनाको ठूलो महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हुन्छ। त्यसलाई पनि दर्शनशास्त्रमा विभिन्न तहको मानिएको छ र यथार्थ ज्ञानलाई प्रमा मानिएको छ। र, त्यो प्रमा सम्म पुग्ने साधन भएको हुनाले प्रमाण भनिएको हो। अनि प्रमेय भनेको प्रमाणद्वारा जानिने विषय। र प्रमा अहिलेसम्म अज्ञात नै रहेको भएतापनि निश्चित ज्ञान प्रामाणिक ज्ञान हो। यसले भ्रम हुँदैन, संशय हुँदैन, यथार्थ जानकारी हुन्छ। विभिन्न दर्शनहरूले ज्ञानको आफ्नोआफ्नो परिभाषा गरेका छन्। सहजताको लागि हामी मीमांसादर्शनको आधारमा यहाँ चर्चा गर्दै छौं। अब विभिन्न शास्त्रहरूमा हेर्‍यो भने ज्ञान मूलतः दोषरहित हुन्छ भन्ने मान्यता छ। दोष हामीले त्यो ज्ञान हासिल गर्ने प्रयोग गरेको प्रमाणपद्धतिमा रहन सक्छ, साधनमा रहेको अथवा ज्ञाताको कमजोरीको कारणले दोष आउने हो। त्यसलाई हटाउन सक्यो भने पूर्ण रूपमा ज्ञान हासिल गर्न सकिन्छ। युरोपमा पनि यसको बारेमा धेरै उनीहरूको बहस भयो कि पूर्ण ज्ञान हासिल सकिन्छ कि सकिँदैन र त्यो ज्ञान हासिल गर्न सकिने भए पनि ईश्वरको अनुकम्पाले मात्रै सकिन्छ कि आफ्नै तर्क बुद्धिले ? रिजनिङ (Reasoning) बाट सकिन्छ भन्ने कुरा जिते पछि नै पश्चिममा एनलाइटमेन्ट एज (The Enlightenment Age) आएको मानिन्छ र त्यसमा नै आधुनिक विज्ञानको आधार रहेको छ।

ज्ञानमा पनि प्रत्यक्ष र परोक्ष वर्गीकरण छ। प्रत्यक्ष भनेको आत्माको मनसँग, मनको इन्द्रियसँग र इन्द्रियको पदार्थसँग सन्निकर्ष स्थापित भएर हुन्छ। एउटा विशिष्ट तरिकाबाट भन्दा खेरिमा मानौं यो एउटा गिलास छ, यो गिलासलाई कसरी देख्ने भन्दा गिलासलांई देख्नको लागि आँखा छ। तर यो आँखाको पनि नियन्त्रक मन छ। मनको सही नियन्त्रणमा आँखा रह्यो र प्रकाशका कारणले छवि आँखामा पर्‍यो र कुनैपनि दोष रहेन भने बल्ल त्यसले ज्ञान हासिल गर्छ। फेरि हाम्रोमा ज्ञानको पनि आध्यात्मिक तहसम्म जानु पर्ने भएकोले मन पनि अन्तिम होइन। आत्मा त विभु छ। आत्मा जोडिएको छ मनसँग, मन जोडिएको छ इन्द्रियसँग, इन्द्रिय जोडिएको छ विषयवस्तुसँग। तब मात्रै ज्ञान हुन्छ।

परोक्ष ज्ञान भने पदार्थलाई अगाडि नभएतापनि अनुमान, शब्द, उपमान, अर्थापत्ति वा अनुपलब्धिका आधारमा जानिएमा भनिन्छ। ज्ञेय वस्तुको पनि तीनवटा अवयवहरू छन्।

पहिलो - जहाँ भोग गरिन्छ। ज्ञान घटित शरीरमा हुन्छ। हामीसँग यो शरीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नहुने भए भोग पनि हुँदैन थियो। हाम्रो शरीर भोगायतन हो, जहाँ भोग गरिन्छ। शरीरमा रहेर आत्माले सुख वा दुःखको अनुभव गर्दछ।

दोस्रो - भोगसाधन। जस्तो कुनै खाना मिठो छ, कुनै नमिठो। सुगन्ध, दुर्गन्ध, चिल्लो, खस्रो, तातो, चिसो, मधुर स्वर, मृदुसङ्गीत, मृदुवाणी आदि थाहा पाउनका लागि इन्द्रिय चाहियो। त्यसैले यसलाई भोगसाधन भनिन्छ। यीद्वारा भोग गरिन्छ। शरीरमा नै इन्द्रियहरू छन् तर यिनको भूमिका अलग छन्। शरीर भोगायतन हो भने इन्द्रियहरू भोगका साधन हुन्। यदि इन्द्रिय कुनै हिसाबले मनको नियन्त्रणमा रहेन भने अब त्यसको कारण वासना वा तृष्णा हो। थाहा त हुन्छ तर वासना यति प्रबल हुन्छ कि बुद्धिलाई इन्द्रियको लालसाले जित्छ। हामी हेरौं त कैयौं पार्टीहरूमा खाना कति धेरै फालिएको हुन्छ। थालीमा ल्याउने खाना हुन्छ प्रायः बढ्ता नै हुन्छ। यो सुरुमै घटाएर ल्याउन मिल्ने पनि त हो नि। होइन! हाम्रो त यो स्ट्यान्डर्ड मेनु नै यति हो, खाए खानुस् नखाए फ्याकिदिनुस्। यो संसारमा कैयौं मान्छे छन् जो खान नपाएर मरिरहेका छन्, यद्यपि पहिलाको तुलनामा अहिले सङ्ख्या कम छ। विभिन्न प्रविधिको विकासले यदि हामीले वितरण प्रणाली राम्रो बनाउने हो भने अब संसारमा यति धेरै अन्न उत्पादन गराउन सक्ने हामी भइरहेका छौं कोही पनि भोकाएर मर्नु पर्ने अवस्था छैन। राज्यहरू र व्यापारिक जगत्को प्राबन्धिक कमजोरी गर्दा, लोभले गर्दा अथवा पुँजीवाद र समाजवाद भनिने तन्त्रको विशेषताका कारण कहीं अन्न बढ्ता भएर हजारौं हजार टन समुद्रमा फाल्नुपर्ने भएको छ भने कहीं मान्छेले खान पाइरहेका छैनन्। यो समस्या बाँकी छ तर इन्द्रियलाई नियमन गर्न मनलाई सिकाउन नसकुन्जेल त यस्तै हुन्छ। यसको कुनै सीमा छ कि छैन भनेर धेरै चिन्तन भएको छ। ब्रान्डेड लुगा लगाए पनि कहिलेसम्म, के आयो भने चाहिँ मन भरिन्छ त? यति मैले लाए अब म सन्तुष्ट भएँ भनेर भनेको कसैले सुनेको छैन। पैसा कमाउन लागेकालाई मैले कमाएर अब पुग्यो भन्ने हुँदैन बरु उसमा अलिक धर्मको विवेक परेको छ भने दान, च्यारिटि गर्ने गर्ला। पैसा कमाउने पनि लत हो र नाम कमाउने पनि लत नै हो। अहिले खास गरी सोसल मिडिया तथा सोसल नेटवर्किङ को युगमा मान्छे भाइरल हुनलाई केके पो गर्दैन? ट्रेन्डिङ्मा आउन? यो सबै इन्द्रिय मनको नियन्त्रणमा छ कि छैन भन्ने कुरा हो। जसको इन्द्रियलाई मनले, मनलाई आत्माले नियन्त्रणमा वा नियमनमा राख्न सकेको छ त्यो सही बाटोमा नै जान्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो - भोग्य विषय, पदार्थ जसको भोग गरिन्छ। उदाहरणलाई गाडी, खाना, घर भन्यो भने यी चाहिँ इन्द्रियले भोग गर्ने विषय हुन् र भोग शरीरमा हुन्छ। प्रमाणमा यी सबै कुरा संलग्न हुन्छन्। खासमा जान्नु पर्ने चिज प्रमेय हो। उपभोग गरिने पनि त्यही हो। व्यावहारिकताको पाटो पनि त्यही हो। विकास निर्माण, दैनिक व्यावहारिकता पनि पदार्थहरूको भोगसँगै सम्बन्धित छ। अर्को तरिकाबाट हेर्दा धर्म, अर्थ, काम र मोक्षमा प्रायः प्रयोग गरिने अर्थ र काम हुन्। अर्थ भनेको भौतिक वस्तु भनौँ सजिलोको लागि र त्यसलाई कसरी प्रयोग गर्‍यो भन्नु चाहिँ काम हो। यदि अर्थ र काम धर्मानुसारी भएमा त्यसको अन्तिम परिणति मोक्ष हो। यसै कारण पनि प्रमाणको परिचर्चालाई महत्त्व दिने गरेको हो। जुनसुकै पद्धतिमा पनि दर्शनशास्त्रको पद्धति नबुझेको मान्छेले हेर्दा उसले खोजेको कुरा अन्तिमतिर एक दुई वाक्यमात्र फेला पर्छ। यति विस्तृत चर्चा गरिएको हुन्छ कि मीमांसाकै उदाहरण हेरियो भने पहिलो सूत्र- “अथातो धर्मजिज्ञासा” धर्मको बारेमा बताउने हो। दोस्रो सूत्रमा “चोदना लक्षणोऽर्थो धर्मः” भन्ने बताइसक्यो। अब त्यसैलाई बुझाउनचाहिँ यतिवटा प्रमाण हुन्छन्, यति प्रमेय हुन्छन्, यस्तो हो उस्तो हो विशाल व्याख्यानमा जानु पर्‍यो। वेदान्तमा ‘अथातो ब्रह्मजिज्ञासा’ यही कुरा हो।

कार्ल मार्क्सको विचारको सार समाजको हिसाबबाट हेरियो भने हिस्टोरिकल म्याटरियलिजम (Historical Materialism) बाट पुगेको छ अथवा सृष्टिको हिसाबले हेर्दा चाहिँ डायलेक्टिकल म्याटरियलिजम (Dialectical Materialism)भनिएको छ। त्यसपछाडिको चर्चा, परिचर्चा, खण्डन, मण्डन गरिएको छ। सारा संसारको कुरो खोजेर लेख्ने कार्ल मार्क्सको बारेमा त प्रसिद्ध भनाई नै छ - उनको अधिकांश समय पुस्तकालयमै बित्यो। सामान्य मान्छेले भन्छ - सैद्धान्तिक कुरा गरेर कहाँ हुन्छ ? सिद्धान्त भनेको हावामा उड्ने कुरो, व्यवहार भनेको अर्कै हो भन्ने ठानेको हुन्छ तर कम्तीमा पनि विज्ञान पढेकाले चाहिँ के थाहा पाएका हुन्छन् भने सिद्धान्तभन्दा महत्त्वपूर्ण व्यावहारिक कुरो, यो संसारमा अरू केही छैन। यतिमात्र हो कि सिद्धान्तले हजारौँ व्यवहारहरूको व्याख्या गर्ने, दिग्दर्शन गर्ने हुनाले अलि अमूर्त वा एबस्ट्र्याक्ट, गणितीय वा अपूर्ण जस्तो देखिनचाहिँ सक्छ। तर व्यवहार सिद्धान्तभन्दा टाढा पनि हुँदैन। व्यवहारलाई नै जबसम्म साङ्गोपाङ्ग विश्लेषण गरिँदैन त्यो बुझ्न सम्भव हुँदैन। यसका लागि मान र मेय अथवा प्रमाण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र प्रमेय यो दुइटै थाहा पाउनु पर्छ। अब व्यवहारमा चलेको चलनअनुसार मलाई ४ घण्टा चामल दिनु भन्यो भने मिलेन, घण्टा समयको मापन हो नि ! अनि एक किलो समय काम गर्छु म आज भन्यो भने पनि मिलेन। व्यवस्था मिलाएको त मान्छेले नै हो, समाजले नै हो। त्यति हुँदाहुँदै पनि प्रमाण र प्रमेय मिल्नु पर्छ। कति माना चामल, कति हात कपडा अथवा मिटर भनेर सोध्छ अनि चामल देऊ मलाई चाहिँ यति किलो उति किलो भन्ने थाहा छैन मलाई चामल चाहियो भन्यो भने कसरी दिने २ गेडा दिने हो कि १ बोरा दिने प्रष्ट हुनुपर्छ। त्यसलाई प्रमाण चाहिन्छ। त्यसको मान चाहिन्छ। यी दुइटै सँगसँगै रहन्छन्, प्रमाणबिना प्रमेय हुँदैन। प्रमाणको मीमांसा पद्धतिमा प्रत्यक्ष, अनुमान, शब्द, उपमान, अर्थापत्ति र अनुपलब्धिको चर्चा छ।

प्रत्यक्ष भनेको के हो त ? इन्द्रिय र वस्तुको सन्निकर्षले उत्पन्न हुने ज्ञान। सन्निकर्ष अर्थात् निकटता पनि इन्द्रियअनुसार हुन्छ। जस्तो छालाको लागि निकटता भनेको छुनु पर्ने कुनै कुरा हो, ताप हो, खस्रो, मुलायम आदि हो। कतिपय अवस्थामा जोडिएला कतिपयमा त उपकरण पनि प्रयोग हुन्छ। जस्तो उदाहरणलाई पहिला छामेर जरो आएको रहेछ भनिन्छ। कति आएको रहेछ ? थर्मामिटर हुनाले यति डिग्री फारेनहाइट (Fahrenheit) छ भन्न पाइयो नि। प्रत्यक्षलाई पनि उपकरणको सहयोगले अझ सहज बनाउन सकियो तर प्रत्यक्ष इन्द्रियकै आधारमा गरिन्छ। इन्द्रियले पनि सधैँ सही नै ज्ञान हासिल गर्छ भन्ने छैन। संस्कृतमा 'सत् सम्प्रयोगे' भनिन्छ - ठीक बेलामा ठीक ज्ञान हुनुपर्छ। कहिलेकाहीँ खानेकुरो हेर्दा बढो राम्रो देखिन्छ तर अहितकारी हुन्छ नि। सत् सम् प्रयोग हुन सकेन भने देखेकोले मात्रै पनि हुँदैन। पाँचवटा ज्ञानेन्द्रियलाई नै आधारभूत प्रमाण मानिएको छ। यिनबाट प्राप्त हुने प्रत्यक्ष प्रमाणलाई प्रमाणहरूको राजा भनिन्छ। राजा भन्नाले यहाँ मानक मानेको हो। इतिहासमा एउटा बेलामा श्रेष्ठ व्यक्तिलाई राजा बनाको हो नि त। त्यो श्रेष्ठता कसरी भन्ने कुरा अलगअलग भयो होला। स्वस्थानीमा पढ्यो भने नवराज राजा हात्तीले माला लगाइदिएर भए। त्यहाँ श्रेष्ठताको मापदण्ड के थियो ? जसलाई हात्तिले माला लगाइदियो उही राजा हुन्थ्यो। द्रव्य शाह कसरी भए ? दौडेर। कहीँ मल्लयुद्ध हुन्थ्यो होला। कहीँ धनुषयुद्ध हुन्थ्यो होला तर राजा त्यो बेलाको श्रेष्ठलाई नै मानेको हुन्छ। त्यसैले यो प्रमाणहरूमा पनि प्रत्यक्षप्रमाणलाई प्रमाणहरूको राजा मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचवटा ज्ञानेन्द्रियबाट प्राप्त हुने ज्ञान अर्थात् आँखाले हेरेर, कानले सुनेर, जिब्रोले चाखेर, नाकले सुँघेर, छालाले स्पर्श गरेर ज्ञान हासिल गर्न सकिने बेलामा अरू प्रमाण चाहिने हुन्नन् । तर यदि इन्द्रियका माध्यमबाट ज्ञान हासिल हुन सकेन भने के गर्ने भन्दा अनुमानले पो हुन्छ कि, त्यसले पनि भएन भने शब्दले हुन्छ कि, यसो गर्दागर्दै प्रमाणहरू थपिन्छन् । तर सबैको मूल कुरा अज्ञानमा अथवा भ्रममा रुमल्लिन भएन । दर्शनको माध्यमबाट यो जगत् के हो ?, यो जीवन के हो ? थाहा हुनु पऱ्यो । यो थाहा पाएपछि बल्ल समाज के हो, प्रगति के हो, प्रगतिचाहिँ पुँजीवाद अनुसारको हो कि, मार्क्सवादअनुसार हो कि अथवा स्थितिगत्यात्मक प्रगतिवाद अनुसार हो भन्ने कुरा बल्ल थाहा हुने हो । आधारभूत प्रश्नसँग दर्शन जोडिएको छ र त्यही आधारभूत प्रश्नले नै समाधान दिने हो । कुनै बेलामा कुष्ठरोग लागेपछि उसलाई आफ्नो घरबाट निकालेर, गाँउबाट निकालेर पर जङ्गलमा लगेर छाप्रो हाल्दिने गर्थे । त्यस्तो मान्छेलाई राख्ने अन्य तरिका थिएन त्यो बेलामा । व्याख्या नभएकाले सराप लागेको भन्दिने गर्थे । समाजले जति उसको ज्ञान र क्षमता अनुसारै भन्ने हो तर स्वास्थ्यविज्ञानले पछि पत्ता त लगायो नि । कुष्ठरोग यो कारणले हुन्छ, कुष्ठरोगलाई यो औषधीले सञ्चो बनाउन सकिन्छ । कुनै बेला टिबीको पनि महामारी हुन्थ्यो । क्यान्सरको अनुसन्धान पूरा भइसकेको छैन । कति त यो रोग होइन भन्ने पनि छन् । हाम्रामा रहेको उपवासको पद्धतिले ठीक पार्न सकिन्छ भन्ने दाबीहरू पनि आइरहेका छन् । प्रगति हुँदै कति सफलता हासिल हुँदै जालान् ।

प्रत्यक्षप्रमाणबाट नपाइने ज्ञानका लागि अन्य प्रमाणमा जान बाध्य हुन्छ । तर, आज प्रविधिको विकासले गर्दा पहिला अज्ञात ज्ञान हासिल हुन सक्छ भने यो पनि प्रत्यक्षको विषय हुन्छ । त्यो बेलामा शास्त्रमा लेखेको भन्दा अनुसन्धानले अर्को थोक बतायो भने त्यो मान्नुपर्छ नमान्नेवाला त कूपमण्डूक हो, ज़डसूत्रवादी हो । जस्तो ज़ियोनार्डो ब्रुनोलाई जिउँदै किन जलाएको ? पोपले जिउँदै जलाउने आदेश दियो किन भने पोपले पढेको किताबमा एक थोक लेखेको थियो तर ब्रुनोले पत्ता लगाएको कुरो अर्कै थियो । माफ माग भन्दा ब्रुनोले माफ मागेनन्, नमानेपछि जिउँदै जलाए । जडसूत्रवादी, कूपमण्डूक अझ अपराधी मानसिकता त्यो हो । प्रत्यक्ष प्रमाणले साबित गरेको कुरा पनि नमानेर बस्यो भने स्थितिलाई मात्र मान्ने भयो । स्थितिगत्यात्मक भएन । आफ्नो अनुभव एकातिर तर भनिआएको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्कै छ, त्यो तर्कले पनि ठीक देखिँदैन, व्यवहारले पनि देखिँदैन भने त्यो चाहिँ कूपमण्डूक हो तर स्थितिगत्यात्मक प्रगतिवादमा पहिलेदेखि के गर्दै आइएको छ भन्ने पनि सबै थाहा छ र आजसम्मको ज्ञानको आधारमा, आजसम्मको प्रमाणको आधारमा यो हो भन्नु पर्‍यो । यो दृष्टिकोणबाट हेर्दा मीमांसादर्शनमा आचार्य कुमारिल भट्टको प्रमाणपद्धतिको आजको विज्ञानसँग कत्ति पनि विरोध छैन । जसलाई पश्चिममा इम्पिरिसिजम भनिन्छ नि, यसमा पूरा अटाउन सक्छ । प्रष्टसँग के भनिएको छ भने प्रत्यक्षप्रमाण नै प्रमाणहरूको राजा हो । जहाँसम्म प्रत्यक्षप्रमाणले भेट्छ त्यहाँसम्म प्रत्यक्षप्रमाण नै लागू हुन्छ । जहाँ प्रत्यक्षप्रमाणले पुग्दैन त्यहाँ अन्य प्रमाण खोजिन्छन् । कुनै कुरो आजभन्दा पाँच सय वर्षअगाडि प्रत्यक्षज्ञानको विषय थिएन र त्यो कुरा थाहा भएर त्यसको व्याख्या हामीले अर्कै प्रमाणबाट लिएका थियौँ भनेपनि मीमांसादर्शन अनुसार आज त्यो प्रत्यक्षप्रमाणको क्षेत्रमा आइसकेको छ भने अब प्रत्यक्ष नै बलवान् हुन्छ । हाम्रो दर्शनको आस्था यति तर्कानुग्राहक छ कि संसारमा भएजतिका वैज्ञानिकहरूको परीक्षणले यही नै प्रमाणित गर्छ भन्ने कुरामा सच्चा वैदिक मतानुयायी ढुक्क हुन्छ र सिद्ध गरेन भनेपनि प्रत्यक्षप्रमाण नै स्वीकार्दा केही आपत्ति हुँदैन । किनभने हाम्रोमा पश्चिममा, मध्यपूर्वमा चलेको पद्धति जस्तो विश्वास (Faith) लाई मात्र प्रधानता दिइएको छैन । आस्था पनि तर्कानुग्राक हुनै पर्छ । भक्तिमार्गीतिर लाग्ने कतिपयले तर्क गर्नु हुँदैन तर्कले त नर्क पुर्‍याउँछ भनेर कुतर्क गरेको देखिन्छ, त्यो वैदिक मत होइन । वैदिक मतमा त प्रशस्त तर्क गर्नुपर्छ । यति पक्का हो कि तर्क गर्दा इन्द्रियहरूको सत्-सम्-प्रयोग हुनुपर्‍यो । वितण्डा गर्न भएन । इन्द्रियको सत्-सम्-प्रयोग गरेर मन, आत्माको यथार्थ ज्ञान प्राप्त आप्त व्यक्तिले गरेको तर्कले जहिले पनि सही निष्कर्षमा पुर्‍याउँछ र त्यसमा निश्चय नगरीकन कुनै पनि कुरा लिन हुँदैन भन्ने छ ।

बुद्धको पनि पद्धति यही हो । "अप्प दीपो भव" भनेर उहाँले भन्न खोजेको स्वयंप्रकाश हुनलाई स्वयंले परीक्षण गर्नु पर्छ, स्वयंले अनुभव गर्नु पर्छ । बताउने तरिका अलग होला । यता प्रसङ्ग नै छ नि, तिम्रो परिवार घाटसम्म, शरीर नै पनि चितासम्म मात्रै हो । परिवारमा पनि मेल रहेछ भने मात्रै नत्र उता चितामा बुवाको लास जल्दै छ यता दाजुभाइ अंशमा झगडा गरिरहेका देखिन्छन् । धर्म नै तिमीले गरेको सत्कर्म हो जो सदा तिमीसँगै रहन्छ । भन्नुको अर्थ नै व्यक्तिगत कर्मफललाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानेको हो । मोक्ष कहिले पनि समूहमा हुँदैन । धर्ममा कतिपय कुरा व्यक्तिले गर्ने पनि छन्, कति समूहमा गर्ने पनि छन् अनि कति संस्थागत पनि छन् । अर्थ एक्लैले उपार्जन गर्न गाह्रो छ। समूहगत वा संस्थागत माध्यम अलि सजिलो होला । उपभोग पनि कति व्यक्तिगत हुन्छ कति सामूहिक । तर मोक्ष भने केवल व्यक्तिमात्रले हासिल गर्ने हो । समूहमा हुने होइन । जुलुस आन्दोलन गरेर हुँदैन । त्यसका लागि आफैँले पुरुषार्थ गर्नु पर्छ, साधना गर्नु पर्छ । बुद्धले भनेको पनि त्यही हो, वैदिक ऋषिले भनेको पनि त्यही हो । महावीरले भनेको पनि त्यही हो । पश्चिममा पनि विशिष्ट दार्शनिकहरू त्यसै भन्छन् ।

केही व्यक्तिहरू जस्तै कार्ल मार्क्स लगायत व्यक्तिहरूले मात्रै सामूहिक उत्थान सम्भव छ भन्ने सिद्धान्त ल्याए । आर्थिक क्षेत्रमा सामूहिक उत्थानको कुरा गरेको भए ठीकै हुन्थ्यो तर त्यहाँभन्दा अगाडि गएर समाजवाद, साम्यवादको प्राप्ति सम्भव रहेनछ भन्ने धेरै ठाउँमा देखिसकेको छ। कैयौँ ठाउँमा मान्छेहरू अझै पनि भ्रममा छन् । नेपाल पनि त्यसरी भ्रमित हुनेहरू मध्यमा अगाडि छ। साइनबोर्डको कुरामात्रै अलग हो, काङ्ग्रेस भने पनि कम्युनिष्ट भने पनि मूलतः मार्क्सवादबाट नै आएका दर्शन हुन् । त्यसैलाई बोकेर हिड्नेहरू हुन् तर अहिलेको व्यवहारचाहिँ कस्तो भुईंफुट्टा पाराले बेइमानी छ भने व्यवहारमा पार्टीको नाम बेचेर आफूले अनि आफ्नो परिवारले मात्रै कुम्ल्याउने तर आधिकारिक लिखतमा भने चाहिँ समाजवाद यस्तो उस्तो भन्ने कुरा छ। यस कारण यिनीहरू अझै पनि भ्रममा छन् भन्ने देखिन्छ । हरेक व्यक्तिले यो आफैँले अनुभव गर्नु पर्छ । "अप्प दीपो भव" भनेको त्यही कुरा हो । प्रत्यक्षप्रमाणलाई नै प्रमाणहरूको राजा मानिएको कारण पनि व्यक्तिको तहमा गएर व्यावहारिक हुने भएकाले नै हो । प्रत्यक्ष धेरै जनाले एकैचोटि देखे पनि प्रत्येक व्यक्तिले छुट्टाछुट्टै आफ्नै इन्द्रिय देखेको हो । अरूलाई बुझाउनका लागि त शब्दप्रमाण प्रयोग हुने हो । त्यसैले प्रमाणपद्धतिमा पनि प्रत्यक्षप्रमाणलाई केन्द्रमा राख्नुको मूल व्यावहारिकता हो ।

आजको लोकतन्त्र भनेको त्यो होइन । लोकतन्त्र भनेको त सामूहिकता हो, सङ्ख्या हो । यदि ठूलो सङ्ख्यामा रहेको जनसमुदायले कुनै कुरा ठीक भनेर पारित गरे भने त्यही ठीक हुन्छ । त्यसैले एउटा जेलमा अपराधी भनेर प्रमाणित भइसकेको, फाँसीको लागि मितिमात्र तोकिन बाँकी रहेको अपराधी र राष्ट्रले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानेको, अन्तर्यबाटै ज्ञान हासिल गरेको व्यक्तिको भोटको मूल्य पनि बराबर हो। त्यहाँ केवल सङ्ख्यासँग सरोकार छ। उसको गुणसँग केही मतलब छैन। यो तरिका "अप्प दीपो भव" होइन। त्यो सामूहिकता हो। अब एउटा मापदण्डबाट हेर्दा त्यसले ल्याएको प्रगति भनिएको विकास भनिएको कुरा त्यो आफ्नै ठाउँमा छ तर सारमा संसारभर आज किन सुख, खुसी कहाँ छ, कसरी आउँछ भन्दामा त्यो समाजवाद वा पुँजीवाद दुवैले दिँदैन भन्ने निष्कर्षमा पुगेको अघिल्लो भागमा हामीले चर्चा पनि गरेका छौँ तर किन त्यसो भयो भन्ने त्यहाँ पनि उनीहरूले खुट्ट्याउन सकेनन्। त्यसको कारण के हो भने, सुख वा खुसी भन्ने जहिले पनि व्यक्तिको तहमा हुन्छ। एक अर्काको अन्तरसम्बन्धको पाटो पनि पक्कै छ तर भोगायतन त प्रत्येक व्यक्तिको आफ्नो शरीर हो। भोग गर्ने इन्द्रिय पनि अलग-अलग छन् तर यहाँ समाधान सामूहिक खोजिएको छ। सामूहिक पनि लाखौँ-करोडौँमा एकै चोटि खोजेकोले अब यो प्रत्यक्षप्रमाणबाट पुगेन। जैमिनि मुनिले त के भनेको हो भने जुन कुरो प्रत्यक्षप्रमाणको कार्यक्षेत्रभित्र छैन भने त्यसका लागि अरू प्रमाण पनि छन्। ती मध्येको पनि सर्वोच्च प्रामाणिक शब्दप्रमाण अथवा श्रुतिप्रमाण नै हो भनेको हो। धर्मले अति विस्तारमा आधिभौतिक, आधिदैविक र आध्यात्मिक तीनै तहको जीवनलाई नियमन गर्ने हुनाले धर्म के हो भन्ने कुरा इन्द्रियले मात्रै बुझ्न, ठम्याउन सक्दैन।

त्यसो हुनाले धर्म प्रत्यक्षप्रमाणको मात्र विषय होइन। अनुमानदेखि अनुपलब्धिसम्मको पनि होइन। त्यसको प्रमाणका लागि शब्दप्रमाणमा, श्रुतिमा जानु भनेको हो। त्यसो भनिरहँदा विज्ञानसँग किन विरोध छैन भने उनले प्रष्ट भने कि यदि तिमीले भोलि खोज गरेर कुनै कुरा प्रत्यक्षको दायरामा ल्याउन सक्यौ भने त पुष्टिका लागि शब्द प्रमाणमा जानै परेन। यसै कारणले समाजले अहिले खोजिरहेको उत्तर पनि यसले दिने भयो, अनि उत्तर खोज्न आजसम्म उपलब्ध जेजस्ता साधनस्रोत, उपकरण, प्रविधिहरूको पनि प्रयोग गर्ने भयो। अहिले त थ्रिडी प्रिन्टिङ, एआइ, ब्लकचेन आदि अथाह प्रविधि आउँदैछन्। तर्कानुग्राह्य हुनुपर्छ, प्रत्यक्षप्रमाण नै प्रधान हो भनेको हुनाले भविष्यमा आउने परिवर्तनलाई लिन यो तत्पर छ। साथै अतिप्राचीन अथवा सर्वप्राचीन ज्ञानलाई सधैँ हामीसँग राखिराख्ने भयो। अनुसन्धातालाई जुन ज्ञान तिमी प्रत्यक्षबाट पाउँदैनौ, अनुमानबाट पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँदैनौ, अर्थापत्तिबाट पनि पाउँदैनौ, अनुपलब्धिबाट पनि पाउँदैनौ त्यो ज्ञान श्रुतिमा खोज, शब्दप्रमाणमा खोज भनेर भनेको छ। त्यसो भएको हुनाले ज्ञानपरम्परामा स्थितिगत्यात्मकता देखिन्छ। एकातिर जरोसँग पनि अविच्छिन्न छ, अर्कोतिर ज्ञानका लागि अथाह अनन्तसम्म जान सकिन्छ। फर्सीको लहराको बारम्बार उदाहरण दिइन्छ - जरोको वरिपरि नै घुमेर बसिरह्यो भने त्यसमा कँडा लाग्दैन। जति फैलिन पाउँछ उति राम्रा कँडा त्यसमा लाग्छन्। तर एउटा फर्सी फैलिएर ३०० मिटर सम्म गएको भएपनि जराको नजिकैको दुई सेन्टिमिटरमा काट्यो भने बोट त मर्छ। भन्नाले मूल जरोबाट विच्छिन्न भए त्यहाँ विकृति आउँछ भन्ने कुरा हो।

यो चिन्तन पद्धति र उतापट्टिको डाइलेक्टिकल म्याटेरियलिजममा एउटाको ध्वंस भएपछि मात्र अर्कोको सृष्टि हुन्छ भन्ने पद्धतिको मूल फरक हो। चिन्तनपद्धति नै फरक हो। जस्तै दूधबाट दही कसरी बन्छ भन्यो भने वेदान्त पढेको के भन्ला भने दूधको रूपान्तरणबाट दही भयो मार्क्सवादी हो भने नेगेसनको सिद्धान्तका आधारमा दूधवः ध्वंस भएर दही बनेको भन्ला। सामान्य हेर्दा त हामीलाई के लाग्ला भने ध्वंस भए पनि नभए पनि दुधबाट दहि बनेकै हो भन्ने लाग्न सक्छ तर यो चिन्तन पद्धतिको फरक हो। मार्क्सको चिन्तनपद्धतिमा एउटाको ध्वंस नभई अर्को आउँदैन भन्ने लागेको हुनाले पूर्वपक्षप्रति घृणा, द्वेष र एक्सक्ल्युसिभिटी (Exclusivity) हुनुपर्ने मान्छ। त्यो अब दूध र दहीमा मात्र लागू हुँदैन, समाजमा पनि हुन्छ। त्यसो भएको हुनाले आज वर्तमानमा हाम्रा नेतागण केटौले उमेरदेखि नै समाजको परिवर्तन कसरी गर्ने भन्दा वर्गशत्रुको सफाया गर्नुपर्छ भन्ने निष्कर्षमा पुग्छन्। उनीहरूको स्कुलिङ् नै त्यो हो, ध्वंस गर्नुपर्छ भन्ने सिकेका छन्। तर जब एउटा बेलामा ज्ञान भयो। ज्ञान आए पछाडि फेरि त्यो काम लाग्दैन रहेछ भन्ने भयो। हाम्रो नेपालकै कुरा हेर्ने हो भने त बिपी कोइरालालाई एउटा समूहले महामानव मान्छ। उहाँको समकालीन समयमा हेर्दा पनि नेपालबाट अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चिनिएको, व्यक्तित्व बनाएको नेता पनि हो। अब तिनै बिपी कोइरालाले कहिले सशस्त्र सङ्घर्ष भने, कहिले फेरि सत्याग्रहमा पनि गए। किन त्यो वैचारिक स्थिरता भएन ? हामीमध्ये कोही गान्धी मान्ने होऔँला कोही नहोऔँला त्यो अलग कुरा हो तर गान्धीले प्रष्टसँग भने 'अहिंसा नै मेरो पहिलो मान्यता हो र अन्तिम मान्यता पनि यही हो।' अथवा माओलाई उद्धृत गरेर भनिन्छ 'पावर कम्स फ्रम द ब्यारेल अफ द गन'। ठीक बेठीक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो ठाउँमा छ। कसैलाई चाहिँ माओ ठीक लाग्ला कसैलाई गान्धी ठीक लाग्ला हामी भने स्थितिगत्यात्मक प्रगतिवाद, सहृदयता दर्शनमा लागेका छौँ। जसरी पनि सत्ता कब्जा गर्ने हो भन्नेमा संसारभरिका कम्युनिष्टहरूको यो विशेषता के हो भने उनीहरू त्यो कुरामा धेरै स्पष्ट छन्। प्रतिगमन नै आदर्श थियो भनेर गए पनि हुन्छ, सत्ता आउँछ भने त्यही व्यक्तिलाई देवता बनाए पनि हुन्छ, सत्ता आउँछ भने त्यही व्यक्तिलाई दानवजस्तो प्रचार गर्दा पनि हुन्छ। सारमा सत्ता चाहिँ चाहियो। त्यो मान्यतालाई हामी अनैतिक भनौँला, हामीलाई मन पर्दैन भनौँला, कसैले भन्दा ठीकै पनि भन्लान्, त्यो आफ्नो ठाउँमा छ तर बाटो स्पष्ट छ। हाम्रो देशमा जुन कपूतन्त्र रहेको छ, त्यो त कम्युनिज्म पनि होइन पुँजीवाद पनि होइन त्यो त कम्युनिज्म र पुँजीवादको घालमेलबाट बनेको विषाक्त मिश्रण हो। त्यसो भएको हुनलो यिनीहरू कुन बेलामा के गर्छन् अत्तोपत्तो छैन। त्यही व्यक्ति अघिल्लो दिन मन्दिरमा गएर यो मन्दिरको संरक्षण गर्नु पर्छ भन्ने अनि भोलिपल्ट मालपोतमा गएर त्यो मन्दिरका कागजपत्र जति सबै मिलाएर मन्दिरको जग्गा लुटेर खाने गर्छन् तर दर्शनशास्त्रमा यस्ता कुराहरू निन्दित मानिन्छन्।

सारमा हाम्रो इन्द्रिय र मन उच्चतहमा हुँदा आत्मासमेत त्यहाँ रहेर प्रत्यक्ष साधनहरूको प्रयोग गरी प्राप्त हुने ज्ञान नै प्रधान हो। त्यो ज्ञान आवश्यक हो। पर्याप्तचाहिँ नहुन सक्छ। पर्याप्त छ भने अर्कोमा जानु पर्दैन। एउटा समयमा प्रत्यक्षप्रमाणको विषयवस्तु नभएको विषय पनि अर्को समयमा प्रत्यक्षप्रमाणको विषयवस्तु हुन सक्छ। जस्तै ब्ल्याक होलको सिधै फोटो नभएपनि त्यसको छेउछाउको अथवा त्यसले निल्दै गरेको प्रकाशपुञ्जहरूको फोटो हो। हिग्स-बोसन पार्टिकलसम्म प्रमाण पुग्यो। रेजोनेन्स (Resonance) सम्म पत्ता लाउन सकिन्छ कि भनेर खोज चल्दै छन्। कुनै बेला इलेक्ट्रोन पनि त पत्ता लागेको थिएन। भनेपछि एउटा युगमा नभएको अर्को युगमा हुन सक्छ र हामीले थाहा नपाएका कैयौँ कुराहरू अथवा थाहा पाएपनि आस्थाका विषय नबनाएका कैयौँ कुराहरू प्रत्यक्षप्रमाणमा आउन सक्छन्। त्यो प्रत्यक्षप्रमाणमा आयो भने पनि कूपमण्डूकले चाहिँ हामी त मान्दैनौँ भनेर बस्छ। कूपमण्डूक सबैतिर हुन सक्छन्। कूपमण्डूक भनेका चाहिँ इसाई मात्र हुन्छन्, मुस्लिम मात्रै हुन्छन् हिन्दू हुँदैनन् भन्यो भने त्यो नचाहिँदो आरोप हो किनभने ती जहाँ पनि हुन सक्छन्। को कस्तो हुन्छ ? भन्ने कुरा व्यक्तिको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । अहिले केही भएर आफ्नो शरीरमा क्यान्सर देखियो भने त्यसलाई सर्जरी गरेर त्यसलाई फ्याल्नु पर्ने हुन सक्छ । विज्ञानको बुद्धि लगाएर विकसित प्रविधिको आधारमा गरेको ज्ञानबाट केही नयाँ कुरा हामीले थाहा पायौं भने त्यसले दिएको ज्ञान स्वीकार गर्नु पनि धर्मको विवेक नै हो ।

धर्म भनेको कुनै किताबमा कुनै बेला लेखेको कुरो मात्र कूपमण्डूक बनेर, जडसूत्रवादी बनेर मान्छु भन्यो भने हामी र उहिले कुन बेलामा मार्क्सले अनुसन्धान गरेर लेखेको कुरामा आज पनि नेपालको समस्याको समाधान खोज्ने कम्युनिष्टहरूमा के नै पो फरक भयो । कुनबेला आफैंले पनि नेपालको पूरै अध्ययन नगरीकन बिपी कोइरालाले एउटा कुरा भन्दिनु भयो भनेर त्यसकै पछाडि लागि रहने काङ्ग्रेस र हामीमा के फरक ? अथवा जियोर्डानो ब्रुनोलाई सत्यभन्दा जलाउने पोप र हामीमा के फरक हुन्छ ? अथवा सल्मान रुस्दीले यस्तो लेख्यो भनेर फतवा जारी गर्ने र हामीमा के फरक हुन्छ त । यो जिहादी, क्रुसेडी मानसिकता भन्दा के फरक हुन्छ ? कपूत भन्दा के फरक हुन्छ ? भन्ने कुरा हामीले आफैंले प्रश्न गर्नुपर्छ । आफूलाई प्रश्न गर्नु नै स्थितिगत्यात्मकताको प्रारम्भ विन्दु हो भन्ने ख्याल गर्नुपर्छ । प्रश्न गर्ने भनेको आफ्ना कुरा जति सबै नराम्रा देख्ने, लघुताभासले पीडित हुने भनेको होइन । विज्ञानको बुद्धि लिने भनेको हो । जसरी आरुणी उद्दालकले सबै कुराको पर्यवेक्षण गरेर हेरे, पश्चिममा मिलेटसका थेल्सले जसरी गरे अथवा कान्टले "डेर टु नो" भनेर भने, नित्से दिउसै बत्ती बालेर बाइबलमा लेखेको ईश्वर कहाँ छ, देख्दिन त म ! कि त त्यो छदै थिएन भएको भए पनि मरिसक्यो भन्न सके, त्यो सानो आँटले भएको कुरा छैन नि । यसमा आपत्ति राख्नु त अन्ध-आस्था भएकाहरूको समस्या हो । अन्ध-आस्थामाथि कसैले प्रहार गर्‍यो भने ऊ क्रुद्ध हुन्छ । आफैंले आफैंलाई प्रश्न गर्ने भनेको निन्दात्मक हुनु हुँदैन । जिज्ञासात्मक हुनु, त्यसको आधारमा संस्कारित हुँदै साधना गर्ने प्रयत्न गर्नु नै स्थितिगत्यात्मकता पहिचान हो । वैज्ञानिक सत्ययुगको लागि आधारशिला चतुष्टय - विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्बन्ध नै समाजको मार्गनिर्देशनको सन्दर्भमा स्थितिगत्यात्मक प्रगतिवाद हो । शब्दमा अल्झनभन्दा पनि मार्ग पहिल्याउन जरुरी छ । यी सबैको सारमा जीवन र हाम्रो वरपरको जगत्को वास्तविक खोज रहेको छ । जसरी उही चामलको भात पनि बनाउन मिल्छ, खट्टे, भुजा, यमरी, सेल पनि बनाउन मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी नै सिद्धान्तगत मार्गबाट हामीले सुख खोजेका हौं । मोक्ष, निर्वाण भने पनि सुखको नै खोजी हो । स्थितिगत्यात्मक प्रगतिवादबाट पनि हामीले जिज्ञासु प्रवृत्तिलाई जागृत गराई चिन्तन गर्छौं । चिन्तन गरेर व्यवहारसम्म पुगेपछि बल्ल दर्शन हुन्छ। पश्चिमी फिलोसोफीमा कुनै कुराको चिन्तन, मनन, परिचर्चा मात्र गर्दा पनि पुग्छ तर दर्शन जहिले पनि व्यवहार, प्रयोग, अभ्यास, आचरणसँग जोडिएको हुन्छ। आचरणलाई निर्देशित गर्ने दृष्टिकोण, मान्यता, ज्ञान पनि स्थितिगत्यात्मक छ। प्रमाणको सन्दर्भमा प्रत्यक्षप्रमाण आफैंमा स्थितिगत्यात्मक छ। विश्वको कुनै स्थानविशेषबाट आएको मान्यताले आजको रूपरङ्गमा संसारलाई पुऱ्याए पनि संसारभरि सुख वा खुसी दिन सकेन भन्नेमा निष्कर्षमा मानवजगत् पुगेको छ। सुख वा खुसीको मार्ग हामीसँग छ, यसै आशाले, आत्मविश्वासले, वसुधैव कुटुम्बकम्को आत्मीयताले कि सारा संसारकै कल्याण सम्भव छ। समयको गतिसँगै प्रत्येक मानव सँस्कारित भएर, साधना गरेर आधिभौतिक, आधिदैविक र आध्यात्मिक तहमा उन्नतिमा पुग्नुपर्छ भन्ने उद्देश्य स्थितिगत्यात्मक प्रगतिवादले लिएको छ। प्रमाण र प्रमेयको सातत्यपरक निरूपण स्थितिगत्यात्मक प्रगतिवादको मौलिक विशेषता हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ३

प्रतिमानका रूपमा स्थितिगत्यात्मक प्रगतिवाद

वर्तमान विश्वमा चलेका विचार विश्लेषणको पृष्ठभूमिमा स्थितिगत्यात्मक प्रगतिवादको परिचर्चा भएको हो । स्थितिगत्यात्मक प्रगतिवादको दार्शनिक, सामाजिक, सांस्कृतिक र केही हदसम्म राजनीतिक र आर्थिक आयाम पनि रहेको छ।

पशुपतिनाथको मन्दिरको जग्गा, पशुपतिनाथको मन्दिरलाई सुव्यवस्थित रूपमा त्यहाँ पूजापाठ आराधना, अर्चना चल्न सकोस् भनेर हाम्रा पुर्खाले गुठीको समृद्ध व्यवस्था गरेका थिए। अहिले लुछाचुँडीले अनि अनेक विकृतिको कारणले गर्दा अहिले धेरै फितलो व्यवस्थापन देखिएको छ। त्यसमा पनि चर्चसम्म बनेको समाचार आएको छ। हाम्रो छिमेकी देश भारतमा तिरूपति बालाजी लगायतका निकै समृद्ध मन्दिरहरूमा जम्मा हुने दान-दक्षिणा सरकारले लिएर मस्जिद र मदरसाहरूलाई दिने गर्दो रहेछ। नेपालमा त हामीले देख्यौं नै- सारा सरकारी संयन्त्रसमेत प्रधानमन्त्री, सभामुख, प्रतिपक्ष दलका नेताहरू र पूर्वप्रधानमन्त्रीहरू कोरियामा केन्द्रित "होली वाइन क्रिस्चियन"का अगाडि पूरै लम्पसार भयो । सरकार, सत्तारुढ दल, प्रतिपक्ष दल कोही अछुतो रहेनन् । विश्वपरिवेशमा भने हालसालै महत्त्वपूर्ण घटनाक्रम विकसित भएका छन् ।

केही समयअगाडि मात्रै चीनमा 'एसियाली सभ्यता संवाद सम्मेलन' आयोजना गरियो । जसमा कम्बोडिया, ग्रिस, सिङ्गापुर, श्रीलङ्का, आर्मेनिया, मङ्गोलियालगायतका देशबाट राज्य तथा सरकारप्रमुखकै तर्फबाट उपस्थिति भयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र युनेस्कोजस्ता संस्थाहरूको सक्रिय सहभागिता थियो । चिनियाँ राष्ट्रपति सि चिनफिङ्ले उद्‌घाटन गरेको सो सम्मेलनमा विभिन्न मुलुक, जाति र सभ्यताबीच साझेदारी प्रबल बनाउनुपर्नेमा जोड दिइएको थियो । राष्ट्रपति सिले हिमाल र नदींले जोडिएको एसियाली सभ्यताको प्रसङ्ग उठाउँदै एसियाली सभ्यताको बलियो पक्षबारे चर्चा गर्नु भएको थियो । यस क्रममा चीनको एल्लो नदी, याङ्से नदी, टिग्रीस एगोला नदी, सिन्धु नदी, गङ्गा नदीका प्रसङ्गहरू आएका थिए । वैदिक वाङ्मय, अङ्कोर वाट, ग्रेट वाल, प्राचीन मुद्रण प्रविधि, अङ्क प्रणाली आदिको चर्चा गरियो । वास्तवमा यो वैदिक गणना पद्धति हो र युरोपेलीहरूले थाहा पाउँदा युरोप र वैदिकबीचको ज्ञानको आदानप्रदान अरबेलीहरूको मार्फत् भएकाले उनीहरूले अरबिक वा हिन्दू-अरेबिक सिस्टम भनेका हुन् । हरेक सभ्यताका आफ्ना मूल्यमान्यता हुने र एसियाली मुलुकले सम्पदा संरक्षणमा के गरिरहेका छन् र त्यसमा चीनले सघाउने मनसाय व्यक्त गरिएको थियो ।

नेपाल त पावन योगभूमि, वेदभूमि, आयुर्वेदभूमि हो । यो त हिमवत्खण्डकै केन्द्र हो । केही वर्षअगाडि टर्कीका सरकारप्रमुखले अन्तर्राष्ट्रिय सम्मेलनमै नेपाल अध्यात्मिक केन्द्र हो भन्नु भएको थियो । त्यसरी बोलेको एउटा प्रसङ्ग छ । नेपालको अन्तर्राष्ट्रिय सम्मेलनहरूमा यसरी उल्लेखन यसै त न्यून छ त्यसमाथि नेपालले नै स्वामित्व बोध गर्न नसकेको अवस्था देखिएको छ । जब कि हाम्रो उत्तरी छिमेकका राष्ट्रप्रमुख सि चिनफिङ आफ्नो सभ्यता, संस्कृति, इतिहासलाई राम्ररी बोध गर्न सक्ने व्यक्तिका रूपमा रहनु भएको छ भने दक्षिणी छिमेकका सरकारप्रमुख नरेन्द्र मोदी पनि आफ्नो सभ्यताको महत्त्वलाई बोध गर्ने व्यक्ति हुनुहुन्छ ।

नेपालको बिडम्बना भने यहाँको सभ्यता, संस्कृति, परम्पराप्रति ओठे प्रतिबद्धता व्यक्त गरेतापनि माहोल हेरेर ताली बजाउने बाहेक यसको संरक्षण गर्न सरकार, पदाधिकारी तत्पर छैनन् । यसको महत्त्व आत्मसात् गरेका छैनन्, व्यक्तिगत जीवनमा अवलम्बन त अझ पटक्कै छैन । घोषित रूपमै आफूलाई नास्तिक भन्ने कम्युनिस्ट अथवा पुँजीवादी, समाजवादी भन्नेहरू त छँदैछन् । धर्म अवलम्बन गर्छु भन्नेले पनि चुकेका देखिन्छन् । जो पनि हिन्दू, बौद्ध, बोन, जैन, किराँतीले आफ्नो धर्मसंस्कृतिको, सँस्कारको पालना गर्दछ भने उसलाई सराहना गर्नुपर्छ । नेपाल वैदिक सभ्यताको केन्द्रभूमि भएको गौरवलाई हामीले बुझ्न नसकेको तर एसियाली सभ्यता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मेलन नै आयोजना गरेर छिमेकी देशका राष्ट्रपतिले स्वामित्व लिन खोजेको अवस्था छ। हाम्रो राज्यसञ्चालनमा पुगेका व्यक्तिहरू नेपालको विराट् महत्त्वको उत्तराधिकारवहन गर्न कत्ति पनि सक्षम नरहेको प्रष्ट छ।

अहिलेको परिवेशमा सांस्कृतिक सम्पदा संरक्षणमा चीनले एसिया तथा विश्वका लागि अझै ठूलो योगदान गर्नेछ भनेर आशा गर्नेहरू देखिएका छन्। साथै सभ्यताहरू सङ्कुचित घेराबाट निक्लेर एकआपसमा सम्पर्क स्थापित गर्दै नै जीवन्त हुन्छन् भन्ने दाबी पनि देखिन्छ। चीन, जापानजस्ता अति प्राचीन सभ्यता भए पनि उनीहरूको प्रवृत्ति अरूसँग त्यति धेरै सहकार्य नगर्ने, आनुवंशिक नश्लीय शुद्धता कायम राख्न खोज्ने थियो। हाम्रोमा भने वैदिक वाङ्मयका ब्राह्मणग्रन्थहरूमा नै घुलमिल हुने, जातीय, नश्लीय आधारमा सङ्कुचित नहुने, उदार, अरूसँग धेरै झगडा नगर्ने प्रवृत्ति छ। अहिले चिनियाँ राष्ट्रपतिले नै घुलमिल हुन्छौँ, सम्वाद गर्छौँ भन्नु एकदम स्वागतयोग्य छ। हामीले राज्यराष्ट्र सिद्धान्त, सहृदयता दर्शन अनि स्थितिगत्यात्मक प्रगतिवादबाट अगाडि सारेका मान्यताहरूसँग उहाँहरू नजिकनजिक आउँदै हुनुहुन्छ।

सभ्यताहरूमा युग अनुसारको विकास, प्राचीनतामा नवीनता, दीर्घकालीन आकर्षणका साथै सभ्यताहरूबीच आदानप्रदान र पारस्परिक अध्ययन हुनु पर्ने देखियो। एसियाली सभ्यताको पुनरुत्थानमा यो आवश्यक छ। चीन पनि सि चिनफिङको नेतृत्वमा सांस्कृतिक पुनर्जागरणतिर जान खोज्दैछ। माओको नेतृत्वमा भएको क्रान्तिमा चीनको संस्कृतिमा भएको क्षति घातक थियो। डेङ्ग सिओपिङको पालामा आर्थिक कारण देखाएर उनको बाटो छोड्दै जाँदा आज सि चिनफिङको पालामा माओको फोटो मात्र यथावत् छ तर व्यावहारिक मान्यताको सान्दर्भिकता छैन। माओत्सेतुङ आज त्यहाँ फोटोमा छन् तर विचारमा छैनन्। सि चिनफिङले सुरुमा कन्फुसियसको दर्शनमा बढी जोड दिएको देखिन्थ्यो तर अबको चीनको मार्गनिर्देशक सम्पूर्ण एसियाको स्वामित्व भएको वैदिक सभ्यता नै हो र विशेषतः बौद्ध, जैन ज्ञानपद्धति नै हुन्। संस्कृत सिक्न पनि प्रत्यक्ष चासो देखिएको छ। सांस्कृतिक क्रान्तिको नाममा भएको घृणित व्यवहारलाई कम्युनिस्ट पार्टीको नेतृत्वले पापको रूपमा त्यागेको छ र आज कन्फुसियसको सिद्धान्तबाट अगाडि बढ्दै सनातन वैदिक सभ्यता अन्तर्गतका दर्शन एवं बौद्ध, जैन ज्ञानपद्धतिलगायतलाई पनि अध्ययन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर नयाँ युगको सूत्रधार बन्ने प्रयत्न गर्दैछ। अब उनीहरूलाई त्यहाँको राज्यव्यवस्था चलाउन, त्यहाँका अल्पसङ्ख्यक मञ्चु, उइगुर, तिब्बती, हङकङीहरूलाई पनि स्वामित्वबोध गराउनका लागि 'राज्यराष्ट्र' सिद्धान्त अपरिहार्य छ।

हाम्रो दक्षिणी छिमेकमा पनि केही विशिष्ट परिवर्तन देखिँदै छ। सैद्धान्तिक हिसाबले यो महत्त्वपूर्ण छ। धर्मको सार्वभौमिकता र धर्मनिरपेक्षतालाई नकरात्मक अर्थमा सत्तासीन नेताले स्पष्ट वक्तव्य दिएका छन्। बीजेपीको माउ सङ्गठन राष्ट्रिय स्वयंसेवक सङ्घको समेत यसभन्दा अगाडिको तर्क नै हामी असली धर्मनिरपेक्ष हौं भन्ने थियो। अझ त्यहाँको अदालतले पनि हिन्दू भनेको धर्म होइन जीवनशैली, जीवनपद्धति हो भनेर व्याख्या गरेको थियो। यो नेपालको दृष्टिविन्दुबाट बिलकुल नमिल्ने कुरा हो।

नेपाल त वैदिक सनातन धर्मावलम्बी देश हो। सनातन संस्कृतिको मूलभूमि हो र सनातनी अविच्छिन्नता यहाँ छ। तर हिन्दू शब्दमा कहिलेकाहीं भौगोलिकता जोडेर व्याख्या गरिन्छ। खासगरी सावरकरहरूले व्याख्या गरेको हिन्दुत्वमा भौगोलिक पक्षलाई अधिक जोड दिइएको छ। यस्तो हिन्दुत्वले नेपालको आत्मालाई पूर्ण रूपमा बोक्न सक्दैन।

हिन्दुत्वका लागि वैदिक सनातन धर्म, बोन, बौद्ध धर्म लगायतको आशय त्यहाँ रहनुपर्छ। यसका लागि धर्म शब्द नै निर्णायक हो। हाम्रोमा धर्मलाई अर्थ, काम र मोक्षको प्राप्ति प्रधान मानिन्छ। अर्थ, काम र मोक्ष हासिल गर्ने पद्धति भनेको नै धर्म हो र वैदिक, बौद्ध, बोन, जैन र किराँती पद्धतिमा धर्मनिरपेक्ष अथवा धर्मविहीन कुनै पनि कुरा कदापि स्वीकार्य हुँदैन। हिन्दूलाई जीवन पद्धति भनेर भौगोलिकता, नस्लीयतासँग जोडिर अहिले फरक भएतापनि विगतमा त तिमीहरू पनि हाम्रै पुर्खाका सन्तति त हौ नि, त्यसो भएर एक हौं भन्ने तर्क सुन्दा खेरिमा मीठो लागेपनि त्यो घातक छ। यसले नस्लीय रक्तसम्बन्धलाई जोड दिएको छ र रक्तसम्बन्ध यदि एउटै छ भने जुनसुकै विचारधाराको भएता पनि केही फरक नभएको जस्तो विष घोलिएको कुतर्क फैलाउँछ। सनातन मान्यता त 'कृण्वन्तो विश्वंमार्यम्' सम्पूर्ण जनलाई सभ्य सँस्कारित हुन प्रेरित गर्ने उदात्त भावना राख्दछ। नस्लीय, जातीय, प्रजातीय अथवा भौगोलिक हिसाबमा जहाँको भएतापनि विचारधारा, मान्यता, जीवन-दर्शन, विश्वदृष्टिकोण सभ्य राखौं, गुणी हौं, आर्य हौं भनेको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो पद्धतिबाट समन्वयात्मक तरिकाले वैदिक सनातन हिन्दू, बौद्ध, बोन, जैन, किराँतीलगायतका मौलिक रैथाने सबै समुदाय बृहत्तर तरिकाले अर्थ प्रणालीमा, सामाजिक प्रणालीमा, शिक्षा प्रणालीमा, राजनीतिक प्रणालीमा, शासन-प्रशासनमा विश्वदृष्टिकोण राखेर अघि बढ्नु आवश्यक छ । धर्मनिरपेक्ष गलत कुरा हो, विकल्पमा इण्डियाको मोडलको हिन्दुत्व होइन, नेपाली मौलिक ढाँचामा विकास हुनु पर्छ ।

कतिपय मानिसहरूलाई यस्तो मन्थन अकल्पनीय लाग्छ किनभने नेपाल र नेपालीको मानसिकतालाई विषाक्त कपूतन्त्रले भिखमङ्गा बनाइसकेको छ। नेपाल बेहाल अवस्थामा पुगेको अवस्थामा पनि अन्तरवस्तुको विश्लेषण गर्दा चीनका राष्ट्रपति, भारतका प्रधानमन्त्री पनि नेपालमा हामीले वर्षौंदेखि अभ्यास गरेको विचारधाराको नजिक आइरहेका छन् भन्दा त यिनलाई अकल्पनीय हुनेछ। नेपालमा कम्युनिस्ट, काङ्ग्रेस, राप्रपा, समाजवादी अथवा विभिन्न पहिचानवादीहरूले राखेको सबैभन्दा ठूलो महत्त्वाकाङ्क्षा भनेकै विदेशी शक्तिको पुर्सुँगे, दलाल, भरिया, प्यादा, विश्वासपात्र बनेर सत्ताको माद चाख्ने मात्र हो, चाहे त्यो भारत, चीन, अमेरिका वा युरोपको नै किन नहोस् तर हामी दर्शन, वाद र प्रतिमान, विश्वको प्रवृत्ति, प्रकृति र गतिको पनि अनुसन्धान गरेर आएको हुनाले बलिया छौं । नेपालको क्षेत्र, जनसङ्ख्या, अर्थतन्त्रको अल्प आकार देखेर हामी त्रस्त हुँदैनौं। छिमेकमा भएकासँग राम्रो सम्बन्ध पक्कै राख्छौं, व्यक्तिगत तहमा पनि राख्छौं। देश-देशबीचको सम्बन्धमा राष्ट्रिय स्वार्थ हेरेर मात्रै हामी सम्बन्ध राख्नेछौं । यो सानो ठूलो आकारको कुरो होइन, हुन त हात्ती ठूलो छ अनि माउते सानो छ। विश्वपरिवेश र नेपालको स्थिति हेरेर नै नीति बन्ने हो ।

गान्धीको सिद्धान्त समुदायको लागि थियो। त्यसलाई राजनीतिक अथवा राज्यको सिद्धान्तका रूपमा लिन नहुने बोध सम्भवतः उहाँलाई पनि भएको हुनाले भारत स्वतन्त्र भए पछि काङ्ग्रेस भङ्ग गर्नुपर्छ भनेर गान्धी आफैँले भन्नुभएको हो तर राजनीतिक घटनाक्रममा देश टुक्रिनेदेखि लिएर विभिन्न कुराहरू त्यहाँ भए । त्यसका लागि गान्धीलाई दोष दिने भन्दा पनि गान्धीको सिद्धान्तको परिधि बुझेर व्यवहार गर्नुपर्छ ।

बुद्धको सिद्धान्त पनि मूलतः व्यक्तिको लागि हो । प्रसङ्गवश समाजका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको कुरा पनि आउलान् तर बुद्धले दिनुभएको दर्शन, धर्मप्रणाली व्यक्तिको लागि नै हो। व्यक्तिले कसरी निर्वाण हासिल गर्ने भन्नाका लागि हो। अब त्यसलाई समाजतन्त्र वा राज्यतन्त्रको रूपमा लान व्यवहारतः मिल्दैन। एउटा रोगको औषधि अर्को रोगमा प्रयोग गर्दा केही भलो हुँदैन र यसमा औषधिको कुनै दोष छैन, औषधि काम नलाग्ने भनेको पनि होइन। त्यसरी नै बुद्धको दर्शन व्यक्तिको उत्थानका लागि त्यसलाई केन्द्रमा राखेर बनाइएको हो। गान्धीको दर्शन पनि भारतमा लामो समयदेखि साम्राज्यवादी विदेशी विधर्मीहरूको दमनको लामो शृङ्खलाका कारण बलहीन भएको समाजलाई जागृत गराउनका लागि थियो। त्यसलाई आत्मैबाट जागृत गराउनमा हतियार क्षणिक हुन्छ। हतियार नहुँदा त वीरता हराएर जाने भएकाले अहिंसाको दर्शन आवश्यक भयो। हिंसाबाट नडराउने मनैदेखि वीरताको भाव सृजना गर्नका लागि अहिंसाको सिद्धान्त आवश्यक थियो तर त्यसलाई समाज व्यवस्थापनमा लगाउँदा हिन्दूहरूले जस्तो उदार मनले मुसलमानले हेरिदिएनन्। मुसलमानमा पनि कोहीकोहीले पक्कै हेरे। जस्तो सीमान्त गान्धीको उदाहरण दिने गरिन्छ। अहिलेको वर्तमान भारतभित्रै रहेकाहरूमध्य कतिपय मुसलमान उदार भएतापनि बहुमतले त्यसरी हेरेन। नोवाखाली लगायतका ठाउँहरूमा हिन्दूहरू लाखौं मारिएका छन् भारत पाकिस्तान विभाजन हुँदा। सबै समान हुन् भनेर त हाम्रो शास्त्रमा पनि लेखेको छ। समदर्शी हुनु गजब कुरा हो तर समदर्शी परेवाले म ब्वाँसो, स्याल, चितुवा, बाघ, सिंह सबैसँग समान व्यवहार गर्छु भनेतापनि ब्वाँसो वा स्याल समदर्शी भएको रहेनछ भने मासिने त परेवा नै हो। त्यहाँको परिवेशमा सिद्धान्तले काम गरेन, जुन स्वभाविक पनि थियो। हामीले कौटिल्यको अर्थशास्त्रलाई विश्लेषण गर्दा मूलतः यो राज्यशासनका बारे लेखिएको शास्त्र हो। त्यसो भएकाले दर्शनहरू के का लागि र कहाँ प्रयोग गर्ने हो भन्ने कुरामा स्पष्टता हुनु पर्छ।

छेउछाउका घटनाहरूबाट हामीले पाठ सिक्नु पर्छ र स्थितिगत्यात्मक प्रगतिवादको रहस्य यिनै कुराहरूमा छन्। चौथो औद्योगिक क्रान्तिसँगै भारतमा र चीनमा पनि अब अर्थतन्त्रको नयाँ ढाँचाको खोजी हुने नै छ, नयाँ विश्वव्यवस्था अगाडि आउनेछ। आजको नव-उदारवादी भनिएको व्यवस्था सारमा पुँजीवाद सृजित हो। त्यसमा चीनको अथवा अरू कसैको हस्तक्षेपको कारणले गर्दा केही परिवर्तन त आयो होला तर उनीहरू पनि यसैमा समाहित भइरहेका छन्। विश्वको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ परिस्थिति यसले थेग्नेवाला छैन। सहृदयताको अर्थतन्त्रको सिद्धान्त बन्दै छ, अभिनिर्माण भइरहेको छ। सबैलाई उचित सम्बोधन गर्न राज्यराष्ट्रको सिद्धान्तमा आउनुपर्ने छ, आउँदै पनि छन्। अर्थतन्त्रको ढाँचाको प्रसङ्गमा पनि सहृदयतालाई सङ्केतको रूपमा लिन सकिन्छ।

हाम्रो उत्तर र दक्षिण दुवैको सरोकार नै संस्कृति र सभ्यताको रहेको छ। यो प्रसङ्गमा हामीले विचार गर्नु पर्ने पक्ष के हो भने सभ्यताहरू कसरी जीवित रहिरन्छन्, सभ्यताहरू कसरी मर्छन् वा रूप परिवर्तन गर्छन्। जस्तै फिलिपिन्समा गयौं भने त्यहाँ फिलिपिनो छँदै छन्, भाषा पनि बाँकी छ, भेषभूषा पनि होला, खाना पनि केही बाँकी नै होला तर सारमा त्यहाँको धर्म, दर्शन, संस्कृतिको पूरै परिवर्तन भइसक्यो। आधुनिक फिलिपिन्सले आफ्नो इतिहास, गौरव, सम्मानलाई बोक्न सकेको छैन। अफ्रिकामा पनि यस्ता धेरै देशको उदाहरण आउँछन्। चर्चित भनाइ नै छ नि - ' पहिले हामीसँग जग्गा, जमिन, समृद्धि सबै थियो, उनीहरूको हातमा बाइबल मात्र थियो। उनीहरूले अरू कुरा छोड बाइबलमा पढ भने। आज हामीसँग बाइबल मात्र छ, धन, सम्पत्ति, समृद्धि, जग्गा, सत्ता सबै उनीहरूसँग छ।' यस्तो उल्टो परिवर्तन पनि हुन्छ। कहिले सार नै नरहने अवस्था पनि आउन सक्छ भने कतिपय अवरोह झेलेर फेरि प्रखर भएर आउँछ।

हाम्रो छिमेकी भारतमा मुगल, अङ्ग्रेज हुँदै घुस्रिएर धर्मनिरपेक्ष शासन, समाजवादका नाममा भारतको सांस्कृतिक बोधलाई पटक्कै नबोक्ने आयातित विचारधाराबाट शासन चलेर अहिले पुनरुत्थान हुन खोज्दै छ। अझै पनि उनीहरूले अब शैक्षिक, आर्थिक लगायतका ढाँचाहरू आफ्नो बनाउन सकेनन् भने दिगो हुनेवाला छैन तर पनि कतिपय अवस्थामा जागरण भएको देखिन्छ। इजरायलीहरूले त हिब्रु भाषा मेटिएर जान लागेको अवस्थाबाट फर्केर जीवन्त प्रखर राष्ट्रको रूपमा अगाडि आउनु पनि उदाहरणीय छ। यसको कारण विचारणीय छ। अहिले कतिपय सभ्यताहरू म्युजियम अथवा किताबमा मात्रै छन्। यसको कारण खोज्न विभिन्न अध्ययनहरू भएका छन्। त्यस क्षेत्रमा भएको जलवायुमा यति ठूलो परिवर्तन भयो कि त्यसलाई थेग्न नसकेर सारा मासिए अथवा जीवन यति कष्टकर भएर मारिए, मासिए वा बसाइँ सर्नु पऱ्यो। हाम्रोमा पनि प्रसङ्ग आउँछ श्रीकृष्णले बसाइँ सारेर द्वारिकामा नयाँ सहर बसाल्नु पऱ्यो। जरासन्धले बारम्बार आक्रमण गरेपछि त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानु पऱ्यो र द्वारिका पनि पछि श्रीकृष्णको देहावसानपछि जलमै विलीन भयो।

मिश्रका ठूला पिरामिडको प्रयोजन र तिनको रहस्य अझै पत्ता लागेको छैन। क्रमानुगत प्रक्रियाले नै मानवसभ्यता विकास हुँदै आयो भन्ने एउटा भनाइ छ। उच्चतम विकास पहिल्यै हासिल गरेको थियो र अहिले पुनः विकास हुँदै गरेका मान्यता पनि छन्। मान्यता विभिन्न छन् तापनि कतिपय सभ्यता यसरी मासिएर जाँदा रहेछन्। कतिपय पुनर्जागृत हुने कारण भने आशा, आत्मविश्वास र आत्मीयताको सम्बन्धमा मानिसहरू जोडिनु नै हो। सभ्यताका अनुयायीहरूमा पुनर्जागरणको बोध भएपछि अवरोहबाट फेरि जाग्रत हुने रहेछन्। पश्चिममा फिनिक्स भन्ने चराको कथाजस्तो। त्यो वृद्ध भएपछि खरानी हुन्छ र फेरि खरानीबाटै बिउँझिएर तङ्ग्रिएर आउँछ भने जस्तो। हाम्रोमा सत्य, त्रेता, द्वापर अनि कलियुग हुँदै फेरि सत्ययुगमा पुग्ने कुरा छ। यसबारे हामीले 'नेपालको पुनर्जागरणको अर्थ र आधार' पुस्तकमा पनि चर्चा गरेका छौँ। यदि शासनतन्त्र, शासक अथवा विश्वव्यवस्था अनुकूल भयो भने जुन कुनै बेला स्वतः सत्ययुगको प्रवर्तन हुन सक्छ। पुनर्जागरण बोध भनेकै फेरि जागृत भई अवरोहबाट माथि उठ्नु हो। यसलाई अङ्ग्रेजीमा ग्रान्ड न्यारेटिभ (Grand Narrative) भन्न सकिन्छ। जबकि पोस्ट-मोडर्निस्ट भन्नेहरूको सबभन्दा ठूलो प्रहार नै मोडर्निजमको समयमा धार्मिक मान्यताको ग्रान्ड न्यारेटिभ काम लाग्दैन र अब स्मल न्यारेटिभहरू चाहिन्छन् भन्नु हो। नेपालका विश्वविद्यालयमा पढ्नेहरूलाई त अहिले पनि पोस्ट-मोडर्निजम अथवा डि-कन्स्ट्रक्सनको बहस नयाँ लाग्ला। तर विश्वमा यो पनि गतार्थ भइसक्यो। आज पोस्ट-मोडर्निजमको युग होइन। पोस्ट-पोस्ट-मोर्डनिजममा गइसकियो। पोस्ट-ग्लोबलाइजेसनमा गइसकियो। ग्लोकलाइजेसन (Glocalization)मा गइसक्यो। यो हिसाबमा हेर्दा ग्रान्ड न्यारेटिभ वा स्मल न्यारेटिभ भन्नेहरूले पनि ग्रान्डनेस (Grandness) खोज्ने गरेको पाइन्छ। हाम्रो गरिबको मसिहा हो, गरिबको नेता हो भने पनि नेता भइसकेपछि उनलाई हीराको हार लगाइंदिनु पर्ने, ब्राण्डेड लुगा लगाइदिनु पर्ने। अलिकति आफूले ठाउँ पायो भने आफ्नो सानो घेराभित्रै पनि ग्रान्ड न्यारेटिभ बनाउन खोजेको देखियो।

नेपालमै सङ्घीयतामा जानु पर्छ भनियो तर सङ्घीयतामा यो क्षेत्र फलानो जातीय समुदायको हुनुपर्छ - मगरात, ताम्सालिङ, नेवा, खसान अथवा शेर्पासम्मको कुरा आयो। यसरी हेर्दा त डि-कन्स्ट्रक्सन भन्ने, ग्रान्ड न्यारेटिभ हुनुहुँदैन, लोगो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेन्ट्रिक हुनुहुँदैन भन्ने तर मौका पाए आफ्नो किलो गाड्ने प्रवृत्ति देखियो । अहिले मान्छेहरू कम्प्युटर सायन्स, आर्टिफिसयल इन्टेलिजेन्स, जेनेटिक इन्जिनियरिङ, न्युरोलोजी आदिमा भएको विकासले गर्दा टेक-रिलिजन आउँदैछ र अब पुरानो धर्मले बाध्न सक्दैन भन्ने बहस गर्दैछन् । यो पनि समीक्षा गर्न योग्य छ । क्रिश्चियन रिलिजन युरोपमा एउटा विशेष बेलामा विकास भएको थियो भलै त्यसको जरो इजरायलमा जन्मेका जीसस क्राइस्ट थिए । यसले आधुनिक रूप त युरोपमा नै पाएको हो । तर अहिले युरोपमै असान्दर्भिक भएको छ । चर्चका चर्च खाली हुँदैछन् । धेरै जनसङ्ख्याले आफूलाई नास्तिकका रूपमा एथिस्ट (Atheist)-लेख्ने क्रम त्यहाँ बढेको छ । मजहबवालाहरूले कयौँ शताब्दीअगाडि लेखेको किताबको केही पनि कुरा परिवर्तन गर्न नसक्दा अथवा स्थितिगत्यात्मक हुन नसक्दा अहिले आइसिस (ISIS), तालिवान, अलकायदा, बोकोहरामका जस्ता गतिविधि भइरहेका छन् । 'कि हस्तिनापुरको राज कि चपरी मुनीको बास' भनेझैँ 'कि तँ छैनस् कि म छैन' भने जस्तो अथवा बाइनेरी सिस्टममा जस्तै 'कि इस्लामिक क्यालिफेट हुन्छ कि हामी बरु मारिन्छौँ' भनेर जिहादी आक्रमण गर्ने क्रम पनि देखिएको छ । एक हिसाबमा प्रविधिको क्षेत्रमा आएको परिवर्तनसँगै विज्ञानको प्रभुत्व बढेको छ । साथै रिलिजनको अथवा मजहबको असान्दर्भिकता बढेको कुरामा कतै न कतै बलियो तर्क पनि छ । तर धर्मको बृहत् सांरचनिक पद्धतिसँग स्थितिगत्यात्मकता जोडिएको हुनाले चौथो औद्योगिक क्रान्ति र त्यसपछि पनि धर्मले सान्दर्भिकता कायम रहन्छ । धर्म धार्मिकतायुक्त विज्ञानसँगै जानेछ र यो सान्दर्भिक हुनेछ ।

विभिन्न कथाहरू संसारमा बेला बेलामा चलेका हुन्छन्, त्यस्तैमध्ये एउटा कथा दिने व्यक्ति कार्ल मार्क्स हुन् । कार्ल मार्क्सको चर्चा नेपालको सन्दर्भमा अनिवार्य किन हुन गयो भने आज पनि नास्तिक भनिन रुचाउनेहरू ईश्वर भन्ने हो भने कार्ल मार्क्सलाई भने हुन्छ भन्ने खालको सोच राखेका व्यक्तिहरू यहीँ छन् । व्यवहारमा निजी सम्पत्ति लुट्ने, सरकारी जगाजमिन लुट्ने, अहिले मन्त्री भइसक्दा पनि सरकारी दस्तावेजमा सुकुम्बासी भनी लेखाउने । व्यक्तिगत रूपमा ठूलो सम्पत्ति रहँदारहँदै पनि सरकारी कोषको दोहन गर्ने, निर्लज्ज नाफामुखी स्कुलहरू चलाउनेमा पनि यिनको हालीमुहाली छ । निर्लज्ज नाफामुखी संयन्त्र चलाउने तर साइनबोर्ड कम्युनिस्टकै राख्ने, पूजा मार्क्सकै गर्ने । यसरी त मार्क्सवाद वास्तवमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै सिद्धान्तभन्दा पनि रिलिजन वा मजहब जस्तो बनेको छ। रिलिजन वा मजहब हुनलाई कुनै दिव्य पुस्तक (Holy Book), प्रारम्भकर्ता वा मसिहा अनि अधिनायक सङ्गठनपद्धति चाहिन्छ। आफूलाई कम्युनिस्ट वा समाजवादी भन्नेहरूसँग त्यस्तो पुस्तक छ, मसिहा छ र अधिनायक सङ्गठन पद्धति पनि छ। लेनिनवादी संगठन पद्धति भनेको के हो त ? रुसकै कम्युनिस्ट पार्टीको महासचिवले भनेका थिए कि हाम्रो सोभियतसङ्घमा सारा देशलाई कम्युनिस्ट पार्टीले आफ्नो पकेटमा राख्दछ, कम्युनिस्ट पार्टीलाई केन्द्रीय समितिले खल्तीमा राख्दछ, केन्द्रीय समितिलाई पोलिटब्युरोले र पोलिटब्युरोलाई महासचिवले पकेटमा राख्दछ। महासचिवले बोलेको नै देशको सारा काइदा कानुन हुन्छ। त्यसैले स्टालिन हुन्जेल स्टालिन ठीक, स्टालिन मरिसकेपछि उनका उत्तराधिकारीले स्टालिनको ७० प्रतिशत र आफ्नो ३० प्रतिशत भनेर विश्लेषण गर्न थाले। स्टालिन हुन्जेल उनका अगाडि कोही पनि बोल्न सक्दैनथे। एउटा व्यक्तिले नै सबै कुरोमा हालिमुहाली गर्ने पद्धति राख्ने तर नाम भने कम्युनिस्ट। कम्युनबाट कम्यनिस्ट बनेको छ। बिलकुल अलग पद्धतिमा गइसक्दा पनि नामको मजहबी रटान छ। यो कुरो फेरि उनीहरूलाई मात्र लागू हुँदैन। यति हुँदाहुँदै पनि किन साम्यवाद, कम्युनिजम, समाजवाद अथवा कार्ल मार्क्सलाई अगाडि सारिन्छ त ? केवल एउटा आशा वा लक्ष्यजस्तो देखाउन मात्र। जुन देशमा शिक्षाको विस्तार औपचारिक डिग्रीको रूपमा मात्र होइन नीरक्षीर विवेक (Critical Thinking)मा भएको छ, मार्क्सवाद राजनीतिक दर्शनको रूपमा निरर्थक र अहितकारी भनेर बुझेका छन्। क्रुसेड र जिहादले मारेको भन्दा कम्युनिजमको नाममा मरेका मान्छेको सङ्ख्या केही कम लाग्ला तर तुलनात्मक रूपमा समयखण्ड हेर्दा करिबकरिब १५० वर्षमा धेरै नै जनभक्षण गरेको देखिन्छ। यस्तो हुँदाहुँदै पनि कार्ल मार्क्सलाई सम्झिरहनुपर्ने कारण के हो त ? राजनीतिक दर्शनका रूपमा काम नलागे पनि समाजको व्याख्या गर्ने दर्शनको रूपमा मार्क्सवादमा केही विशेषता छन्। गरिब, दुःखी, पीडित वर्गको दृष्टिकोणलाई प्रबल आवाज कार्ल मार्क्सले दिएकै हुन्। यो हिसाबले हेर्दा समयक्रममा आएका विभिन्न मानकका आफ्ना आफ्ना विशेषता रहन्छन् र मार्क्सले पनि एउटा मानक दिन खोजेका थिए। पुँजीवादी समाजको व्याख्यामा 'कमोडिटी फेटिसिजम' भन्ने सिद्धान्त ल्याए तर सारमा नेपालमा यो काम लाग्दैन। मार्क्सवादलाई एउटा क्रिटिकल टुल (Critical Tool)को रूपमा विश्लेषण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न, उपयोग गर्न सकिन्छ। प्रतिमानको रूपमा होइन प्याराडाइमका रूपमा, आदर्शको रूपमा होइन उपमानका रूपमा, कम्प्यर एण्ड कन्ट्रास्ट (Compare & Contrast) गर्नका लागि यो काम लाग्छ। त्यसैले मात्र यसको ऐतिहासिकता छ, एउटा सान्दर्भिकता छ तर अबको विश्वलाई व्याख्या गर्ने, अबको नेपाललाई व्याख्या गर्ने, अबको नेपाललाई मार्गनिर्देशन गर्ने दर्शनको रूपमा मार्क्सवाद रहेको छैन। पुँजीवाद अथवा उदारवाद अथवा नवउदारवादले विकल्प दिने सन्दर्भमा समेत यी दुइटैले खुसी दिन सक्दैनन् भन्ने निष्कर्षमा विश्व पुगिसकेको अवस्था छ।

विज्ञान, प्रविधि र डाटाबेसले गर्दा संसार धेरै सहज भइसकेको छ। आज सभ्यताहरूको सङ्घर्ष नगराउन सम्भव छ। हरेकले आफ्नो सेरोफेरो, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारका सीमा र तिनलाई सुनिश्चित गर्ने हो भन्ने व्याख्यालाई व्यवहारमा ल्याउनलाई सम्भव भएको छ। स्थितिगत्यात्मक हुने हो भने कम्प्युटर सायन्स, आर्टीफिसयल इन्टेलिजेन्स, जेनेटिक इन्जिनियरिङ अनि न्युरोलोजी लगायतका क्षेत्रमा भएका विकासहरूसँग धर्मको तादात्म्य राख्न सकिन्छ। खास गरी उदार विश्वव्यवस्था बनाउनमा रिलिजन र मजहबको होइन कि धर्मको ठूलो योगदान हुने देखिन्छ। निश्चित एकाइहरूमा राज्यका आधारमा राष्ट्रियतालाई व्याख्या गर्ने, निश्चित एकाइमा रहेका विविध जाति, प्रजाति/नस्ल, भाषाभाषी, भौगोलिक क्षेत्रका निवासी सबैलाई एउटै बृहत्तर राष्ट्रिय एकाइभित्रका परिपूरक अथवा कम्तीमा सहजीवी अवयवहरूका रूपमा लिन सकिने सैद्धान्तिक ढाँचा विकास भइसकेको छ।

दर्शनको तहमा 'ग्रेटेस्ट गुड फर ग्रेटेस्ट नम्बर' भनेर वा दुई वर्गमध्ये एउटा वर्गको मात्रै उत्थान हुनसक्ने दृष्टिकोणले हुँदैन भन्ने बोध गरेर, 'सर्वे भवन्तु सुखिनः' सबैको कल्याण एकै चोटी गर्न विश्वव्यवस्था, राज्यव्यवस्था, संरचना र आर्थिक प्रणाली बनाउन सकिन्छ भनेर हामी लागेका हौँ। विज्ञानमा पहिला त हाइपोथेसिस (Hypothesis) बन्नु ठूलो कुरा हो। हाइपोथेसिस बनेपछि त्यसको परीक्षण गर्न सकिन्छ। यदि हाइपोथेसिस स्वीकार्य भएन भने विकल्पमा जाने हो। आज हामीलाई एउटा हाइपोथेसिसले बताएको विश्वमा एउटा वर्गले क्रान्ति गरेर, पुँजीवादको पतन गराएर, प्रोलिटेरियटहरूको डिक्टेटरसिप हुँदै अन्ततोगत्वा साम्यवादसम्म पुऱ्याउने कथा असान्दर्भिक भइसकेको छ। अर्को कथाले राज्यको खासै केही भूमिका छैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा नियमनकारी मात्रै हुने हो तर व्यक्तिलाई अथवा बजारका संरचनाहरूलाई काम गर्न दियो भने सबै कुरा ठीक भइहाल्छ भन्ने मान्छ। एडम स्मिथदेखि लिएर त्यहाँ लामो पंक्ति छ। यो पनि सर्वहितकारी हुन सकेन। त्यसका कारणले गर्दा प्रकृतिको निर्मम दोहन भयो। पृथ्वीमा हुने र नहुने बीचको खाडल बढेकै छ। एक प्रतिशत मान्छेहरूसँग ९९ प्रतिशत सम्पत्ति छ भन्ने आएको छ। तथ्याङ्कमा हेर्दा अवश्य पनि तलमाथि होला तर पनि शक्तिशालीमा मात्र स्रोत थुप्रिनुलाई उदारवादी विश्वव्यवस्था भन्न मिल्दैन। साथै चौथो औद्योगिक क्रान्तिमा आर्टिफिसयल इन्टिलिजेन्स लगायतका कारणले युजलेस वर्कफोर्स (Useless Workforce) धेरै हुने भयो। लाखौं मान्छेको काम गर्नका एउटै मेसिनले सक्षम भइसकेपछि ती मानिसहरू अब के गर्लान् त ? त्यस्ता बेरोजगार मानिसहरू बहुसङ्ख्यक हुने हुनाले ठूलो सङ्कट आउने आँकलन अथवा प्रक्षेपण गरिएको छ। त्यसको समाधान पनि यो अहिलेको नवउदारवादले, बजारवादले तत्काल दिन सक्दैन।

यहाँनेर रोचक कुरा के छ भने वेदमा मानवलाई भारका रूपमा कतै हेरेको छैन। वैदिक वाङ्मयमा मन्त्रसंहिता, ब्राह्मण, उपनिषद्, आरण्यकसम्ममा पनि सन्तान जसरीसुकै पाइएको होस्, सन्तान जसले पाएको होस् त्यसको अपनत्व लिएको देखिन्छ। पुराणमा के देखिन्छ भने मान्छे धेरै पापी भएर तिनीको भारले पीडित भएकी पृथ्वी रुँदै ब्रह्माजीसँग गुहार माग्न गइन्। अनि भगवान् विष्णुले अवतार लिएर पापीको नाश गरेर फेरि पृथ्वीमा स्थिति कायम गर्नुभयो। अवतारको मुख्य प्रयोजन नै पृथ्वीमा रहेको विसङ्गतिलाई यहीं आएर स्थितिमा ल्याउनुमा देखिन्छ।

अझै आधुनिक प्रविधिको विकाससँगै जनसङ्ख्यालाई अन्य आकाशीय पिण्डमा लैजान अध्ययन हुँदैछ। चन्द्रमामा वा मङ्गल ग्रहमा पो बसाइँसराइ गराउन सकिन्छ कि भनेर अन्वेषण हुँदैछ। यो ठूलो प्रतिमान परिवर्तन हो। भोलि सफल होला नहोला, कति समय लाग्ला, प्रत्यक्षलाभ लिने पहिला को होलान् त्यो आफ्नो ठाउँमा छ।

विगत हेर्‍यौं भने त बस्तीका बस्ती मान्छेहरूसहित जिउँदै जलाउने शासकहरू भएका छन्। मध्य एसियाको तैमूरलुङ्ग, मंगोलियाका चङ्गेज खान, कुबलाई खानहरूले गर्ने आक्रमण आततायी थिए। तर आज विश्वमा दोस्रो विश्वयुद्ध पछाडि सानासाना लडाइँहरू भइरहे पनि ती लडाइँभन्दा सडक दुर्घटनामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेर मारिने मान्छेको सङ्ख्या धेरै छ। युद्धलाई धेरै हदसम्म रोक्न सकिएको छ। पहिला राज्यका सीमाहरू धेरै परिवर्तन हुन्थे। अहिले त धेरै हदसम्म स्थिर रहेको छ र राष्ट्रराज्य सिद्धान्तलाई हामीले चाँडै नै इतिहासको फोहोरमा मिल्काइदिन सक्नुपर्छ। साथै राज्यराष्ट्र सिद्धान्त अपनाउन सके सीमाहरूको लागि हुने लडाइँहरू बन्द हुनेछन्। यो नयाँ विश्वपरिवेशमा विश्वव्यवस्थालाई हाक्न सक्ने सिद्धान्तले एउटा वर्ग वा बहुसङ्ख्यकलाई मात्र लिएर बढ्न मिल्दैन। जस्तो भारतकै कुरा गर्दाखेरिमा केही अगाडिसम्म अल्पसङ्ख्यकलाई तुष्टीकरण हुने गरेको थियो अब भने ग्राटिफिकेशन अफ द मेजोरिटी (Gratification of the Majority) - बहुसङ्ख्यकले आफ्नो नेतामा गर्वको बोध गर्ने स्थितिमा पुग्यो तर यो पनि "सर्वे भवन्तु सुखिनः" होइन।

"सर्वे भवन्तु सुखिनः"लाई "सर्वधर्म समभाव" भन्नु मूर्खता हो। किनभने आजको युगमा "सर्वधर्म समभाव" भन्नु स्याल, ब्वाँसा र परेवा उस्तै हो भने जस्तै हो। आज हरेक धर्म भनिएको सम्प्रदायसँग जोडिएको किताब छ भने, मसिहा वा प्रोफेट छ भने उसले राखेको विश्वदृष्टिकोण कस्तो होला ? त्यहाँ अन् वा अफ् (On or Off) भनेजस्तो कि आफ्नो हुने कि अरूको हुने भन्ने मात्र मान्यता छ कि ? सबैका लागि स्थान हुने-नहुने विश्लेषण नगरी "सर्वधर्म समभाव" भन्नु मूर्खता हो। अब त्यसलाई मिलाउने कसरी त ? अहिलेको अनुसन्धान, डाटाबेस, अभिलेखन पद्धतिले गर्दा हरेक सम्प्रदायको सामञ्जस्य र द्वन्द्व निम्ताउने कारण पहिचान गरेर द्वन्द्व नहुने विशेष क्षेत्रहरू बनाउन सकिने अवस्थामा हामी पुगिसक्यौँ।

विज्ञानको बुद्धि र प्रविधिका साथै धर्मको विवेक हुने परिस्थितिमा सहृदयताको सम्बन्ध रमाउन सक्छ। हरेक व्यक्तिले आफ्नो पहिचान राख्न अर्काको पहिचान नामेट पार्नु पर्दैन। आर्टिफिसयल इन्टीलिजेन्सका माध्यमबाट प्रविधिलाई विनाशकारी प्रयोजनको लागि प्रयोग नै गर्न नमिल्ने बनाउन सकिन्छ। कल्याणकारी प्रयोजनका लागि मात्र प्रयोग गर्न सकिने आशा छ। यसको व्यवस्थापनका लागि सहृदयता दर्शन मार्गनिर्देश दर्शन मान्न सकिन्छ। सामान्य उदाहरण छ नि - उही चक्कु गृहस्थीले पाउँदा तरकारी काट्न प्रयोग हुन्छ। मेडिकल डक्टर, सर्जनले सर्जरी गर्न पनि प्रयोग गर्न सक्छ तर डाँका, गुन्डा, फटाहा, हत्याराले पायो भने अरूलाई आक्रमण पनि गर्न सक्छ। त्यसैले प्रविधिसँग नडराउने तर प्रविधिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको विवेक राखेर सुसञ्चालन गर्ने दृष्टिकोण मार्क्सवाद, कम्युनिजम, समाजवाद, निर्लज्ज नाफामुखी बजारवाद आदिले दिँदैनन् । "अयं निजः परो वेति गणना लघुचेतसाम् । उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।" सारा संसारलाई आफ्नै कुटुम्ब मान्ने विवेकले मात्र सक्छ ।

पश्चिममा विकसित उच्चतम दर्शन मानवतावाद हो । रिलिजन, मजहब, आइडियोलोजी, रेस, इथ्निसिटी, नेशनालिटीभन्दा पनि माथि उठेर मानवलाई मानवको व्यवहार गर्नु पर्छ । सनातन दर्शनमा त अझ उन्नत विचार रहेको छ । जगत्मा रहेका चराचर वस्तुमा एउटै चेतनाको अंश छ । सबै परमात्माका अंश हुन् । विश्वलाई यो दृष्टिकोण आवश्यक छ । यस्तो व्यवहार कसरी गर्न सकिन्छ, किन गर्नुपर्छ, के के विधिबाट गर्न सकिन्छ भन्ने व्याख्या गर्न सिद्धान्त आवश्यक पर्छ । स्थितिगत्यात्मक प्रगतिवादको चेत यसका लागि आवश्यक छ । स्थितिले आफ्नो जरो के हो, आफू कहाँ छु, म के हुँ, हामी के हौं, हाम्रो सभ्यता के हो, हाम्रा मान्यता के हुन, हाम्रा मानक के हुन् भनेर दृष्टि दिन्छ भने गतिले आफूलाई परिष्कार गराउँछ । यदि केही कुरा आफूलाई मन पर्दैन भने त्यो स्थितिको पक्ष हो । यो कुरा अरूलाई पनि मन पर्दैन भन्ने थाहा पाउनु गतिको पक्ष हो । "आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्"लाई व्यवहारमा ल्याउनु नै स्थितिगत्यात्मकता हो । स्थितिगत्यात्मकतातिरै हाम्रा दुइटा मित्र राष्ट्रहरूका प्रमुख सि चिनफिङ र नरेन्द्र मोदी विश्वदृष्टिकोण राखेर बढ्न खोज्दै हुनुहुन्छ । सभ्यताको पुनरुदय र सभ्यताहरूमा संवाद हुनुपर्छ भन्दै हुनुहुन्छ । सभ्यताहरूको सङ्घर्ष त पश्चिमले भोगेको थियो । त्यसका लागि सिद्धान्तकारलाई गाली नगरौं । मार्क्सभन्दा पनि मार्क्सवादको झण्डा बोकेर नरसंहार गर्नु स्टालिन, लेनिन, पोल पोट, चाउचेस्कुहरूको कमजोरी हो । मार्क्सले विचार ल्याएकाले दोषभागिता त छ तर मूलतः विचारकभन्दा विकृत प्रयोग गर्नेहरू दोषी हुन् । चीनमा आज पनि माओत्सेतुङको मूर्ति छ, सालिक छ तर विचार कहीँ छैन । कन्फुसियसको विचारभन्दा अगाडि बढ्दै सभ्यताहरूबीच संवाद गर्नु सराहना योग्य छ तर निष्कर्षमा पुगिसकेको छैन । श्रेष्ठता हाम्रै मात्र हुनुपर्छ भन्नु पनि मान्य भएन । नेपालमा हाम्रो कुरा मात्र लागू गर्नु पर्छ भन्नु मौलिकताको आवरणमा फासिष्ट विचारधारा हो । आफ्ना सबै राम्रा र आफूभन्दा फरक समुदायका सबै नराम्रा ठान्नु फासिष्ट शैली हो । संसारमा त्यस्तो हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरेक जाति, प्रजाति, नस्ल, धर्मका अनुयायीमा राम्रा-नराम्रा दुवै मान्छे हुन्छन् । कुनैपनि समुदायको मार्गनिर्देशक सिद्धान्त सर्वव्यापी, सर्वसमावेशी सिद्धान्त छ कि छैन विचार गर्नुपर्छ । कतिपय रिलिजनका वा मजहबका किताबमा सबैका लागि ठाउँ खुल्ला छैन । कतिपय राजनीतिक दृष्टिकोणमा सबैका लागि ठाउँ खुल्ला छैन । मार्क्सवाद वा पुँजीवादको आलोचना मार्क्स वा एडम स्मिथको फोटो मन नपरेर गरिएको होइन । पुँजीवादले अधिकतममा ग्रेटेस्ट गुड फर ग्रेटेस्ट नम्बर मात्रै भन्ने भो । मार्क्सवाद अथवा समाजवादले अधिकतममा एउटा वर्गको मात्र हित गर्ने भयो । राज्यको सार्वजनिक सम्पत्ति जम्मै हडपेर समाजमा धनी नै अपराधी हो कि जस्तो गर्ने प्रवृत्ति पनि गलत हो ।

हाम्रो सनातन पद्धतिमा अर्थको उपार्जन धर्मपूर्वक हुनुपर्छ । अर्थको उपभोग काममा गरिन्छ । कामोपभोग पनि धर्मपूर्वक हुनुपर्छ तर धनी हुनु नराम्रो होइन । धनी हुन निर्लज्ज नाफाखोर हुनु, पापी हुनु, आततायी हुनु त दण्डनीय हो । जस्तो अवस्थामा जन्म [illegible] पनि आफ्नो पौरख गरेर समृद्धि ल्याउन सक्नुपर्छ भन्ने हाम्रो मान्यता हो तर समाजवादी व्यवस्थाले समाजमा धेरै मानिसहरूलाई निर्लज्ज आशे बनाउँछ । राज्यले के देला ? नेताले के देला ? नेता आए हुरुरु जाने एक्काइस किलो, एकाउन्न किलोका माला लगाइदिने । योभन्दा मूर्ख कार्य केही हुनै सक्दैन । यो परिस्थितिमा पुऱ्याउने हाम्रो कपूतन्त्र हो । 'नङ्गा नहाएगा क्या और निचोडेगा क्या' भनेजस्तो अवस्थामा पुगेकाको कल्याण गर्ने भावना गलत होइन तर यसमा ढङ्ग पुगेन । आज प्रविधि र सञ्चारको विकासले गर्दा संसारै जोडिएको छ । ज्ञानको विस्फोट भएको छ । ज्ञानको व्याप्ति चारैतिर पुगेको छ । यसमाथि धर्मको विवेक प्रयोग गर्ने हो भने हामी सहृदयताको सम्बन्धमा पुग्छौँ । यस्ता चिन्तनहरू एउटा निश्चित रूपरेखामा अभिनिर्माण गरिन्छन् । सिद्धान्तका रूपमा राज्यराष्ट्र सिद्धान्तको अभिनिर्माण गरिएको छ । सहृदयता दर्शनको अभिनिर्माण गरिएको छ । स्थितिगत्यात्मक प्रगतिवादको अभिनिर्माण गरिएको छ । हेर्दा ससाना लागेपनि, सङ्ख्यामा कम भएपनि घनघोर चुक घोप्टिएको जस्तो अँध्यारोमा जुनकिरीले पिलपिल गरेको दायरा उज्यालो देखिन्छ । सानो अगुल्टो पनि उसको दायरामा उज्यालो देखिन्छ । यो उज्यालोलाई अझै व्यापक र विस्तृत गर्नु आवश्यक छ । अँध्यारो जतिसुकै प्रबल भएपनि उज्यालोको एक झिल्काले आफ्नो दायरासम्म अँध्यारोलाई परास्त गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई हामीले व्याख्या-विस्तार गर्न सकेनौं भने त भोलि यसको श्रेय अर्कैले लिन सक्छ। जुम्ली मार्सी धान अथवा हलेदो बेसारको पेटेण्ट राइट (Patent Right) अर्कैले लिएजस्तो । यहाँ त ॐ ध्वनिको पनि पेटेण्ट राइट जर्मनीको एउटा कम्पनीले दर्ता गराइसकेको थियो । बासमती चामल, हलेदो बेसारको अमेरिकन कम्पनीले गरिसकेको थियो । कति फिर्ता भए कति फिर्ता भएका छैनन् । हामीले गरेकै जस्तो कुरामा अर्कैले पेटेण्ट राइट दर्ता गर्ने पनि हुन सक्छ तर उनीहरूलाई जरो कुरा त थाहा छैन। यसको अन्तर्य, दार्शनिक पक्ष, विश्वदृष्टिकोण थाहा नभएकाले बाँदरको हातमा नरिवल पो बनाउलान् कि भन्ने डर मुख्य हो । सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, आधारशिला चतुष्टय लगायतको सही व्याख्या-विश्लेषण हुन जरुरी छ। साथै यसको स्वामित्व बोध गर्नु र क्षणिक फाइदाभन्दा जनसमुदायलाई मूल जानकारी दिनु पनि उत्तिकै जरुरी छ। प्रतिमान (Paradigm) का रूपमा स्थितिगत्यात्मक प्रगतिवादको विकासलाई जान्न सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, आधारशिला चतुष्टय, पारिस्थितिक सम्भाव्यताको नियम, सातत्य दृष्टिकोण, सम्मेयता गुण आदिको सन्दर्भलाई पनि विचार गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ४

बन्धनबाट मुक्ति

वैदिक वाङ्मयमा भएको पुरुषसूक्तको धेरै चर्चा हुने गरेको छ। धेरै कोणबाट विश्लेषण गर्ने क्रममा विरोधीको जमात पनि ठूलो छ। यसमा रहेको मन्त्र "ब्राह्मणोस्य मुखमासीद् बाहू राजन्यः कृतः ऊरु तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत"को व्याख्या गर्नेहरूले ब्राह्मण मुखबाट, क्षत्री बाहुबाट, तिघ्राबाट वैश्य र पाउबाट शूद्र जन्मियो भनेर अर्थ गर्छन्। यो अर्थको विश्लेषण गरौं। वेदमा मुखबाट बाहुन जन्म्यो अथवा यो अङ्गबाट यसरी जन्म्यो भनेर अवैज्ञानिकताको आरोप लगाउने गर्छन्। करङ्गको हड्डीबाट स्त्री जन्मेको कथालाई मान्नेले समेत यसको आलोचना गरेको देखियो। अर्कातिर भने शूद्र वर्णलाई खुट्टाबाट जन्मेको बनाएर विभेद भएको व्याख्या गरेको देखिन्छ। शरीरका अङ्गमध्ये साष्टाङ्ग दण्डवत् ढोग गर्नुपर्दा भने खुट्टामै गरिनुको चर्चा नगरेको पनि देखिन्छ। तुलनाका साथ विश्लेषण गरे सत्यको आधार तयार हुन्थ्यो। सोभो अर्थमात्र लगाउने तरिकाले त मनमा दन्किरहेको ज्वाला, भतभती पोलिरहेको हृदयले कसरी बुझ्छ होला ? साँच्चिकै मनमा ज्वाला दन्कने त होइन नि। मनको ज्वालाले त साङ्केतिक रूपमा अवस्था के छ भनेर वर्णन गर्न खोजिएको हो। समाजमा रहेका फरकफरक वर्णहरूले गर्ने कामको आधारमा रूपक व्याख्या गरिएको थियो।

मुखले वाणी निकाल्छ। ज्ञान र चेतना फैलाउने गर्दछ। त्यस्तै समाजमा केही मानिसले ज्ञानसँग सम्बन्धित काम गर्छन्। शरीरमा बाहुले बलसँग सम्बन्धित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामहरू गरिरहेको छ। त्यस्तै समाजमा केही व्यक्तिहरू बलसँग सम्बन्धित रही समाजको रक्षा, आक्रमण, प्रत्याक्रमण गर्दछन्। समाजको यथार्थ के हो भनेर अङ्ग्रेजीमा मेटाफर (Metaphor) भनेझैँ शब्दको अभिधा, लक्षणा र व्यञ्जना शक्तिको उचित तात्पर्य ख्याल नगरेर सिधै अङ्गबाट जन्मियो भन्ने हिसाब गडबड छ। शरीरमा तिघ्राले सम्पूर्ण शरीरको भार धान्ने गर्दछ। त्यस्तै समाजमा केही व्यक्तिहरूले समुदायलाई आवश्यक विविध सेवासुविधा उपलब्ध गराउँछन्। शरीरमा पाउले एक ठाउँबाट अर्को ठाउँमा लैजाने गर्दछ। त्यस्तै समाजमा केही व्यक्तिले व्यवहारिक रूपमा शारीरिक श्रम, विकास निर्माणदेखि सेवाप्रदायक संस्थासम्म प्रत्यक्ष संलग्नता राखेर काम गर्छन्। समाजमा सङ्ख्यात्मक हिसाबले हेर्दा यसमा नै धेरै मान्छे लागिरहेका हुन्छन्। अङ्ग्रेजीमा भन्दा यी नोमिनल (Nominal), अर्डिनल (Ordinal) वा इन्टरभल (Interval) रेसियो (Ratio) कुन स्केलका आधारमा मापित छन् भनी विश्लेषण गर्नुपर्छ। यिनमा पृथकता पनि पक्कै छ तर एकअर्कामा सातत्यको सम्बन्धमा छन् किनभने हरेक कामको आ-आफ्नो प्रवृत्ति हुन्छ। हरेकको योगदान महत्त्वपूर्ण हुन्छ। हजारौँ पाटपुर्जा भएको यन्त्रको कुनै एउटा अवयव मात्रै फुत्क्यो भनेपनि सही ढङ्गले काम नगर्न सक्छ। तात्कालिक अवस्थामा त त्यही पुर्जा नै सबभन्दा ठूलो भयो। त्यसैले समग्रताको अपेक्षामा आ-आफ्नो स्थान नै आफैँ ठूलो हुन्छ।

वैदिक वाङ्मयमा 'ऋषयो मन्त्रद्रष्टारः' अर्थात् ऋषिहरूले अनादि कालदेखि रहेका वेदका मन्त्र देखेको, आत्मसात् गरेको मानिन्छ। अनादि कालमा राज्य पनि थिएन, राजा पनि थिएनन्। अर्थात् अहिलेको जस्तो शक्तिसंरचना नै थिएन। त्यसैले ब्राह्मण, क्षत्री, वैश्य र शूद्रलाई सत्ताशक्ति सञ्चालन गर्न बनाइएको थिएन। अन्त्यज अथवा पाँचौ वर्णको पनि चर्चा पाइन्छ तर मोटामोटी रूपमा आज विज्ञानमा विभिन्न धातु वा इलिमेन्टलाई अध्ययनको सहजताको लागि पेरियोडिक टेबलमा वर्गीकरण गरेजस्तै नै हो। समाजमा मूलतः चार प्रकारका प्रवृत्ति पाइन्छन् र यसमा पनि नअट्नेलाई लिँदा पाँच प्रकारका वर्ण रहेको सन्दर्भ आएको थियो। अहिले आधुनिक युगमा पनि आँखाको डाक्टरले आँखालाई नै प्राथमिक मानेर चर्चा गर्छ भने कलेजोको डाक्टरले त कलेजोलाई नै मान्छ किनभने आफ्नो जिम्मेवारीलाई प्रधान मानेर हेरेन भने अङ्गविशेषमा भएको समस्यालाई निदान र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाधान गर्न सकिँदैन ।

त्यसैले शास्त्रका प्राचीन ग्रन्थमा ब्राह्मणादि वर्णको व्याख्या गरिएका ग्रन्थ भेटिए । कालक्रमले गर्दा हाम्रा सबै ग्रन्थहरू यथावत् प्राप्त छैनन् र प्राप्त भएका ग्रन्थमा पनि कतिपय अंश हराएका हुन सक्छन् । प्राचीन ग्रन्थहरूमा दुइथरी ग्रन्थहरू - श्रुति र स्मृति प्राप्त छन् । श्रुतिलाई वेद भनियो । वेदमा मन्त्रखण्ड, ब्राह्मणखण्ड, आरण्यकखण्ड र उपनिषद्खण्ड पर्छन् । वैदिक वाङ्मयमा चारवटै खण्ड परे पनि साँघुरो परिभाषा गर्नेले मन्त्रभागलाई मात्र वेद भन्ने गरेका छन् । यथार्थमा उपनिषद्खण्डसम्मै श्रुति हुन् भन्नेहरू पनि छन् । वेदको अर्थ दुर्बोध भएकाले व्याख्यानका लागि अरू ग्रन्थ लेखिएका छन् । ती सबै स्मृति हुन् । स्मृतिलाई कतै नित्य भनिएको छैन । स्मृति तात्कालीन परिवेशमा देश-काल-परिस्थिति हेरेर वेदको मर्यादा फरक नपरोस् भनेर लेखिएको हो र देश-काल-परिस्थिति परिवर्तन हुँदा त्यो असान्दर्भिक पनि हुन्छ । यस्तो अवस्थामा पनि वेदको अर्थसँग विरोध नपरेसम्म ती प्रमाण मानिन्छन् । वेदको विरोधी अर्थ आएमा ती अप्रामाणिक हुन्छन् । तसर्थ आजको युगमा मनुस्मृति, पराशरस्मृति, याज्ञवल्क्यस्मृति इत्यादिलाई जस्ताको तस्तै लागू गर्नुपर्छ भन्ने आग्रह अयथार्थवादी हुनजान्छ किनभने ती ग्रन्थहरू मन्त्रद्रष्टाले देखेका होइनन् । तात्कालिक समाजका लागि लेखिएका ग्रन्थ हुन् । सर्प गइसकेपछि सर्पको बाटोमा लठ्ठी हानेजस्तो गर्नु पनि असान्दर्भिक हो । तिनलाई पढेर इतिहासको कैदी बनिने पनि होइन । त्यहाँ भेटिएका राम्रा कुरालाई दुत्कार्नु पनि शोभनीय हैन । सन्दर्भअनुसार कति श्लोक पछि थपिएका अर्थात् प्रक्षिप्त हुन् भन्ने मान्यता छ । सन्दर्भ नकेलाई अर्थको अनर्थ निकालेर विवाद पनि झिकिएको छ । विवादास्पद कुराहरू पनि स्मृतिग्रन्थ भएकाले जसरी हामीले बारम्बार संविधान फेरेझैँ ती ग्रन्थहरू फेरिएका छन् । फेरिएको प्रमाण के हो भने वैदिक संहिता एउटै छ तर स्मृति बजारमा मनुस्मृतिकै सयौँ संस्करण पाइन्छन् । अष्टादश स्मृतिको सङ्ग्रह पनि पाइएको छ । यस्ता स्मृति अझ बढी थिए होलान् । यदि एउटै स्मृतिले काम चल्ने भएको भए त ऋग्वेदको संहिताजस्तै स्मृति पनि एउटै हुन्थ्यो । स्मृति धेरै हुनुको अर्थ नै स्मृति देश-काल-परिस्थितिअनुसार फरक पर्ने ग्रन्थ रहेछन् । स्थितिगत्यात्मक प्रगतिवादमा पनि हामीले यो मापदण्ड लगाउन सक्छौं ।

विभिन्न स्मृतिहरू विभिन्न कालखण्डमा लेखिएकाले त्यो युगको संस्कृति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमन र इतिहास अध्ययन गर्न ती काम लाग्छन् । आज प्रचलनमा हुनुका साथै श्रुतिसम्मत पनि छ भने मात्र कुनै कुरा समयसाथसाथ अगाडि जाने हो । हाम्रोमा नै जयस्थिति मल्लले थिति बसाल्ने भनेर केही मैथिल ब्राह्मणहरू लगाएर राज्यको तर्फबाट अर्को दस्तावेज बनाउने बित्तिकै मनुस्मृतिले राजकीय मान्यता गुमाइसकेको हो । योभन्दा अगाडि पनि मनुस्मृति अथवा अरू स्मृतिमा लेखेअनुसार चल्थ्यो वा चल्थेन भनेर हामी अनुमान गर्न सक्छौँ । आज पनि हाम्रो कानुनमा जेजे लेखिएका छन् जेजस्तो दण्डसजायको व्यवस्था गरिएका छन् ती घटनामात्र घटित हुने गर्छन् र ? त्यस्तै हाम्रो ऐन हेरेर नेपाली समाज अथवा अरू कुनै देशमा जम्मै यस्तै मात्र घटना हुने रहेछन् भन्नु मूर्खता हो । त्यस्तै कुनै बेला स्मृतिग्रन्थमा वा अरू पौराणिकशास्त्रमा लेखिएको रहेछ भने त्यो एउटा आदर्श कल्पना पनि हुनसक्छ, भोलि यस्तो होला भनेर गरिएको परिकल्पना पनि हुन सक्छ तर समाजमा त्यो मात्र थियो भन्नु युक्तिसङ्गत होइन । त्यसैले प्रामाणिक श्रुतिलाई आधार मानेर खास कालखण्डमा चलेको समाज र जनसमुदायलाई व्याख्या गर्ने सूत्र स्मृति हुन् भन्ने बुझ्नेबित्तिकै गरिएका आलोचनाका कुराहरू धेरै असान्दर्भिक भएर जान्छन् ।

श्रुतिको सही व्याख्या गर्नुपर्छ भनिराख्दा समाजमा अहिले वा योभन्दा अगाडि विभेदहरू भएकै थिएनन् भनिएको होइन । त्यसो भन्नु थप मूर्खता हो । समाजमा विभेद भएकै हो । तर यसको श्रोत के हो भनेर सही व्याख्या विश्लेषण गर्नुपर्छ । समाजमा भएका मानिसहरू चार वा पाँच वर्णमा छन् भनिएको थियो । आजको युगमा आएर कसैले वर्ण पूरै जन्मको आधारमा बन्थ्यो भन्नु पनि यथार्थ होइन भने कसैले उहिलेचाहिँ जन्मको आधारमा थिएन कर्मको आधारमा मात्रै थियो भन्नु पनि यथार्थ होइन ।

वास्तवमा अध्ययन गर्दा जन्म र कर्म दुवैको कुरा थियो । जस्तो जन्म ब्राह्मणकै घरमा भए पनि उसको आचारण ठीक छैन भने त्यसलाई ब्राह्मणमा नराखेर ब्राह्मणभन्दा तलतिर अथवा अन्तिममा त समाजबाटै निकालेर जङ्गलमा समेत पठाइदिने अवस्था थियो । अस्ति राणाकालसम्म यो आम थियो । पूरै जन्मको आधारमा मात्रै थियो भन्न सक्ने अवस्था थिएन । पुराना जेल परेका, आन्दोलनमा लागेका, क्रान्तिमा लागेकाहरूले संस्मरणमा लेखेका पनि छन् । जन्मको हिसाबले बाहुन तर राणालाई मन नपरेकाले तँ पोडे भइस् भनेर जात हटक गरिदिएको उदाहरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तिसम्म थिए । यथार्थमा त अछुतसम्म बनाउने थियो प्रसङ्गबाट के बुझिन्छ भने हाम्रो समाजमा वर्णको त कुरा छाडौं, जात नै पनि स्थिर थिएन । आजको युगमा पनि यो प्रवृत्ति भिन्न रूपमा देखिन्छ । हामी आफैंले भोगिरहेको अनुभवमा अहिले प्राविधिक विषय पढ्ने अधिकांश विद्यार्थीको पारिवारिक परिस्थितिले उनीहरूको विषय चयनमा भूमिका खेलेको हुन्छ । प्रसङ्गानुसार कुनै वकिलको छोराछोरी भएकोले वकिलै बन्नुपर्छ, कानुन नै पढ्नुपर्छ भनेर त भनिएको थिएन होला तर घरको माहोलले त्यतातिर लैजाने सम्भावना बढाउँछ । मेडिकल डाक्टरको धेरै सन्तान मेडिकल डाक्टरतिरै धेरै प्राथमिकता दिन खोजेको हामीले देखेका छौं । व्यवहारिक यथार्थ नै के हो भने अघिल्लो पुस्ताले आर्जेको ज्ञानले त्यसपछिका पुस्तालाई स्वभाविक रूपमा तान्छ । यसमा जन्मको पनि एक पाटोमा भूमिका छ तर वास्तवमा जन्म र कर्म दुवैको संयोजित स्वरूप त्यहाँ छ । जुनबेलासम्म ऋतको आधारमा, धर्मको आधारमा संसार चलेको थियो त्यो बेलासम्म वर्णमा श्रेणीबद्धता थिएन, विभेद पनि थिएन । राज्य आएपछाडि भने शक्ति संरचना खडा हुँदै गए र राजकीय कारणले समाजमा पनि श्रेणीबद्धता भयो । श्रेणीबद्धतासँगै कुनै वस्तुमा पहुँच हुने वा नहुने भन्ने अवस्था आयो र यसले नै लामो समयक्रममा विभेद पक्का पैदा भयो । नेपाली समाजमा पनि रहेको यो विभेदको कारण धर्मशास्त्र वा स्मृतिग्रन्थभन्दा पनि समाजमा श्रेणीबद्धताले(Power hierarchy) सृजना गरेको राजनीति हो । हाम्रो संस्कृतिमा पनि विभेदका कुरा आए । त्यसको मूल कारण ग्रन्थभन्दा पनि ग्रन्थलाई कसरी परिभाषित गरियो भन्ने हो । जसरी आलोचना गर्नेले त्यसको गलत अर्थ लाए । हुन सक्छ हिजो शक्तिसंरचनामाथि परेकाहरूले आफ्नो फाइदाको लागि प्रयोग गरे । नीरक्षीरविवेक गर्दा इतिहासको कैन्दी वा बन्दी हामी बन्नुपर्दैन । हामीले त इतिहासबाट पाठ पढ्ने हो, कैदी वा बन्दी बन्ने होइन । मूलग्रन्थको परिभाषामा यी नोमिनल भ्यारेबल मात्र हुन् र आफ्ना-आफ्ना ठाउँमा आ-आफैं ठूला हुन् । अहिले 'नलेज इज पावर' भनेझैं हरयुगमा जानकारी राख्नेहरूलाई बढी महत्त्व दिइएको छ । विज्ञानमा पनि प्रायोगिक विधा (Applied Science) भन्दा सिद्धान्तलाई (Theory) प्रधानता दिने अवस्था पनि छ । आज प्रविधिको कारणले गर्दा जुनसुकै वर्णलाई पनि ज्ञानको सहज पहुँच प्राप्त छ । ज्ञान प्राप्त गर्ने संरचनाका कारणले केही विलम्ब हुनसक्छ । समतामूलक समाज बनाउनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ भने त त्यसमा पनि स्थितिगत्यात्मक सोच राख्नुपर्‍यो ।

हाम्रो मूलसम्म जाँदा विभेदको बीउ कहाँ छ त्यो खोतल्नुपर्‍यो । यदि मूलमै विभेदको बीउ छैन भने त्योभन्दा यता आएका राजनीति, संस्कृति, समाज आदि त राज्यको शक्तिसंरचनाका कुराहरू हुन्। यसलाई हामी निकै सजिलोसित समाधान गर्न सक्छौँ तर यो सबै कुरालाई नकारेर जेहादी-क्रुसेडी बाटासम्म पनि देखिएका छन् । समाजको शक्तिलाई राज्यसंरचनामा काम गर्नेले पनि उचित सम्बोधन गर्नु पर्छ । सकिएन भने त संरचनाको कारणले गर्दा भएका विभेद हट्दैनन्, समस्याको समाधान हुँदैन । यसका लागि हामीले स्थितिगत्यात्मक प्रगतिवादको सोच राख्नै पर्छ । हाम्रो जरो कहाँ हो, हाम्रो किलो कहाँ हो र समाजमा रहेका सबैको कल्याण गर्ने बीजको अवधारणा छ कि छैन भनेर हेर्नुपर्छ ।

सहृदयता दर्शनको सन्दर्भमा यसको प्रशस्त व्याख्या भएको छ । त्यहाँ सबैको कल्याण गर्ने विधि छ । अहिले व्यवहारमा ल्याउन सकिएको छैन तर अवधारणा, दर्शन र सिद्धान्त बनिसकेको छ । त्यसलाई कार्यान्वयन गर्न सकिन्छ। शक्तिसंरचनामा रहेको विभेदलाई हटाउनको लागि के गर्न सकिन्छ भन्ने नै प्रधान हुन आउँछ । हामीले वर्ण र वर्गको अन्तरसम्बन्ध केलायौँ भने वर्ग भनेको पूर्णतः उसको आर्थिक अवस्थासँग सम्बन्धित रह्यो । कैयौँ अवस्थामा त गरीबै भए पनि निश्चित वर्णमा भएको कारणले गर्दा सम्मान पाउने अवस्था पनि कुनै बेलामा थियो । अहिले त कुनै निश्चित जातको भएको कारणले कहीँ सकारात्मक विभेदको उसलाई योग्य मानिएको र कोही यसै कारणले अनाहकमा पछाडि परेका अनुभूति गरेका पनि छन् तर सारमा जन्मका आधारमा जातीय, नस्लीय चिन्तन नगरीकन व्यक्तिको पात्रता र गुण हेर्दा त हामीलाई आरक्षण होइन संरक्षणको विधि चाहिएको हो । व्यक्तिको पूर्ण विकास हुने कुरालाई रोक्ने बन्धन नकारात्मक हुन् । साथै व्यक्ति र समाजको, व्यष्टि र समष्टिको समन्वय गर्ने आधारहरू भने राम्रा कुराहरू हुन् ।

सुख वा खुसी दिन लागि यी कुराहरूले निर्वाह गर्ने भूमिका नै प्रमुख हुन्। व्यवहारमा समाजतन्त्र र संस्कृतिलाई बुझेर समाजमा सहृदयताको सम्बन्ध राखेर शोषित, पीडित, दलित, वञ्चितलाई एकैधारमा पुर्‍याउन अझै राम्रोसँग सकिएको छैन नत्र छुवाछुत मुक्त घोषणाभन्दा पनि क्रान्तिकारी कदममा त्यो युगमा त्यो बेलामा मुलुकी ऐनमा आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज कानुनी रूपमा नेपालमा कसैले कसैलाई छुवाछुत गर्न मिल्दैन। वैदिक मान्यताबाट हेर्दाखेरि पनि रामायणसम्मै यस्ता कुरा पाइन्छन्। उनीहरूमा नामात्मक पहिचान त थियो तर समयक्रममा राज्यको संरचना साँघुरो हुँदै गयो। समाजको संरचना अझै साँघुरो हुँदै गयो र विभेदहरू देखा परे। समाजको दायरा परिवर्तनको लागि हामीले सहृदयता दर्शन निर्माण गरेका छौँ। राजकीय तरिकाबाट राज्यराष्ट्र सिद्धान्त आउनुपर्‍यो। स्थितिगत्यात्मक हिसाबले हामीले हेर्दा नेपालमा समाजको निकै वञ्चित तहमा रहेको समुदायलाई एकदमै समृद्ध बनाउनको लागि हामीले 'अंशियार र वंशियार' अवधारणामा चिन्तन गरेका छौ। आजको लागि स्थितिगत्यात्मक प्रगतिवाद यसैकारण पनि अपरिहार्य छ। पुरुषसुक्त, मनुस्मृति वा अन्य कुनै उदाहरण लिएर स्थितिगत्यात्मक विश्लेषण गरिरहँदा चुरो कुरो के हो भने जरो (मूल) सँग अविच्छिन्न रहने तर जडता (कूपमण्डूकता)को बन्धनबाट सर्वथा मुक्त हुने चरित्र स्थितिगत्यात्मक प्रगतिवादी व्यक्तिमा हुनैपर्छ। युगसापेक्ष चिन्तन, प्रमाण र प्रमेयको निरूपन एवं प्रतिमान र उपमानको नीरक्षीर विवेक त्यसका लागि पूर्वाधार हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ५

सम्मेयता र असम्मेयता

स्थितिगत्यात्मक प्रगतिवादका विभिन्न आयामको चर्चा परिचर्चा गर्ने क्रममा आज हामी सम्मेयता (Commensurability) र असम्मेयता (Incommensurability) बारे चर्चा गर्नेछौं । उदाहरणहरू लिँदा आज बौद्ध दर्शनको लिनेछौं साथै अरू पनि प्रसङ्गहरू पनि सन्दर्भवश यहाँ आउनेछन् । नेपालमा अहिले वैचारिक जाल (Ideological Trap)को प्रकोप एकदमै बढेको छ । साथै बौद्धिकताको भ्रममा बुद्धिविलास भइरहेको परिस्थिति छ। हाम्रामा औपचारिक अध्ययन-अनुसन्धानको पाटो पनि कमजोर भएको र जहाँ अलिकति बलियो छ भनिएकोमा पनि नेपालको मौलिकतासँग नजोडिएको हुनाले कसरी हाम्रा आफ्ना कुराहरू अगाडि ल्याउनुपर्छ, कसरी चर्चा परिचर्चा गर्नुपर्छ, विचार-विमर्श गर्नुपर्छ भन्नेमा गम्भीर विचलनहरू भइरहेको अवस्था छ । यो किसिमको अन्धकारलाई चिर्ने सकिने वैचारिक विमर्शबाट नै हो। आफ्नो मूलसँग पनि जोडिदै 'वादे वादे जायते तत्त्वबोधः' अर्थात् स्थितिगत्यात्मक तरिकाबाट अध्ययन, अनुसन्धान, विचार-विमर्श, चिन्तन गरेर नै बौद्धिकताको क्षेत्रमा व्याप्त जाललाई चिर्न मद्दत पुग्छ।

सुरुमा हल्काफुल्का प्रसङ्गबाट सुरु गरौं । एक जना विदेशबाट आएको पर्यटकले काठमाण्डौ घुमी सकेपछि बिदा हुने बेला भएछ र एयरपोर्टबाट बिदा हुने बेलामा उसको आतिथेयले सोधेछ- नेपाल कस्तो लाग्यो ? राम्रै भयो होला अथवा केही कमी-कमजोरीप्रति क्षमाप्रार्थी छौं यस्तै केही भन्यो । पर्यटकले के भनेछ भने नेपालमा सबै कुरा एकदम गजब लाग्यो तर एउटा कुराचाहिँ आजसम्म पनि मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पटक्कै बुझेको छैन । यो तिमीहरूको राजधानी शहरमा जता हेर्‍यो कुकुर नै कुकुर मतलब डग नै डग भेटिन्छन् तर नामचाहिँ किन क्याटमाण्डौ राखेको, डगमाण्डौ किन नराखेको भनेर सोधेछ। यसै हेर्दा सामान्य हल्काफुल्का प्रसङ्ग भएपनि असम्मेयता र सम्मेयता के हो ? भन्ने कुराको रहस्य यसमा छ। उसले काठमाण्डौ भन्ने नामाकरण भएको कसरी हो भन्ने बुझेको थिएन तर यत्रो समय घुम्दा पनि बताउनेले बताइदिएन। यो त काष्ठमण्डप थियो । काष्ठमण्डपबाट काठमाण्डौ बन्यो । खासगरि उतापट्टि खस साम्राज्यका ठाउँहरूमा गयो भनेपनि अन्तिममा 'माण्डौ' वा 'माडौं' नाम भएका धेरै ठाउँहरू छन् । यो उपत्यकामा पनि काष्ठमण्डप कसरी काठमाण्डौ बन्यो भन्ने कुराको सार नबुझ्दासम्म त उनले भने जस्तै यो डगमाण्डु हुनुपर्ने क्याटमाण्डु चाहिँ राखेछन् यहाँका मान्छेले कस्तो नबुझेका हुन् भनेको जस्तो हुन जान्छ। उखान पनि छ नि 'म गर्छु आग्राको कुरा सम्धी गर्छन् गाग्राको कुरा' । विषय वा प्रसङ्ग अनुसार नै केही कुरा गर्नुपर्छ । आग्राको कुरा आउँदा आग्राकै कुरा गर्नुपर्छ भन्ने यसको मान्यता हो । त्यही भएको हुनाले हाम्रो दार्शनिक प्रणालीमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त दर्शनलगायतका मूलधारका वैदिक दर्शन अथवा बौद्ध, जैन दर्शन नै किन नहुन्, त्यहाँ जहिले पनि दार्शनिक चिन्तन गर्ने क्रममा सबैभन्दा बढी महत्त्व प्रमाणलाई निर्धारण गरिएको हो । विचार-विमर्श गर्दा विषयवस्तु र मापदण्डको आधारमा रहेर गर्ने हो । आधुनिक अनुसन्धान पद्धतिमा पनि पहिला रिसर्च डिजाइन निश्चित गरेपछि मात्रै वैज्ञानिक खोज अगाडि बढ्छ। हाम्रो दर्शनमा पनि त्यो थियो नै । यही कुरोको चुरो नबुझेपछि असम्मेयता दोष आउँछ । यही कारणले गर्दा धेरै समस्याहरू पर्छन् ।

आफूलाई भौतिकवादी भन्नेले कम्युनिष्ट प्रोपगाण्डाका लागि बुद्ध आज भएका भए हतियार बोक्थे भन्नु असम्मेयताको दोषकै कारणले हो। बुद्धको जीवनी, उहाँका उपदेशहरू, उहाँकै जीवनकालमा नै उहाँको अतिप्रिय शिष्य आनन्दले बताएर पिटक ग्रन्थहरूमा समावेश गरिएका कुराहरूको आधिकारिकतामाथि प्रश्न उठाउनु भनेको बुद्धमाथि नै प्रश्न उठाउनु हो । कुनै पनि हिसाबले हेर्दा बुद्ध यो आजको मितिमा भएको भए हतियार उठाउँथे भन्नु उहाँको अपमान गर्नु हो ।

बुद्ध नेपालमै जन्मेकाले बुद्धप्रति बडो सम्मान, श्रद्धा पनि छ तर अहिलेका कम्युनिष्ट भनेका बुद्धकै अनुयायी हुन् भन्ने भ्रम छर्न सकियो भने त्यसले फाइदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हुन्छ भन्ने खालको वैचारिक जाल, दृष्टिदोष, मतिभ्रम पनि फैलाउन खोजेको हो। के कुरासँग के कुरालाई तुलना गर्ने हो ? कुन कुराहरू सिम्मेट्रिकल हुन्छन् ? के हुँदैनन् ? एउटा कन्टिनियम (Continuum) मा सँगसँगै राख्न मिल्ने हुन् कि नमिल्ने हुन् ? के हो ? भन्ने नबुझेको हुनाले यो भन्दिएका मात्रै हुन् कि ? यस्तो नेपालमा धेरै चलेको छ। कौटिल्य अथवा चाणक्यको प्रसङ्ग आयो भने पूर्वका मेक्याबेली भन्दिने अथवा बुद्धको कुरा आयो भने 'लाइट अफ एसिया' भन्दिने। कसैलाई नेपालका अरस्तु हुन् भन्दिने। उनीहरूले कुन क्षेत्रमा काम गरेका हुन् भन्ने नहेरीकन यस्तो खालको कथनहरू आउने गरेका छन् र यो एकदमै दोषपूर्ण छ।

यसको इन्टरनल भ्यालिडिटी (Internal Validity)कति छ भनेर पनि विचार गर्नुपर्ने हो। जस्तो बुद्धकै कुरा गर्दा बुद्धलाई भौतिकवादी भन्न मिल्छ कि मिल्दैन भन्नको लागि त बुद्धको दर्शन हेर्नु पऱ्यो। बुद्धको दर्शनमा पनि त पर्याप्त विविधता छ। धेरै किसिमका सम्प्रदायहरू पनि छन्। थेरवादी, महायानी र वज्रयानीबीचको द्वन्द्व त देखिने गरी सतहमा छ। खास गरी थेरवादीहरू अति सङ्कुचित हुने हुनाले महायानी र वज्रयानीहरूलाई आलोचना गर्ने अनि आलोचना गरेको प्रसङ्गबाट टपक्क टिपेर अरू कथित भौतिकवादीहरूले बुद्ध पनि भौतिकवादी हुन् भनेर असम्मेय उदाहरण दिएको पाइन्छ। अब सर्वसाधारण र जिज्ञासु त भ्रममा पर्ने भइहाले। सुनियोजित तरिकाले संस्थागत रूपमै सत्तातन्त्रमा रहेकाहरूले सभा, सम्मेलन, सेमिनारमा यस्ता दुष्प्रचार गरे पछि त सर्वसाधारण त भ्रमित हुने नै भए। खास गरी मूल पाली भाषामा रहेका पिटक ग्रन्थमा रहेका कुराहरूमा बुद्धसँगको संलग्नता असन्दिग्ध छ। भौतिकवादीहरूले छल र ढाँटका साथ बुद्ध दर्शनका बारेमा गरेको दुष्प्रचार गल्र्यामगुर्लुम ढल्ने कुराहरू पिटकमा छन्। बुद्ध कुनै व्यक्ति विशेषको नाम नभएर सम्पूर्ण रूपमा जागृत, सबै किसिमका क्लेशहरू हटाई सकेर दुःखलाई एकदमै बुझेका, दुःखको कारण पनि बुझेका, दुःख हटाउने उपाय पनि बुझेका र दुःखरूपी जन्ममरणको चक्रबाट मुक्त भएका व्यक्ति हुन्। बुद्ध भनेको वास्तवमा पद हो। त्यसो भएको अनेकौं व्यक्तिहरूले बुद्ध पद पाएका छन्। स्वयम् सिद्धार्थ गौतम नै बुद्ध हुनुभयो। उहाँकै प्रवचनहरूमा उहाँहरूले अतीतमा भएका सत्ताइस जना बुद्धहरूको बारेमा बताउनुभएको छ। र भविष्यमा पनि यसरी नै बुद्धत्व प्राप्त गर्नेहरू आउँनेछन् भनेर बताउनु भएको छ। उहाँको जन्मको कुरा गर्दा पनि उहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोधिसत्व हुनु भएको हो र गर्भप्रवेशका बारेमा पनि बताइएको छ। मायादेवीले देखेको सपनाका बारे बताइएको छ। उहाँ तुसित देवलोकबाट सेतो हात्तीका रूपमा मायादेवीको गर्भमा प्रवेश गरेको कुरा छन्। यो त थेरवादीले पनि नकार्न गाह्रो कुरा हो तर आफूलाई आधुनिक भौतिकवादी भन्नेहरूले बुद्ध स्वयम्ले भनेका पिटक ग्रन्थका कुराहरूलाई समेत अपव्याख्या गर्नु त गौतम बुद्धमाथिकै अपमान हो। उहाँले भनेको कुरा नपत्याएर हामी बुद्धको सम्मान गर्छौं अथवा बुद्धले यस्तो भन्नु भएको थियो भन्नु एक किसिमको बेइमानी पनि हो।

स्वप्न फल कौण्डिन्यले बताउने क्रममा त्यस्तै अर्को प्रसङ्ग आउँछ। स्वयम् सिद्धार्थ गौतम बुद्धले जामुनको रुखमुनि प्रथम ध्यान लाभ गर्नुभएको र त्यो बेलामा रुखको छायाँ स्थिर भएको थियो। अनि स्वर्ग, नर्क, पाप, धर्म, पूर्वजन्म, पुनर्जन्मलाई अहिलेका भौतिकवादी भन्नेले त अवैज्ञानिक हो, कोरा कल्पना हो भन्छन्। पछि गएर घुसाइएको हो भनेर भन्न पनि बेर लाउँदैनन् तर बुद्ध स्वयम्ले यस्ता कुराहरूका बारेमा बोल्नु भएको छ। बुद्धले नबोल्नु भएका कुरा पनि छन्- जस्तो ईश्वरको प्रसङ्गमा बुद्धबाट सबै कुरा प्रष्ट बताइएको पाइँदैन। यसलाई व्याख्या गर्दा सुन्नलाई तत्पर नभएकालाई बताएर काम नभएकाले नबताइएको हो भन्ने सन्दर्भ पनि छ। तर कयौँ कुराहरू यस्ता छन् जहाँ बुद्ध मौन बस्नु भएको छ, कयौँ कुरामा बुद्धले स्पष्ट सँग बोल्नु भएको छ। स्वर्ग, नर्क, पाप, धर्म, पूर्वजन्म, पुनर्जन्म उहाँको ज्ञानसँग असम्बद्ध छैनन्।

बौद्धदर्शनमा प्राणीको चित्त अथवा मनलाई विज्ञान पनि भनिन्छ। विज्ञानको अहिलेको अर्थ र बुद्धको समयमा त्यो शब्दको अर्थ फरक छ। वैदिक शास्त्रमा गरिएको अर्थ र अहिलेको आधुनिक अर्थ मिल्छ तर बुद्धले अर्कै सन्दर्भमा विज्ञानको प्रयोग गर्नु भएको छ। बौद्धमतमा चित्त अर्को जन्मको लागि अन्यत्र नै लाग्छ र पुनर्जन्मको प्रकियामा लाग्छ। बुद्धको विज्ञान यो हो। अब यो नदेखेको कुरा कसरी पत्याउने आदि इत्यादि भनेर तर्क गर्नु भनेको बुद्धलाई नमान्नु हो। आधुनिक भौतिकवादीहरूले बुद्धलाई असम्मेय, अवाञ्छित, अनुचित, अप्रासङ्गिक तरिकाले तानेका छन् भन्ने कुराको यो ठूलो प्रमाण हो। अझै स्पष्ट स्वयम् गौतम बुद्धले भौतिकवाद अथवा त्यो समयको भाषामा लोकायतलाई मिथ्यादृष्टि भन्नु भएको छ। स्वयम् बुद्धले नै भौतिकवाद भनेको मिथ्यादृष्टि हो भनेको कुरालाई छायाँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारेर गौतम बुद्ध भौतिकवादी हुन् भनेर भन्नु त असम्मेयता मात्र पनि होइन, बेइमानी हो । अरूलाई भ्रम छर्न आफ्नै दृष्टिदोष भइसकेको खालको रोग हो । यो बौद्धिक हुने नाममा बुद्धिविलासमा फस्ने रोग हो । स्टालिनले समाजविकासको क्रमलाई अब यसरी लेख्नु पर्छ भनेर बनाइदिएको एउटा खाकाका आधारमा टाप लगाएको घोडाजस्तो भइसकेका कथित बौद्धिकहरूले गर्ने खालको भ्रमजाल हो । यिनीहरू त आइडियोलोजिकल ट्र्याप (Ideological Trap)का लागि जे पनि गर्छन् भन्ने कुराको एउटा उदाहरण हो । अर्को कुरा आधुनिक भौतिकवादले प्रत्यक्षप्रमाणलाई मात्र मान्दछ । गौतम बुद्धले स्पष्टसँग प्रत्यक्ष र अनुमान गरी दुई प्रमाणलाई मान्नु भएको छ । अहिलेको भौतिकवाद पनि पहिलाको चार्वाक अथवा लोकायत हो र अहिले हेर्दा मार्क्सलगायतका भौतिकवादीहरूले भनेकामा मात्र सीमित छैन ।

सिद्धार्थ गौतमले वैशाख पूर्णिमाको रातमा एकैचोटी बुद्धत्व लाभ गर्नु भएको थिएन । उहाँले रातका प्रहरमा क्रमशः ध्यानको द्वितीय, तृतीय र चतुर्थ अवस्था प्राप्त गर्नु भएको थियो । यो थेरवादीहरूसमेतले मान्ने पिटकग्रन्थहरूबाटै थाहा पाउन सकिन्छ । यसरी विभिन्न अवस्थाहरू प्राप्त गर्दा उहाँले समाहित चित्त, परिशुद्ध, निर्मल, क्लेशरहित भइसकेपछि पूर्वजन्मको स्मरणसमेत गर्नुभएको थियो । उहाँलाई पूर्वजन्ममा केके भएको थियो भन्ने कुराको ज्ञान भएको थियो । एउटा जन्ममा उहाँ सुगा हुनुहुन्थ्यो र जङ्गलमा आगो लागेको थियो । अरू सबै प्राणी भाग्दाखेरि पनि त्यो सुगाले आफ्नो चुचोमा पानी बोकेर ल्याएर कसरी आफ्नो कर्तव्य पूरा गरेको थियो भन्ने प्रसङ्ग बुद्ध स्वयम्ले बताएको प्रसङ्ग आएको छ । ज्ञानका कारणले उहाँको अविद्या, अन्धकार नष्ट भयो । उहाँले मनुष्य चक्षुले नभेट्ने विशुद्ध दिव्य चक्षुद्वारा जीवहरू उत्पन्न भएका तथा आफ्नो कर्म अनुसार सुवर्ण, दुवर्ण वा सुगति र दुर्गतिमा गइरहेका प्राणीहरू पनि देख्नु भयो । यहाँ बौद्ध दर्शनको प्रतीत्यसमुत्पाद सिद्धान्तको सार आएको हो । प्रतीत्यसमुत्पादलाई भौतिकवाद भन्नु घोर फट्याईं र मूर्खताको परिचायक हो । प्रतीत्यसमुत्पाद झिक्यो भने त बौद्ध दर्शन कहाँ रहन्छ ? प्रतीत्यसमुत्पाद बुझ्नको लागि वैदिक पद्धतिअनुसार कर्मसिद्धान्तसँग तुलना गर्न सकिन्छ । तर के त्यो भौतिक परिघटना मात्र हो त ? त्यसको मूलमा भौतिक परिघटना छैनन् । भौतिक परिघटना प्राथमिक होइनन् । त्यसपछि उहाँलाई जन्म र मरणको ज्ञान प्राप्त भयो । त्यसपछाडि कामस्रव, भवास्रव, अविद्यास्रवबाट चित्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विमुक्त भयो । त्यसपछाडि मात्र जन्म क्षीण भयो, ब्रह्मचर्य पूरा भयो, गर्नु पर्ने काम गरिसकेकाले अब फेरि जन्मको कुनै कारण छैन भन्ने बोध भइसके पछाडि बल्ल बुद्धत्व प्राप्त हुने क्रममा बढ्ने हो ।

यस्तो हेतु ज्ञान प्राप्त गर्नु भएपछाडि र चौथो प्रहरमा पुग्दा निर्वाण धातु बोध भयो र त्यसपछि बुद्धत्व लाभ भयो । बुद्धत्व लाभको प्रक्रियालाई मात्रै ख्याल गरे पनि बुद्धलाई भौतिकवादी भनेर भन्नेहरूको बुद्धिविलास, दुष्प्रचार अथवा वैचारिक जालको रहस्य स्वतः पाइन्छ । बुद्धत्व प्राप्ति पछिको अवस्था हो ऋद्धिप्रातिहार्य । उहाँको जीवनको अभिन्न अङ्ग ऋद्धिप्रातिहार्य भएको छ । उहाँको धर्मदेशनामा यो संसार भनेको केवल पृथ्वी वा हामीले देख्दै आएको सौर्यमण्डल मात्र होइन, यस भन्दा पर पनि छ भन्ने कुरा स्पष्ट आएको छ । असङ्ख्य इन्द्र, ब्रह्मा तथा अनेक देवता अनेक रूपमा विद्यमान छन् । गोचर तथा अगोचर शक्तिहरूले काम पनि गरिरहेको हुन्छन् भन्ने आएको छ । भगवान् बुद्धले उपदेश गरिरहेको बेलामा विभि-ृ लोकबाट जीव आएर उहाँका उपदेश लिएका छन् र देवताहरूलाई लक्षित गरेर साङ्केतिक भाषामा धर्मदेशनाको उपदेश दिनुभयो भन्ने कुरा छ । हीनयानीले सङ्कुचित मानसिकता राखेर महायानी र वज्रयानीलाई समेत निन्दा गर्ने कुराबाट केहीकेही प्रसङ्ग झिकेर आधुनिक भौतिकवादी भन्ने कम्युनिस्ट लगायतकाले असम्मेय उद्धरण प्रयोग गरेको प्रष्टसँग देखिन्छ । कुन सन्दर्भमा कुरा गर्नु भएको हो भन्ने नबुझी अर्कै सन्दर्भमा लग्दा त सम्मेयता भएन । त्यसका लागि चाहिने प्रमाण बुझ्ने नै भएन अनि प्रमाण र प्रमेय नमिलेपछि यथार्थ ज्ञान हुने नै भएन । त्यसो भएको हुनाले आधुनिक भौतिकवादीहरूले भन्ने गरेको कुरा गलत छ । बुद्धले दिनु भएको उपदेशमा पञ्चशील एकदमै महत्त्वपूर्ण उपदेश हो । आफ्ना समस्त अनुयायीहरूलाई काम लाग्ने अथवा मार्गनिर्देशन गर्ने पाँचवटा नियम बनाइएको छ जसले उनीहरूलाई बौद्ध बनाउँछ । कोही पनि व्यक्ति म बुद्धको शरणमा जान्छु अथवा म बौद्ध बन्छु, बुद्धको अनुयायी बन्छु भनेर वाचा गरेपछि भनिने कुराहरू पाँचवटा छन् । "पानाति पाता वेरमनि सिख्खा पदम समाधियामी" पहिलो म प्राणी हिंसा नगर्ने शिक्षालाई ग्रहण गर्दछु । दोस्रो "अदिन्नदाना वेरमनि सिख्खा पदम समाधियामी" म चोरी नगर्ने शिक्षालाई ग्रहण गर्दछु । तेस्रो "कामेसु मिच्चाचारा वेरमनि सिख्खा पदम समाधियामी" म व्यभिचार नगर्ने शिक्षालाई ग्रहण गर्दछु । चौथो "मुसावादा वेरमनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिख्खा पदम समाधियामी" म झुटो नबोल्ने शिक्षालाई ग्रहण गर्दछु। पाचौं "सुरा मेरय मज्जा पमादठाना वेरमनि सिख्खा पदम समाधियामी" म मद्यपान तथा अन्य मादक पदार्थ ग्रहण नगर्ने शिक्षालाई ग्रहण गर्दछु। यति मात्र हेर्दा त यसमा जम्मै भौतिक जगत्को आचार व्यवहारको कुरा छ।

यसपछि प्राणी हिंसा नगर्दा पाइने दशवटा फलको बारेमा बताइएको छ। चोरी नगर्दा पाइने चारवटा फलको बारेमा बताइएको छ। व्यभिचार नगर्दाको सातवटा फल बताइएको छ। झुटो नबोल्दाका पाँचवटा फल बताइएको छ। मद्य वा सुरापान नगर्दाका नौवटा फल बताइएको छ। त्यति मात्र होइन विपाप अर्थात् पापले गर्दा कि स्वर्ग जानुपर्छ कि नर्क जानुपर्छ, पुनर्जन्म कस्तो खालको हुन्छ, पुनर्जन्म हुँदा कुन योनिमा हुने हो, कस्तो हुने हो भनेर बताइएको छ। प्राणी हिंसा गर्दाका उन्नाइस विपाप बताइएको छ। चोरी गर्दाको सातवटा विपाप बताइएको छ। असत्य कुरा गर्दाका सातवटा विपाप बताइएको छ र मद्यपान अथवा सुरापान गर्दाका बीसवटा विपाप बताइएको छ। विपापहरू भौतिक परिघटनासँग सम्बन्धित मात्रै छैनन्। लोकको कुरामात्रै पनि छैन। बुद्ध स्वयम्ले आत्मा परमात्माको अमरता लगायत ईश्वरीय सत्ता मान्ने कुरा बताउनुभएको छ। यो आधुनिक भौतिकवादीहरूले के बेइमानी गरेका छन् भने त्यहाँ आउने पूर्वजन्म, पुनर्जन्म, पुण्य, पाप, रीति, प्राप्ति आदि कुराहरूलाई बौद्धहरूले पछि थपेका हुन् र उस्तै परे भने त बाहुनहरूले थपेका हुन्, अन्धविश्वास हुन् भनेर पन्छाउन खोज्छन्। यो कुरा त बौद्ध दर्शनको चुरोभित्र पर्छ। प्रतीत्यसमुपाद छोड्यो भनेपनि बौद्ध दर्शनको चुरो कुरो नै छुट्छ। अब हामी विचार गरौं यिनीहरूले बुद्ध भौतिकवादी हुन् भनेर बुद्धलाई आजको सन्दर्भमा सम्मान दिन खोजेका हुन् कि अथवा बुद्धको जरो नै काटेर बुद्धलाई सिद्ध्याउन खोजेका हुन् ? बुद्धको ठाउँमा कार्ल मार्क्स, लेनिन, स्टालिनजस्तालाई आसीन गराउने लामो षड्यन्त्रको यो एक अंश हो। यिनीहरू अनेक खालका छन्। कोही वैदिक परम्पराका ग्रन्थहरूको विरुद्धमा लागेर हिँड्ने छन्। कोही छद्म बौद्ध जस्तो बनेर बुद्धलाई नै सिद्ध्याउन लागिरहेका छन्। यिनीहरूका यहाँका वैदिक सनातन परम्परा अन्तर्गतका मष्टो पूजकदेखि लिएर शैव, शाक्त, वैष्णवदेखि बौद्ध, किराँती, बोन, जैन सबैलाई समाप्त पारेर द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तकारलाई आधिकारिक देखाउने प्रयत्नमा छन्। भगवान् नै छैनन्, छन् भने मार्क्सलाई भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ भन्नेको सत्ता यहाँ छ। मार्क्सलाई भगवान् बनाउने मनसायमा यी सब भइरहेका छन् । कतिपय बौद्धहरूले पनि नबुझेर अहो ! त्यत्रो शक्तिले हामीलाई साथ दिन खोज्यो अनि बुद्धलाई भौतिकवादी वैज्ञानिक बनाइदियो भन्ने लागेको पनि हुन सक्छ। तर दुःखको रूपमा रहेको पूर्वजन्म, पुनर्जन्मको चक्रलाई अन्त्य गर्ने कुरालाई अविश्वास गर्नु, त्यहाँ घुसाइएको हो भन्नु, मूलबाट पृथक् गरेर बुद्धलाई मान्दछु भन्नु भनेको बुद्ध प्रतिको अविश्वास हो। बुद्ध प्रतिको अमर्यादा हो, घात हो। बुद्ध र बौद्ध धर्म, दर्शनलाई सिद्ध्याउन कतिपय व्यक्तिले त बुद्धलाई धर्म भन्नु हुन्न दर्शन भन्नु पर्छ खालका तर्कहरू गरेको पनि सुनिन्छ। 'बुद्धं शरणं, धम्मं शरणं, सङ्घं शरणं' त्रिरत्नमाथि नै प्रहार हुँदा पनि बौद्ध विद्वानहरूले त्यसको निराकरण, प्रतिकार गर्नु भएन भने यो त ब्वाँसोले जनावरको सिकार गर्नु भन्दा अगाडि सुम्सुम्याइ सिद्ध्याउँछ भन्ने तथ्य नबुझेको हो। बुद्धलाई भौतिकवादी भन्नु भनेको बुद्धको दर्शन, धर्म, ज्ञानमार्ग, पथलाई सिद्ध्याउने प्रयास हो। बुद्धिविलास, वैचारिक जाल अथवा कैयौँ मान्छेहरूको सन्दर्भमा असम्मेयता दोषको कारणले धेरै समस्याहरू आएका छन् ।

अनित्य, दुःख, अनात्म शब्द अवश्य बौद्ध दर्शनका महत्त्वपूर्ण कुराहरू हुन् तर यसलाई राम्ररी नबुझेर वा अनुचित मनसायले मनलाग्दो अर्थापन गर्नु अवाञ्छित प्रयास हो। प्रतीत्यसमुत्पाद, ऋद्धिप्रातिहार्य, पञ्चशील लगायत बौद्ध दर्शनका सार कुराहरू हुन् । चतुर् आर्यसत्य, आर्य अष्टाङ्गिक मार्गलाई मात्रै हामीले राम्रो सँग हेर्न सक्यौँ भने पनि भौतिकवाद भनेर जसलाई भनिन्छ त्यससँग मिल्दैन । हाम्रोमा चाहे बुद्धले भन्नुहोस्, महावीरले भन्नुहोस्, वैदिक ऋषिहरूले भन्नुहोस् जीवन र जगत्लाई उनीहरूले जस्तो भौतिक वा अभौतिक भनेर दुई फक्लेटामा छुट्ट्याएकै छैन। हाम्रोमा त जीवन भौतिक, दैविक र आध्यात्मिक छ। बुद्धको दर्शनबाट हेर्दा निर्वाणको लक्ष्य छ। वैदिक दर्शनमा हेर्दा मोक्षसँग सम्बन्धित पनि भएको हुनाले प्रकरणअनुसार नै कुरा गरिन्छ। सन्दर्भ कटाएर झिकेर अर्कै आशयमा प्रयोग गरिदियो भने त मिल्दैन नि। जस्तो विज्ञानवाद बौद्ध ग्रन्थहरूमा जुन सन्दर्भमा आउँछ, त्यसलाई हुबहु ल्याएर अहिलेको सायन्स हो भनेर भन्यो भने त असम्मेयता हुन्छ। कणाद वैशेषिक दर्शनका सूत्रकार हुनुहुन्छ। उहाँले परमाणु पदार्थको चर्चा गर्नुभयो जुन अहिलेको सन्दर्भमा एटम र सब-एटमिक पार्टिकलसँग मिल्दा छन्। एउटा अवधारणा मिल्यो भन्दैमा सार कुरा नलिएरै वैशेषिक दर्शन त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरुमा भौतिकवादी थियो भनेको समेत देखियो। कार्लमार्क्सले गरेको हिस्टोरिकल म्याटेरियालिजम र डायलेक्टिकल म्याटेरियालिजमको चर्चा परिचर्चाको आफ्नो ठाउँमा महत्त्व छ तर त्यसको अर्थ मार्क्सभन्दा अगाडिका दार्शनिकहरूलाई मिल्ने वा विरोधी कित्तामा राख्न खोज्नु भनेको दुई फक्लेटे बाइनेरी चिन्तनबाट ग्रस्त भएको अनधिकृत अवाञ्छित चेष्टा मात्र हो। यसो गर्नु केवल बुद्धिविलासीका लागि रमाइलो होला तर यसले सारमा दार्शनिक तहमा काम गर्दैन। यो स्थितिगत्यात्मक प्रगतिवादी सोच पनि होइन। हरेक कुराको अन्तः प्रामाण्य (Internal validity) का लागि अहिलेको अनुसन्धानले त्यो कुरालाई कायम राखेर अगाडि बढ्नुपर्ने हुन्छ। यस्तो विसङ्गति हामीले नेपालमा धेरै कुरामा देख्छौँ। जस्तो हाम्रो इतिहासमा सामन्त कुन परिस्थितिमा कस्तो खालको पद हो भन्ने ख्यालै नगरीकन कुनै अर्को समाजको 'फ्युडल लर्ड'लाई तुलनामा उल्था गरियो। यो असम्मेयता दोषबाट आएको कुरा हो। यसले हाम्रो इतिहासलाई नै विकृत रूपमा पेश गरेको छ र सच्याइ हाल्नुपर्ने देखिन्छ। समाज विकासको क्रममा 'Feudal lord' भन्नलाई अर्को छुट्टै एउटा शब्द बनाउन सकिन्थ्यो तर सकारात्मक लक्षणार्थमा प्रयोग गरिनुपर्ने 'सामन्त' पदवीलाई गलत प्रयोग गरिदिने खालको दोष देखिएको छ। अब हुँदाहुँदा खश र आर्यको तुलना नेपालमा भइरहेको असम्मेयता दोषको एउटा उदाहरण हो। अब गुणवाचक शब्द र जातिवाचक शब्दलाई असम्मेय प्रयोग गरेर आर्य गुणवाचक हो भने खस, किराँत, मङ्गोल आदि इत्यादि जन्मको आधारमा गरिने जैविक विभाजनलाई एकै ठाउँमा जोड्न मिल्छ ? अथवा कतिपयले खस भनेको भौगोलिक कुरा भएको भन्ने पनि आएको छ। नेपाल मण्डलको कुरामा पनि हामी हेर्न सक्छौँ नेवार भनेको त नेपाल मण्डलमा निश्चित प्रक्रियाबाट समाहित भएको जाति हो। त्यसलाई ल्याएर फेरि आर्य र मङ्गोल भनेर तुलना गर्नु त बौद्धिकताको तहबाट हास्यास्पद हुनुका साथै भित्र खस र आर्य भनेको अलग हुन भन्दिने ठूलो षड्यन्त्र लुकेको छ। अब अहिले किराँती र लिम्बू अलग हुन्, फेरि मङ्गोल भनेका को हुन् भन्ने ल्याएर नेपालमा अलगअलग संज्ञाहरूको प्रमाण-प्रमेय के हुन्, कुन सन्दर्भबाट ती आएका हुन् भन्ने नबुझीकन तुलना गर्दा दोष आउँछ। जसले नागरिक तथा राजनीतिक अधिकार राज्यको कुरा हो र सामाजिक र सांस्कृतिक अधिकार समाजको कुरा हुन् भनेर बुझेको छैन, त्यसले अनाधिकार अतिक्रमण गर्दछ। यो त हजारौँ वर्षदेखिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहारबाट सहज रूपमा संस्कृतिमा घुलेर आएको हुन्छ। कहाँ जाँदा खेरिमा के गर्नुपर्छ, कहाँ जाँदा चप्पल लाउनुपर्छ, कहाँ गयो भने फुकाल्नुपर्छ भन्ने थाहा छ त ? महायज्ञमा जाँदा पनि टाई लगाएर, जुत्ता लगाएर उस्तै परे हवन पनि गर्दिने गर्छन्। पदले ठूलो भएर मात्र त भएन नि, उसको बौद्धिकताको पनि त विकास हुनुपर्‍यो। कस्तो खानापान छ, संगत कस्तो छ, वैश्विक दृष्टिकोण कस्तो छ भन्नेले धेरै प्रभाव पार्छ। हामी विचार गरौँ न भरखर शिशु कक्षामा पढ्दै गरेको बालबालिकालाई गएर हामीले स्नातकोत्तर तहमा पढ्ने पाठ खरर पढेर सुनायो भने त उसले यो कस्तो बुझ्दै नबुझ्ने प्रलाप गरेको जस्तो ठान्न सक्छ। त्यस्तै भौतिकतावादी भन्नेहरूले बौद्ध दर्शन पढ्दा नबुझ्केको कारण चस्मा नै नबुझ्ने खालको लगाएकाले हो। थ्रि-डि फिल्म हेर्न त थ्रि-डि चस्मा लाउनुपर्‍यो नि। मार्क्स, लेनिन अनि स्टालिनको विचारधाराको चस्मा लगाउनेहरूले बौद्ध दर्शन हेर्दा खेरिमा दोष नै देख्नु नौलो होइन। भनाइ नै छ नि "दोषोह्यऽविद्यमानोपि तत् चित्तानाम् प्रकाशते" दोषै छैन भने पनि यदि दोषित व्यक्ति छ भने दोष भेटाउँछ। द्वन्द्ववादी त विचरो छ, समाजवादीभन्दा परको उसलाई पत्तै छैन। वैदिक, बौद्ध लगायतका दर्शन जसले बुझ्केर आएको छ भने त उसले भौतिक, दैविक, आध्यात्मिक सबैको महत्त्व जान्दछ, नकार्ने होइन। तर मार्क्सवादको पट्टा लगाएर हिड्नेहरूले यो या त बुझ्दैनन् या त बुझ्केपनि दुर्नियत राख्छन्। ऊ त ठूलो वैचारिक जाल गराउने प्रोजेक्टको प्यादा हो। त्यसो भएकाले सर्वसाधारणलाई भ्रमित गराउन तत्पर भइहाल्छन्। सबैको सौभाग्य हाम्रो जस्तो वैदिक, बौद्ध, किराँती, बोन, जैनजस्ता महान सभ्यताको एउटा मांत्रै होइन सबैको तुलनात्मक अनुसन्धान गर्न पाउने हुँदैन। अनि पश्चिमका पनि सबै कुराहरू हेर्न पाउने अवसर पनि छ। पश्चिम पनि एक खाले मात्रै छैन, फेरि कसैले पश्चिम भन्ने बित्तिकै भौतिकवादी भन्यो भने त्यो पनि दुई फक्लेटे सोचले पीडित मान्छे हो। कुनै समाज, कुनै जाति, कुनै समुदायलाई एउटा मात्रै ढाँचामा लाने उसको दृष्टिकोण पनि दुई फक्लेटे दोषले ग्रस्त छ।

हरेक समाजमा राम्रा अनि नराम्रा पनि मान्छे हुन्छन्। हरेक समाजमा भौतिकवादी पनि हुन्छन्, मानसवादी पनि हुन्छन् र अध्यात्मवादी पनि हुन्छन्। ऊसँग भएको ज्ञानलाई शब्दले कसरी व्यक्त गर्छ भन्ने कुरा हो। हाम्रोमा हेर्‍यो भने त मीमांसा दर्शनका आचार्य कुमारिल भट्टले अहिलेका भौतिकवादीले भन्न खोजेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुराका साथै तर्कानुग्राहक प्रत्यक्षप्रमाणलाई प्रमाणहरूको राजा भन्नुभयो । यसको पूर्ण व्याख्या गर्नुभएको छ। साथै जोडिने के हो र फेरि छुट्टिने के हो भन्ने कुराको सन्तुलन मिलाएको छ। अर्थात् कहाँ गए पछि अरू प्रमाणमा जाने हो। कहाँ गए पछि श्रुति प्रमाणमा जाने हो ? धर्मको लागि के प्रमाण हो ? विज्ञानको लागि के प्रमाण हो ? हामीले वैज्ञानिकतायुक्त धर्म, धार्मिकतायुक्त विज्ञान भनेर दुईटैको नाम लिएको अर्थ कतिपयहरूले भने जस्तो धर्म र विज्ञान एउटै हो भनेर भनेको होइन। धर्म र विज्ञान एउटै होइन। धर्म र विज्ञान एउटै हो भन्नुमा असम्मेयता दोष छ तर धर्म र विज्ञानको बीचमा द्वन्द्व हुनुपर्ने, परस्पर विरोध हुनुपर्ने कारण छैन। धर्मको आफ्नो मेथेडोलोजी छ। विज्ञानको आफ्नो पद्धति (मेथेडोलोजी) छ। जहाँसम्म प्रत्यक्षप्रमाणले अथवा विज्ञानले भेट्ने हो त्यहाँसम्म त सत्यज्ञानको नै प्राथमिकता हुन्छ। भौतिक परिघटना (फिजिकल फेनोमेना)को व्याख्या गर्न त भौतिक विज्ञान (फिजिकल सायन्स) नै चाहियो। तर त्यसबाट मात्रै सबै कुराको व्याख्या गर्छु भन्यो भने त मिल्दैन नि। पहिला पनि लोकायत थिए। तिनलाई बुद्धले मिथ्या दृष्टिवाला हो भन्नु भयो। बुद्ध स्वयम्ले यो भौतिकवादीलाई मिथ्या दृष्टिवाला भन्नु भएको छ भने बुद्धलाई भौतिकवादी भन्नु त बुद्धमाथिको अपमान, असम्मान, घात हो। जीवन र जगत्को भौतिक पक्ष भएको हुनाले बुद्धले भौतिकवादलाई मिल्ने कुरा पनि गर्नुभएको छ, मार्क्सवाद, विज्ञानवाद, अध्यात्मवाद, निर्वाणको कुरा पनि गर्नुभएको छ। त्यसो भएको हुनाले नै उहाँ सुगत हुनुभयो, कतिपयले त उहाँलाई सर्वज्ञ पनि माने। हामीले उहाँको प्रमाण र प्रमेयको चर्चा बुझ्नुपर्‍यो। त्यसपछि बल्ल हामीले गर्ने कुरा तार्किक हुन्छ। बुद्धिविलास मात्र नभएर बौद्धिक हुन्छ। तर्कानुग्राहक हुन्छ साथै हितकारी पनि हुन्छन्। वैचारिक जालको मताग्रहबाट सहजै उम्कन सकिन्छ। बुद्धको धर्मचक्र भने जस्तै हामीले भन्ने सहृदयता चक्रले अन्धकारलाई च्वाटच्वाट काट्छ। तर यो शास्त्रास्त्र प्रयोग गर्नेले त स्थितिगत्यात्मक प्रगतिवादको प्रमाण-प्रमेयको पद्धति थाहा पाउन जरुरी छ। स्थितिगत्यात्मक प्रगतिवादमा आधिभौतिक, आधिदैविक र आध्यात्मिक सबै आयामलाई समेटिएको छ। विज्ञानको पद्धति र धर्मको पद्धतिलाई घालमेल गरेर होइन कि यथास्थान, यथाक्षेत्र र यथारूपमा स्वीकार गरिएको हुनाले यसमा असम्मेयता दोष छैन। सातत्य दृष्टिकोण छ यसमा त्यसो भएको हुनाले हामी सहजै भन्न सक्छौं कि जन्मको आधारमा बाहुन क्षत्री छ भने पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसको कर्मको गुणको आधारमा त्यो अनार्य हुनसक्छ। जन्मको आधारमा किराँत छ भने पनि उसको गुणको कर्मको आधारमा ऊ आर्य हुनसक्छ। जन्मको आधारमा मङ्गोल छ भने पनि उसको गुण वा कर्मको आधारमा ऊ आर्य हुनसक्छ। जन्मको आधारमा द्रविड छ भने पनि उसको गुण वा कर्मको आधारमा ऊ आर्य हुनसक्छ। अफ्रिकामा जन्मेको कालो मान्छे छ भने पनि, युरोपमा जन्मेको खैरो मान्छे छ भने पनि उसको कर्म वा गुणको आधारमा ऊ आर्य वा अनार्य बन्ने हो। त्यस्तै वैदिक ऋषिकै सन्तान, जैविक रूपमा पनि सन्तान छ भने पनि यदि उसको कर्म र गुणले आर्यत्व ग्रहण गरेको छैन, अभ्यास, व्यवहार गर्न सकेको छैन भने ऊ अनार्य हुन्छ। यसका लागि हामीले सम्मेयता बुझ्नुपर्छ अर्थात् कुन कुरासँग केको तुलना गर्ने। जस्तो उदाहरणलाई नस्लको सन्दर्भमा नस्लनस्लबीच तुलना गर्नु पर्‍यो। जातिको सन्दर्भमा जातिजातिको कुरा गर्नुपर्‍यो। यदि भौगोलिक बसोबासको आधारमा बनाएका समुदायहरूको तुलना हो भने त्यस्तै तुलनीय क्याटागोरी लिनु पर्‍यो। त्यसरी तुलना गर्दा बुद्धलाई भौतिकवादी भन्नु नमिल्ने कुरा हो। त्यसरी तुलना गर्दा खस र आर्य अलग हुन् भन्नु नमिल्ने कुरा हो। अहिलेको संविधानमा एकै ठाउँमा खस-आर्य भन्ने लेखियो। त्यो पनि गलत हो, अलग-अलग कुरा हो। बरु आर्यलाई विशेषणको ठाउँमा राख्नुपर्ने हो- आर्यखस, आर्यमङ्गोल, आर्यकिराँत, आर्यद्रविड। कुन सन्दर्भमा भन्दा खस समुदायमा जन्मेको, मङ्गोल समुदायमा जन्मेको, किराँत समुदायमा जन्मेको, द्रविड समुदायमा जन्मेको व्यक्तिलाई हामीले उसको गुणलाई हेरेर सम्मान गर्नुपरे आर्य भनिन्छ तर खसआर्य भनेर लेखिनु त सिधै असम्मेयता दोष भयो। नेपालमा राज्यकोषको समेत दुरूपयोग गरेर बुद्ध भौतिकवादी थिए भनेर भ्रम फैलाउने प्रयत्नमा पनि असम्मेयता दोष भयो। असम्मेयता दोष मात्रै हो भने त्यसको तरिका मानिसहरूलाई वैज्ञानिक, दार्शनिक, तार्किक पद्धतिको राम्रो ज्ञान दिने। ज्ञान भएपछि त उसले कुतर्क रहेछ, असम्मेयता रहेछ भनेर बुझ्छ र जाल छोड्छ तर वैचारिक जाल फैलाउनको लागिपरेको समूहले त छोड्दैन। त्यसलाई त अर्को बलियो शक्ति संरचनाले परास्त गर्छ। जसले यहाँको मौलिक रैथाने शक्ति जाने बुझेको छ, अबलम्वन गरेको छ, अभ्यास गरेको छ, जरो-किलो नेपालमै छ त्यसले वैचारिक जाल निराकरण गर्न सक्छ। आवश्यक पर्दा शास्त्रार्थ यो खालको गर्नुपर्छ। साथै मिडिया प्रविधिको विकास भएकाले आफ्ना कुराहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्न बडो सहजता छ। कोही सत्तासंरचनामा छ भन्दैमा अनर्गल प्रलाप गर्नेबाट पनि तर्सिनु पर्ने अवस्था छैन। सूचना प्रविधिका कारणले आफ्ना कुरा जहाँकहींबाट भन्न सकिन्छ, भन्न थाल्नुपर्छ।

सारमा बुद्धले बोल्नु भएको कुरा व्यक्तिको धर्म थियो, गान्धीले बताउनु भएको कुरो समाजको क्षेत्रको लागि काम लाग्ने कुरा थियो तर बुद्धलाई अथवा गान्धीलाई राजनीतिक क्षेत्रमा तानेर त्यसको आधारमा राजकीय, शासकीय, प्रशासकीय कुरा गर्न खोज्यो भने असम्मेयता दोष हुन्छ। अनि व्यक्तिको, परिवारको, कुटुम्बको, समुदाय वा सम्प्रदायको, समाजको, राज्यको र अन्तर्राष्ट्रिय र वैश्विक समुदायको भूमिका के हो भन्नेमा विभिन्न दर्शनका आफ्नाआफ्ना मानक छन्। मार्क्सवादका आफ्नै मान्यता छन्। पुँजीवादका आफ्नै मान्यता छन्। कम्युनिस्ट र पुँजीवादको घालमेलबाट बनेको अहिलेको विषालु कपूतन्त्रको आफ्नै खालका ढाँचा ढर्रा छन्। स्थितिगत्यात्मक प्रगतिवादको आफ्नो मौलिक तरिका छ। यसमा व्यक्ति, समुदाय, परिवार, कुटुम्ब, राज्य र अन्तर्राष्ट्रिय र वैश्विक समुदायसम्मलाई समुचित स्थानमा पूरा सम्मेयतालाई पालना गर्दै कसरी अगाडि बढ्न सकिन्छ भन्ने स्पष्ट प्रारूप छन्। स्थितिगत्यात्मक प्रगतिवाद अवलम्बन गर्नुको तात्पर्य हो - सम्मेयता गुण सदैव लिनु र असम्मेयता दोष कदापि नलिनु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ६

ऋतको युगतिर अरेखीय यात्रा

समाजको विकास कसरी हुदैं आएको छ अथवा कसरी हुन्छ भन्नेमा विभिन्न दृष्टिकोण रहेका छन् । रेखीय दृष्टिकोण (Linear Perspective) र अरेखीय ढाँचाबाट (Non-linear) पनि व्याख्या हुने गरेको छ। रेखीय ढाँचामा समाजविकासको यो चरणलाई व्याख्या गर्दा समाजको उद्‌भव बिन्दु अनुमान लगाइन्छ । समयको एउटा क्रममा सृष्टि उत्पन्न भयो। सृष्टि भइसकेपछि पछाडि नफर्किने गरी नयाँ-नयाँ परिघटनासहित समाज अगाडि बढिरहेको छ। क्रमविकासको सिद्धान्त (Theory of Evolution) करिबकरिब यही दृष्टिकोणबाट आएको हो । अब यी दिन गइसकेपछि यहाँ अहिलेसम्म गरिएका कामहरूको परीक्षण गरेर निष्कर्ष निस्कन्छ भन्ने 'ग्राण्ड जस्टिस' (Grand Justice)को मान्यता पनि रेखीय मान्यतामा नै रहेको छ। अरेखीय मान्यतामा भने समाजमा एउटै समयमा फरक प्रवृति, फरक परिघटना, फरक सामाजिक संरचनाहरू रहेका हुन्छन्। त्यस हिसाबले रेखीय सिद्धान्त अनुसार विभिन्न किसिमका अहिलेका मानवका पूर्वरूपहरूबाट अगाडि बढ्दै-बढ्दै मानव आएको हो । प्रारम्भमा मानव एकदम तल थियो । ऊ सृष्टिमा रहेका लाखौं किसिमका प्राणीहरू मध्येको जम्मा एक किसिमको प्राणी थियो । एकदम कमजोर खालको थियो । उसले विस्तारै सृष्टिमा रहेका अन्य प्राणीहरूलाई कि त जित्यो नभए पनि उनीहरूले आफ्नो समाजमा हस्तक्षेप गर्न नसक्ने अवस्थामा पुग्नसक्यो । हाम्रोमा पनि यस्तो खाले मान्यता छ। तिर्यग् योनिका प्राणीहरूबाट उभिने किसिमको प्राणी मानव विकास भयो। सृष्टिमा हेऱ्यो भने तिर्यग् अर्थात् तेर्सो परेर चार खुट्टाले टेक्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनयापन गर्नु परिरहेका प्राणीहरूलाई तिर्यग्योनि भनिन्छ। उनीहरूको हिँडाइ, सुताइ, यौन र प्रजननका प्रक्रियाहरू तिर्यग् किसिमकै हुन्छ। मानव त उभिन सक्छ। उसको व्यवहार पनि एकदमै पृथक् किसिमको देखिन्छ। पहिला जङ्गली युगमा सिकार गरेर जीवन धान्थ्यो। सामाजिक संरचनाको रूपमा हेर्दा समूहमा बस्ने, सिकारमा ल्याएका सबै चिजहरू सबैले बाडेर खाने, सञ्चय नगर्ने खालको थियो। मानव विस्तारै कृषियुगतिर गयो। कृषियुगतिर गइसकेपछि परिवार आयो, धन सञ्चय गर्ने कुराहरू आए अनि उत्पादनको साधनमा कब्जा भयो अथवा अधिकार भयो। त्यो व्यक्ति नै शक्तिशाली बन्यो भन्ने कोणबाट व्याख्या गर्ने गर्दछन्। जङ्गली युगबाट आइसकेपछि पहिला गाउँ नै गाउँ थिए। अनि विस्तारै शहरीकरणलाई नयाँ परिघटनाका रूपमा रेखीय ढाँचामा मानिन्छ। अरेखीय मान्यतामा भने अति प्राचीनकालमा पनि समाजमा, परिवारमा सभ्य भएर बस्ने मान्छेहरू भएकै बेलामा हुने पनि जङ्गली प्रकारमा मानिसहरू हुने गरेका थिए भनेर मानिन्छ। त्यही अति प्राचीनकालमा पनि ठूल्ठूला शहर अनि ग्रामीण क्षेत्रहरू पनि थिए। शहरमा पनि नबस्ने ग्राम पनि नभएको डुलुवा किसिमको जीवन निर्वाह गर्ने मानिस पहिले थिए, अहिलेको युगमा पनि छन् भनेर मानेको पाइन्छ।

यी दुवै ढाँचामा समाजको आरोह वा अवरोह भएको भन्नेमा फरकफरक मान्यता रहेका छन्। आधुनिक युगमा रेखीय विचार राख्ने पाश्चात्य ज्ञान पद्धतिअनुसार पहिलेको युगमा, यो भन्दा अगाडिको युगमा विकास थिएन। खास गरी मुस्लिम मान्यताबाट हेर्‍यौं भने त मोहम्मद भन्दा अगाडिको समयलाई उनीहरू दौरे-ए-जाहिलिया भनेर मानेको देखिन्छ। यो एक किसिमको अन्धकार युग भनेजस्तो हो। पश्चिमा पद्धतिका पुँजीवादी अथवा माक्सवादी चिन्तकहरूले हेर्दा पहिला अन्धकार युग थियो। त्यसमा विकास हुँदैहुँदै अगाडि बढिरहेको छ भन्ने मान्यता रहेको छ। त्यस्तै ज्ञानको हिसाबले पहिलाको युगमा मानिस असभ्य थिए, नजान्ने थिए, अलिअलि उनीहरूले लेखेका कुराहरू पनि गोठाला जाँदा अथवा कृषिकर्म गर्दा आएका विचारको आधारमा बोलेको हुनाले उट्पट्याङ विचारहरू मात्र प्राचीन ग्रन्थमा छन् भन्नेसम्मको पनि मान्यता थियो तर विस्तारै यो मान्यतामा पनि परिवर्तन आइरहेको छ। अहिले पनि यसमा दुई धार देखिन्छ। एक धारले के भन्छ भने ज्ञानको निरन्तर अभिवृद्धि भइरहेको छ, प्रविधिको प्रगतिसँगै ज्ञान पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ आइरहेको छ र मान्छे पहिलेभन्दा बुद्धिमान् बन्दै गइरहेको छ। अब यसमा अल्पमत वा बहुमतको कुनै मतलब छैन। दोस्रो धार अनुसार भने ज्ञान क्षणिक हुँदै गइरहेको छ। पहिला सङ्क्षेपमा बताउँदा पनि मान्छेले बुझ्दथ्यो। धेरै कुरा त ध्यानबाट नै बुझ्दथ्यो। अहिले भने ससाना तरिकालाई पनि एकदम व्याख्या गर्नुपर्ने अवस्था छ। एउटा क्यामरा, एसी आदि लियो भनेपनि त्यो कसरी चलाउने भन्ने व्याख्या गर्न पनि लम्बेचौडे म्यानुअल निकाल्नु पर्ने भयो। यसो देखिएको हुनाले खासमा ज्ञान क्षीण भइरहेको छ। बाह्य प्रकटीकरण र परिचर्चा बढिरहेको छ तर खासमा ज्ञान खिइरहेको छ भन्ने मान्यता यो धारले लिएको छ तर दुईवटै धारमा नजान्ने पनि छन्। तिनका अनुसार हरेक युगमा एकदमै ज्ञानी, विद्वान् मान्छे र निष्पट्ट अज्ञानी, मूर्खहरू पनि सँगै रहन्छन्। अहिलेको युगमा पनि यस्तै नै छ, पहिले पनि यस्तो नै थियो। तथ्याङ्कमा साक्षरताको हिसाब गर्दा निकट इतिहासको अपेक्षा क्रमशः बढ्दै बढ्दै गइरहेको छ। यसो हुँदा मानिसहरूले ज्ञानको चिन्तन गर्ने परिपाटी बढ्ने क्रममा छ भन्ने मान्यता छ।

समयको अरेखीय गति मान्नेले समयको पनि चक्रबल मानेका छन्। त्यसैले समाजको आरोह र अवरोह क्रमशः हुन्छन्। सभ्यता उच्चतम विन्दुमा पुगेपछि घट्दछ अनि जङ्गली जस्तो असभ्यता बढ्दै जान्छ। अनि फेरि प्रविधिमा विकास गर्दैगर्दै जान्छ भनेर चक्रीय गति मान्दछन्। सुदूरप्राचीन कुनै कालमा ज्ञानको भव्य विकास भएको पनि मान्दछन्। त्यसको पुनर्जागरणको मान्यता के हो भने कुनै बेलामा ज्ञानविज्ञानको आफ्नो चरित्र हुन्छ। प्रविधि हरेक युगमा नयाँ किसिमबाट आउँछ। तर त्यो प्रविधिले नयाँ प्रभाव पार्ने हुनाले ज्ञानमा पनि पक्कै त्यसले प्रभाव पार्दछ। प्रविधि अहिले जस्तो थियो पहिले पनि कुनै न कुनै रूपमा थियो भन्ने मान्यता पनि छ।

ज्ञानको हिसाबमा हाम्रामा त अन्तः ज्ञानलाई अधिक महत्त्व दिइएको छ। त्यसो हुनाले ज्ञानमा केवल रेखीय गतिमात्र मान्नु अनुकूल देखिँदैन। बरु ज्ञानको तह एकैसमयमा पनि उच्चतम ज्ञानीहरूमा र निम्नतम अविवेकीहरूको तहमा पनि हुन्छ। यो हिसाबले हेर्दा समाजलाई नियमन वा मार्गनिर्देशन गर्ने तत्त्वहरूको बारेमा थाहा पाउनु आवश्यक छ-

१. ऋत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. धर्म

३. दण्डनीति

४. कानुन

यिनमा पनि अरेखीय मान्यतामा चक्रवत् गति हुन्छ । जसरी पोहोर वैशाखबाट फेरि वैशाख आउने गर्दछ, सत्ययुगबाट सत्य, त्रेता, द्वापर र कलियुग हुँदै फेरि सत्यमा नै पुग्ने हो । हाम्रो मान्यतामा सृष्टि अनादि मानिन्छ । निरन्तर अविच्छिन्न अगाडि बढेको बढ्यै छ । पछाडि फर्केकै छैन भन्ने मान्यता छैन तर त्यसलाई पनि अध्ययन, व्यवहारको सहजताको लागि कुनै एउटा निश्चित विन्दुबाट सुरु गरेर निश्चित विन्दुसम्म लान सकिन्छ । त्यो नियत अंशमा भने रेखीय व्यवहार पनि लागू गर्न सकिन्छ, अरेखीय पनि सकिन्छ । अंशमा रेखीय दृष्टिकोणले हेर्दापनि समष्टिमा यो रेखीय छैन । अहिलेका कतिपय पद्धति खासगरी अहिलेको प्रभुत्वशाली पश्चिमा प्रतिमानले भने रेखीय दृष्टिबाट मात्र हेरेको छ । रेखीय मान्यताअनुसार सुरुमा ऋतको व्यवस्था थियो । ऋत भनेको सत्य हो । मानव व्यवहारको हिसाबले ऋत भनेको प्रत्येक मानवले आफ्नो जन्मदेखि नै सत्य अवलम्बन गर्ने तर कसैले सिकाएर वा बुझाएर होइन समाजको संरचनामा त्यस्तो कुनै विकृति नआइसकेकाले केही नियमनकारी निकाय नै छैन । राज्य पनि छैन । दण्ड दिने पनि छैन । हरेक व्यक्तिले स्वयंमा सत्यलाई साक्षात्कार गरेको छ । सत्यलाई अवलम्बन गरेको छ । मलाई सुख हुने कुराले अरूलाई पनि सुख हुन्छ, आफूलाई प्रतिकूल हुने कुराले अरूलाई पनि दुःख हुन्छ भन्ने बुझेको समाज हुन्छ । जनसङ्ख्याको तुलनामा आवश्यक पर्ने संसाधनको पर्याप्तता छ, समृद्धि छ । प्रवृत्तिगत रूपमा ऊ स्वतः संस्कारित छ । स्वतः संस्कारित समाजको परिस्थितिका कारण आधिभौतिक, आधिदैविक र आध्यात्मिक तिनै आयाम स्वच्छ र परिपूर्ण छ । मानिसको अर्थ र कामको क्षेत्रमा कुनै द्वन्द्व छ । यसलाई सत्ययुगको पनि पहिलो चरणका रूपमा हाम्रामा मानिन्छ । पश्चिममा कुनै कथामा सुनेका होलान्, कतै पढेका होलान् । त्यसो भएको हुनाले कार्ल मार्क्सले पनि त्यसलाई आदिम साम्यवाद भन्नपुगे । उनले त्यो युगमा पनि जान्ने र नजान्ने, शहर र गाउँ, सुखी र दुःखी मानिसहरूको विविधता थियो भनेर हेर्न सकेनन् । आदिम साम्यवादको व्याख्याले सँस्कृत वाङ्मयको दृष्टिकोणबाट आउने समृद्धिको चिन्तनसँग तादात्म्य राख्दैन । त्यो त एकदमै सामान्य किसिमको छ । सारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा सबै मानिसहरू सुखी थिए अनि समाजमा व्यक्तिको सम्पत्तिमा स्वामित्व हुनसक्ने अवस्था थिएन। समाजमा रहेका व्यक्तिहरूको आधारभूत आवश्यकताको लागि लड्ने अवस्था थिएनन् र समाजका जटिल संरचना बनाउनुपर्ने अवस्था पनि थिएन। खास गरी सामाजिक, सांस्कृतिक, राजनीतिक संरचनाको आवश्यकता थिएन। हाम्रोमा पनि वैदिक वाङ्मयमा मन्त्रहरू नित्य छन्। ब्राह्मणग्रन्थहरूमा त्यो बेलाको समाजको व्याख्या पाउन सक्छौं। आरण्यक, उपनिषद्मा पनि थप व्याख्या पाउँछौं।

विस्तारै ऋतको व्यवस्थामा क्षीणता आउँछ। विभिन्न कारणले गर्दा समाजमा मत्स्यन्याय हुनथाल्छ। अनि समाजमा रहेका ऋषि, सन्तहरूद्वारा समाजको बेथिति हटाउन धर्मको नियम बनाइयो। ऋत भनेको सहज, स्वाभाविक रूपमा प्रत्येक व्यक्तिमा रहेको आन्तरिक गुण हो। यो आन्तरिक गुणले बाह्य व्यवहारलाई समेत मार्गनिर्देशन, नियमन गरेको छ। धर्मका नियमलाई पनि साधारण र विशेष मानिएको छ। साधारण धर्म भनेको सृष्टिका सबैले कार्यान्वयन, अवलम्बन पर्ने चरित्रका उचित नियम हुन्। जस्तो- सत्यं वद, धर्मं चर, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव। अतिथि भनेको अचेलका व्यापारका ग्राहक पर्यटकहरूको लागि प्रयोग गरेको होइन। यी सबैलाई मिल्ने साधारण नियम हुन्। त्यस्तै हरेक व्यक्तिलाई भोक, निन्द्रा, भय र मैथुनको चाहना हुन्छ। उसमा विवेक हुन्छ र अझै विवेक संस्कारित गर्छ। त्यस्तै अरू पनि कयौं व्यवहारहरू छन्। ती व्यवहारलाई चाहिँ विशेष धर्म भनिन्छ। विशेष धर्म देश-काल-परिस्थिति अनुसारका हुन्छन्। यसैले ऋतभन्दा धर्ममा केही फरक आयो।

धर्मको नियमका माध्यमबाट मानिसहरूलाई शिक्षित, दीक्षित र प्रशिक्षित पार्नु आवश्यक भयो। धर्मको नियमभन्दा प्रतिकूल गएर अधर्म गरिराखेको छैन भनेर हेर्नुपर्ने भयो। त्यसैले पहिलेभन्दा जटिल सामाजिक, शासकीय, प्रशासकीय वा राजकीय संरचना आए। अब राज्य आयो, शासक आए। शासक त विभिन्न प्रकारका छन्। राजा पदधारी प्रशासक आयो। धर्मशास्त्रअनुसार समाजमा मत्स्यन्याय नहोस् भनेर राजा आएको हो। समाजमा कोही स्वेच्छाचारी, निरङ्कुश हुने, नियममा नबस्ने तर कमजोर पीडित हुने अवस्था आएकाले ऋतले पुगेन। सामाजिक र राजनीतिक संरचना लागू गर्नुपर्‍यो। धर्मको युग पनि सुरुमा चारै पाउको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, त्यसपछि तीन, दुई हुँदै एक पाउ हुँदै ह्रासमा जान्छ । राजा पृथुभन्दा ठीक अगाडिको उदाहरण राजा वेनको छ । वेनको राज्यकालमा दण्डहीनता, निरङ्कुश राज्यले समाजका सबै संरचनाहरूको अधिकार खोसेको सर्वसत्तावादको अवस्था थियो भने पृथुको पालामा मूलतः धर्मको व्यवस्थालाई पुनः प्रचलित गराएको अवस्था देखिन्छ । यसका लागि दण्डनीतिको व्यवस्था हुन्छ । त्रेतायुगमा ईश्वरीय अवतार रामको शासनव्यवस्था पनि दण्डनीतिबाट सुरु हुन्छ तर दण्डनीति पूर्ण बहाल भएको उच्चतम विन्दुमा नै धर्म प्रतिष्ठित हुन्छ । रामराज्यमा पनि धर्मको शासन थियो । द्वापरयुगमा महाभारत कालमा त विकृति व्याप्त थियो । दण्डनीतिमै शासन व्यवस्था चलेको अवस्था थियो ! दण्डनीतिमा समाजले विधि र निषेधलाई एउटै मानेर हेर्दैन । निषेधित कार्यमा सजाय र राम्रो काम गरेमा समाज़मा प्रोत्साहन हुने देखिन्छ । आजको युगमा पनि 'Ethics and Law' भनेर करिबकरिब दण्डनीतिले शासन चल्ने अवस्था छ ।

अन्तिममा दण्डनीति पनि काम नआएपछि कानुननीति चल्दछ । ऋतमा हरेक व्यक्ति यति चरित्रवान्, गुणवान् छ कि कसैले कसैलाई नियमन गर्नु नै पर्दैन । धर्मनीतिमा समाजमा अधिकतर मानिसहरू राम्रो बाटोमा छन् । गलत गर्ने केहीलाई शक्तिशाली राजकीय सत्ताले एउटा संरचना बनाएर, नियमन गरेर, सजाय दिएर समाजमा रहेका बहुसङ्ख्यकले सहज रूपमा जीवनयापन गर्ने अवस्था रहेको थियो । अब कानुनी चरित्र के हुन्छ भने यस्तो खालको कार्यको यति वर्ष कारावास वा जरिवाना अथवा दुवै हुनेछ । उसको सरोकार न्यूनतम मानवीय व्यवहारभन्दा तुच्छ गरेमा सही हुँदैन भन्नेमा हुन्छ । त्यसो भएको हुनाले समाज अनुसारकै कानुन बन्छ । जति तुच्छ स्तरको समस्या समाजमा देखिन्छ, कानुनमा पनि तुच्छ किसिमका व्यवहार उल्लेख गर्दै सजाय आउँछन् । त्यस्तै कानुनमा उल्लेख लेख्नुपर्छ ।

समाज त राज्य र सामाजिक संस्थाहरूको सहकार्यमा समन्वयमा चल्नुपर्ने हो । समाजमा संरचनागत जटिलता थपिँदै गएको छ भने राज्यको भूमिका अझै थपिन्छ । जब सामाजिक संरचनाहरू बलिया हुँदै जान्छन् व्यक्ति संस्कारित हुँदै जाने अवस्था हुन्छ । त्यसपछि क्रमशः 'Rule of Law'को उच्चतम विन्दुबाट दण्डनीतिको व्यवस्था सुरु हुन्छ । दण्डनीतिको उच्चतम व्यवस्थाबाट धर्मनीतिको व्यवस्था सुरु हुन्छ । धर्मनीतिको उच्चतम व्यवस्थाबाट ऋतको व्यवस्था सुरु हुन्छ । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाज त आएको बाटोबाटै सर्लक्क फर्कने होइन । त्यसका लागि वर्षौं लाग्छ । एउटा बुझाइबाट ४ लाख ३२ हजार वर्ष कलियुगको तोकिएको छ । द्वापरयुगको यसको दोब्बर, त्रेतायुगको तेब्बर अनि सत्ययुगको चौबर कालखण्ड हुन्छ । अर्को पद्धतिबाट हेर्दा जब शासक निस्कन्छ त्यही विन्दुबाट सत्ययुग सुरु हुन्छ । यसलाई हामीले पुनर्जागरण पुस्तकमा पनि चर्चा गरेका छौं । आजको सन्दर्भमा कानुन र विधिलाई समान अर्थ मानेर पनि प्रयोग गरेको पाइन्छ । तर वास्तवमा कानुनको चरित्र निषेधात्मक हुन्छ । विधि र निषेधका सूत्रलाई समायोजन गरेमा दण्डनीति बन्छ । कानुन र नैतिकताको पनि संयोजन आवश्यक छ ।

समाजका विभिन्न अवयवहरू एक आपसमा सम्बन्धित हुन्छन् । सामाजिक संस्थाहरू, सांस्कृतिक संस्थाहरू खास गरी परिवार, कुटुम्ब, समुदाय अथवा सम्प्रदायले आफ्नो भूमिका राम्रोसँग पूरा गर्न नसकेपछि व्यक्तिको संस्कारमा ह्रास आएर कानुनको युग ल्याएको हो । ज्ञानको हिसाबले बौद्ध दर्शनले बुद्धलाई नै आधिकारिक मान्ने हो । बुद्धको वचनलाई नै आधिकारिक मानिन्छ । त्यस्तै वैदिक परम्परामा पनि वेदलाई नै आधिकारिक मानिएको छ । अरू शास्त्र त यसको व्याख्या मात्रै हुन् । रेखीय समाजविकासको सिद्धान्तमा त एक कोशीय जीवबाट जलचर, स्थलचर हुँदै सृष्टि चलेको चर्चा छ । जसरी आएको भएता पनि व्यक्ति, परिवार, कुटुम्ब, समुदाय, सम्प्रदाय, राज्य वा राष्ट्र हुँदै वैश्विक समुदायसम्म नियमन गर्नेमा आफ्नै खालका मान्यता छन् । हाम्रामा राजा महेन्द्रले मुलुकी ऐन लागू गरेर राज्यको भूमिकाबाट एक नयाँ चरणमा प्रवेश भयो । त्यसभन्दा अगाडि अघिल्लो सन्दर्भमा आएको थियो । जङ्गबहादुरले मुलुकी ऐन ल्याउनु अथवा जयस्थिति मल्लले आफ्नो स्थिति बसाउनुले पनि राज्यले आफूले बनाएको लिखतको आधारमा समाजलाई चलाउन खोजेको बुझाउँछ । त्यही विन्दुबाट पुराना स्मृति आदि ग्रन्थ केवल सन्दर्भग्रन्थका रूपमा रहे । राजा महेन्द्रले मुलुकी ऐनबाट आधुनिक अर्थमा राज्यको निर्णायक भूमिकालाई स्थापित गरेको थियो । छुवाछुत आदि कुराहरू त्यसले एकै झट्कामा गैरकानुनी बनायो । यसमा पनि विभिन्न मत होलान् । कतिपयले पहिलेदेखि नै थियो मान्छन् । क्रिश्चियानिटी र इस्लामको कारणहरूले यहाँ छुवाछुतको विकृति भित्रिएको हो भन्ने खालको निष्कर्षमा पुगेका अध्येताहरू पनि छन् । हाम्रामा अन्यत्र जस्तो टेरिटरियल नेस्नालिजम (Territirial Nationalism)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा इथनिक नेस्नालिजम (Ethnic Nationalism)को अवधारणा छैनन् । यी त खासमा अतिवादहरू हुन् । हाम्रोमा त ग्राम र कुल दुइटैलाई समन्वय गरेर अगाडि बढ्ने पद्धति छ र यसमा धेरै प्रयास भएका छन् । राज्यराष्ट्र सिद्धान्त हामीले चर्चा गरिरहेकै छौं । राज्यको दृष्टिकोण वा समाजको दृष्टिकोणबाट हेरेको हो भन्नेमा फरक छुट्याउन नसक्दा धेरै समस्या आउँछ ।

बुद्धको दर्शन कुनै राजकीय शासन व्यवस्था यसरी चल्नुपर्छ भनेर आएको होइन । प्रसङ्गवश बुद्धले विभिन्न मानिसको जिज्ञासालाई सम्बोधन गर्नु हुन्थ्यो तर बुद्धको मूल उद्देश्य भवचक्रबाट मुक्त गराउनु नै हो । समाजको व्यवहारमा रहेका मानिसहरूलाई व्यवहारबाट उम्काएर सङ्घमा ल्याएर निर्वाणसम्म पुऱ्याउनु थियो । आजको सन्दर्भमा पनि बुद्धको दर्शनलाई हामीले 'अप्प दीपो भव' भनेर व्यक्तिगत तहमा उपयोग गर्न सक्छौं तर बुद्धको दर्शनले शासकीय पद्धतिमा भने परिणाम दिँदैन । हरेक व्यक्तिले आफैं साधना गरेर अगाडि बढ्ने कुरालाई महत्त्व दिइएको हो । खास गरी विदेशी विधर्मी आक्रान्ताहरूले हाम्रो समाजको समृद्धिलाई नाशेका हुन् । तिनलाई परास्त गर्न नसकेकाले हाम्रो हिमवत्खण्डसँग जोडिएको भूभागमा धेरै लामो समयसम्म अनेक उच्छृङ्खलता देखिएको हो । गान्धीको सिद्धान्त पनि मूलतः सामाजिक सिद्धान्त हो । उहाँको ग्राम स्वराजादि सिद्धान्त सुन्दा राजनीतिक जस्तो लागेतापनि उहाँ आफैंले भारत स्वतन्त्र भएपछि काङग्रेस पार्टीलाई विघटन गरिदिए हुन्छ भनेकोले पनि यो सामाजिक जागरणको लागि प्रयोग भएको उपकरण थियो भन्ने प्रष्ट हुन्छ । राजकीय शासकीय प्रयोजनका लागि छुट्टै राजनीतिक दल आउनुपर्छ भन्नु भएको हो तर गान्धीको नामलाई दुरूपयोग गरेर शासन-प्रशासन चलाउन पश्चिमा चुनावको पद्धति लिएर नेहरू, त्यसपछि उनकी छोरी इन्दिरा गान्धी लगायतले समाजवादी भनेर विकृत राजनीतिमात्र चलाउने तर पैसा र कार्यालयमा गान्धीको फोटो राख्ने गरे । त्यस्तै मोसेस, जिसस वा मोहम्मदको विचार हेऱ्यौं भने मूलतः एउटा कुनै समुदाय कसरी चल्दा ठीक हुन्छ भनेर सुरु भएका थिए तर यसको विस्तार गर्नेहरूले यसको अनियत प्रयोग गरें । तर पश्चिमले क्रिस्चियानिटी राजकीय प्रयोजनका लागि आएको होइन तर चर्चले शासनमा पनि हात लियो भन्ने बुझेपछि विद्रोह गरेर 'चर्च अफ स्टेट' भन्ने समाधान गर्न खोज्यो । यो त हाम्रामा प्राचीनकालमा नै समाधान भएको हो । यतापट्टि मुस्लिम दुनियाँमा हेऱ्यौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने कमालुतातुर लगाएका हुनाले यो कुरा केही समय समाधान भएको जस्तो पनि देखियो । कयौं देशहरू अहिले पनि यो महसुस गर्न नसकेर अन्योलमा छन् । पाकिस्तानको दुःख यही हो । अहिले पनि उनीहरू शासकीय-प्रशासकीय क्षेत्र र मजहबको क्षेत्रको भेदमा अलमलमा छन्, दुःख पाएका छन् । इस्लामको बहाबी धाराले संसारभरि दारुल इस्लाम भनेर मजहबको माध्यमबाट राजकीय-प्रशासकीय क्षेत्रमा अविच्छिन्न दखल दिइरहने छ। यसले संसारमा शान्ति हुनेवाला छैन ।

हामीले स्थितिगत्यात्मक प्रगतिवादको दृष्टिकोणबाट हेर्दा एकातिर सामाजिक-सांस्कृतिक अवयवहरू छन् भने अर्कातिर धर्मको हिसाबले स्थिर रहन सक्ने कुराहरू पनि छन् । त्यस्तै बसाइँसराई, प्रविधि आदि कारणले अहिले अर्थतन्त्रको स्वरूप, उत्पादन र वितरणको चरित्र परिवर्तन हुँदै जाँदा यिनको समन्वय गर्नुपर्छ। स्थितिगत्यात्मक प्रगतिवादलाई राजनीतिक सन्दर्भमा राज्यराष्ट्र सिद्धान्तले व्याख्या गरेको छ। असम्मयेता दोष हुने गरी कुनै पनि दर्शनलाई प्रयोग गर्ने खोजेमा त्यसले समस्या दिन्छ। जस्तो मार्क्सवाद त मूलतः सत्ता कसरी कब्जा गर्ने भन्नेसँग सरोकार रहेको थियो तर समयक्रममा व्यक्ति, उसले लेखेको ग्रन्थ, सङ्गठन अनि सङ्गठनमा लागेकाहरूले सबै कुरा कब्जा गर्ने एक किसिमको मजहबजस्तो बन्यो । हामी हेरौं त विद्यालय, क्याम्पस, मन्दिरमा राजनीतिक दलको के अर्थ ? तर सर्वसत्तावादको भूत चलेकोले पार्टीले सबैतिर कब्जा गर्न खोज्छ। यसको एक समाधान भनेको सामाजिक संरचना, सांस्कृतिक संरचनाहरूलाई बलिया बनाएर समन्वय गराउनु हो । समाज पनि अघि बढ्नुपर्ने हुन्छ। नेपालमा आज सामाजिक, सांस्कृतिक संरचनाहरूदेखि परिवार, कुल, कुटुम्ब, समुदाय सबै कमजोर भएका छन् । राज्यका नाममा विभिन्न राजनीतिक पार्टीहरूले अनधिकार हस्तक्षेप गरेर कमजोर बनाएका छन्। यिनलाई प्रबल बनाउने काम राज्यको हो तर त्यो गर्नसकेको छैन । राज्यशक्तिलाई राज्यमा राख्ने र सामाजिक शक्तिलाई पनि शक्तिबोध गराउनु स्थितिगत्यात्मक प्रगतिवाद हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ७

व्यक्ति, समाज र राज्य

व्यक्ति, समाज र राज्यको अन्तरसम्बन्धले समाज कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्दछ। भौतिक परिस्थितिका साथसाथै त्यसलाई सञ्चालन र उपभोगमा मानवले खेल्ने भूमिकाले संसारलाई अगाडि बढाउँछ। यसले प्रगतिको स्वरूप निर्धारण गरेको हुन्छ। त्यसो भएको हुनाले वैयक्तिकता, सामुदायिकता र सामूहिकताका माध्यमबाट समाजको विकासको अध्ययन गर्नु र तदनुरूप कर्म गर्नु अनिवार्य छ।

व्यक्तिको सामूहिकतासँगको स्थितिगत्यात्मक सम्बन्धको परिचर्चा गर्ने तरिका थुप्रै छन्। सहजताको लागि पश्चिममा जोन स्टुअर्ट मिल र पूर्वमा चाणक्यको दृष्टिविन्दुबाट हेर्न सकिन्छ। मिल उपयोगितावाद र वैयक्तिक स्वतन्त्रताको विचार क्षेत्रमा प्रसिद्ध छन्। उनी दार्शनिक जेम्स मिलका छोरा हुन्, जेरमी बेन्थनको प्रत्यक्ष सुपरिवेक्षणमा प्रखर भएका हुन्। उनले राजनीतिशास्त्र, अर्थशास्त्र, न्यायशास्त्रका अनेक विधामा काम गरेका छन्। अन लिबर्टी 'On Liberty' वैयक्तिक स्वतन्त्रताको पक्षमा उनको सर्वाधिक महत्त्वपूर्ण पुस्तक हो। अन लिबर्टीले सिद्धान्तको रूपमा वैयक्तिक स्वतन्त्रताको लागि एउटा मापदण्ड दिएको छ, पुँजीवादी संयन्त्रबाट व्यक्तिको विकास गर्न एउटा मानकको रूपमा रहेको छ। कुनै पनि व्यक्तिको व्यक्तित्वको पूर्ण विकासका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ। प्रत्येक व्यक्तिको आफ्नो शरीर, मस्तिष्कमाथि सम्प्रभुता हुन्छ। व्यक्तिको स्वतन्त्रतामाथि कुनै पनि दैवी शक्ति, व्यक्ति, राज्य वा लोकप्रिय सरकारले समेत बाधा पुऱ्याउनु वाञ्छनीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन भनेर उनले वैयक्तिक स्वतन्त्रताको पक्षमा तर्क गरेका छन् । स्वतन्त्रतालाई उनले सुखानुभूतिसँग जोडेका छन् । सुखका विभिन्न स्रोतहरू हुन्छन् । कुनै एक व्यक्तिले गरेका कार्यले समाजमा सुखको अभिवृद्धिको गर्न सक्छ। त्यसैले व्यक्तिको विचारलाई दमन गर्नु हुँदैन । वैचारिक स्वतन्त्रता व्यक्तिको मानसिक स्वाथ्यका लागि अत्यावश्यक छ । वैचारिक स्वतन्त्रता भएन भने विचार गुम्सिएर बस्छ । त्यसले एक किसिमको कुण्ठा, आक्रोश, विध्वंस पैदा गर्छ। यतिसम्म कि समाजमा एक जना व्यक्तिको मात्र पनि कसैसँग नमिल्दो कुरा छ भने पनि उसको पनि मुख बन्द गर्नु हुँदैन ।

विचार र अभिव्यक्तिको स्वतन्त्रता जन्मसिद्ध अधिकार हो । त्यसो भएको हुनाले कुनै पनि संरचनालाई कसैको पनि फरक मतलाई दबाउने अधिकार छैन । आन्तरिक स्वतन्त्रता, वैचारिक स्वतन्त्रताको साथै बाह्य स्वतन्त्रता अर्थात् कार्यको स्वतन्त्रता महत्त्वपूर्ण हुन् । विचार अनुसारको व्यवहार पनि गर्नु पाउनु पर्छ । त्यसले कतै अराजकता त आउँदैन भन्ने आशङ्कामा कार्य र विचार दुवै स्वतन्त्र भए मात्र पूर्ण विकास हुन सक्छ। व्यक्तिले समाजका लागि योगदान दिने हो। हरेक व्यक्ति जन्मिदा उत्तिकै महत्त्वपूर्ण र स्वतन्त्र हो। आफ्ना लागि उपयोग र उपभोग गर्न पाउनु व्यक्तिको अधिकार हो। प्रत्येक व्यक्तिले सुख पाउन विचार अभिव्यक्ति र तदनुसार कार्य गर्नु अन्तरसम्बन्धित छन् तर एउटा तहमा पुगेपछि भने मनुष्यले गर्ने कार्य सबै व्यक्तिगत कार्य हैनन् । कतिपय कार्यहरू सामूहिक वा सार्वजनिक कार्य छन् । समूहमा त अर्को व्यक्ति पनि उत्तिकै स्वतन्त्र भएकोले धेरै जनाको अधिकारबीचको द्वन्द्वको स्थिति प्रखर रूपमा अगाडि आउँछ। त्यसो भएको हुनाले वैयक्तिक जीवनसँग सम्बद्ध लवाइ, खवाइ, आस्था, मतदानजस्ता कुराहरूमा असीमित स्वतन्त्रता हुनुपर्छ भन्ने उनको तर्क देखिन्छ।

वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति व्यक्तिका साथै समाजको लागिं पनि हितकारी हुन्छ। सार्वजनिक कार्यका सन्दर्भमा भने असीमित स्वतन्त्रता हुन सक्दैन। मिलको रायमा व्यक्ति आफ्ना कार्यमा त्यति हदसम्म स्वतन्त्र छ जबसम्म अरूको कार्यलाई बाधा पुर्‍याउँदैन । यदि आफ्नो कार्यले अरू व्यक्तिलाई बाधा पुर्‍याउँछ भने त स्वतन्त्रताको नाममा अन्ततोगत्वा मत्स्यन्यायको अवस्था आउन सक्छ । व्यक्तिले आफ्नो सुखका लागि स्वतन्त्रता विचार र कर्म गर्न पाउने अधिकारको पक्षमा पैरवीका साथै एक व्यक्तिले राखेको विचार र कार्यले समाजका अन्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले दुःख नपाउन् भन्ने पनि मिलले जोड दिएका छन्। वैयक्तिक स्वतन्त्रताको तर्क नैतिक बन्धनयुक्त छ। नैतिकता के हो ? आचरणमा कसरी आउँछ ? यो कुरा समाजपिच्छे फरकफरक हुन्छ। जहाँ सामाजिक संरचना कमजोर छ त्यहाँ नैतिक संयन्त्रहरू कमजोर हुन्छन्। जस्तो अमेरिकामा हरेक घरमा हतियार राख्न पाउने अधिकार छ त्यो अधिकारसँगै कर्तव्यको पाटो प्रखर नहुँदा कसैले खास गरी विद्यालय, कलेजहरूमा अन्धाधुन्ध गोली बर्साएर व्यक्तिहत्या गरेको देखेका छौँ। वैयक्तिक स्वतन्त्रतालाई नैतिक बन्धनमा बाँध्न नसक्दा परेको समस्या हो यो। यसलाई नियमन गर्नेमा उनीहरू अहिले पनि तर्क गर्दै छन्। राज्यले समाजको नैतिक नियमन गर्न पाउने अधिकार खोसिदिएको बेलामा कसरी समाजले त्यसमा प्रतिक्रिया व्यक्त गर्छ त ? हामीले भारतमा पञ्चायतका कुराहरूमा, पाकिस्तानमा, अफगानिस्तानमा अथवा कबिला संरचनाहरूले कानुनभन्दा पृथक् गएर प्रतिक्रिया व्यक्त गरेको देखेका छौँ। यसलाई कसरी समाधान गर्ने त भन्ने प्रश्नमा चाणक्यको कुरा सान्दर्भिक हुन आउँछ।

चाणक्यका विभिन्न व्यक्तिगत आयामहरू छन्। उनले कौटिल्य नामबाट अर्थशास्त्रको प्रतिपादन गरेका छन्। वात्स्यायन नामबाट कामशास्त्र अनि विष्णगुप्त नामबाट राजनीतिक कार्य गरेका छन्। उनी गुरुकुलका ठूला आचार्य हुन्। त्यत्रो साम्राज्य खडा गरेर राज्यसत्ताको कुनै लोभ नगरी आफ्ना शिष्यलाई सम्राट् सिद्ध गरेका हुन्। उनले त्यागका साथ वैदिक ऋषि परम्परालाई अविच्छिन्न बढाएका हुन्। चाणक्यको नीतिशास्त्र पनि सहज उपलब्ध छ।

उनले लेखेको एक श्लोक ज्यादै मननीय छ। त्यसको तात्पर्य के छ भने कुलको भलाइको लागि एउटालाई त्याग्नु, गाउँका लागि कुललाई त्याग्नु, देशको अथवा जनपदको हितका लागि गाउँलाई त्याग्नु र आत्मकल्याणको लागि समस्त पृथ्वीलाई त्याग्नु पनि उपयुक्त हुन्छ। सरसरी हेर्दा यो एक किसिमको प्रावधान जस्तो लाग्छ। यसमा वैयक्तिताको लागि स्थान रहेनछ कि भन्ने लाग्छ। कुलको लागि व्यक्तिलाई त्याग्नु परे त्याग्नु वैयक्तिकता प्रतिकूल भयो। कुल त सांस्कृतिक एकाइ थियो, ग्राम भनेको राजनीतिक एकाइ थियो। त्यो बेलामा एउटै ग्राममा धेरै कुलहरू भएको हुनाले कुनै एउटा कुललाई त्याग्दा सारा ग्रामको हित हुन्छ भने त्यसको लागि तयार हुनुपर्छ भन्दा त समूहको प्राधान्य देखिन्छ तर आत्मकल्याणको लागि समग्र पृथ्वीको त्याग गर्नु पनि उचित हुन्छ भन्ने मान्यता भने वैयक्तिकताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण हो। यो हिसाबले हेर्दा पूर्वलाई समूहवादी मान्दा कुरा अपूरो हुन्छ। हात्तीलाई छाम्दा सूँढ छाम्ने र कान छाम्नेले के भन्यो भने जस्तो मात्र हुन्छ। वैयक्तिकता र सामूहिकताको समन्वयी रूप हुनुपर्ने उनको मान्यता देखिन्छ। सामाजिक व्यवहार समष्टिप्रधान हुनु पऱ्यो तर आध्यात्मिकता त सदैव व्यक्तिकेन्द्रित हुन्छ भन्ने देखियो। यी दुईको समन्वय गरीसकेपछि बल्ल व्यक्ति, समाज र राष्ट्रको अन्तरसम्बन्धको चर्चा गरिएको छ।

व्यक्तिलाई मूल मान्ने हो भने व्यक्ति समाजमा कसरी रहेको भन्नुका साथै समाजमा वा राष्ट्रमा उसले कसरी व्यवहार गर्नु पर्छ भन्ने हेक्का राख्नु पर्छ। यसो भएको हुनाले यसमा स्थितिगत्यात्मता रहेको छ। व्यवहारमा पनि एक जनाको कारणले सारा समाजलाई हानि वा फाइदा हुन सक्दछ। समाजका सदस्यका रूपमा हरेक व्यक्ति अन्तरसम्बन्धित छन्। त्यसो भएको हुनाले सामाजिक व्यवहारमा समष्टिलाई ध्यान दिनु पऱ्यो। वैदिक पद्धतिमा त देहावसानपछि आमा, बुबा, श्रीमती, कुल, मित्रजनहरू सबै छुट्छन् तर केवल आफ्नो धर्ममात्र साथ हुन्छ। जीव एक्लै आउँछ, एक्लो नै जान्छ र पापपुण्यको फल उसैले भोग्दछ। व्यवहारिक जीवनमा पनि त कति मानिसहरू सुख परेको बेला साथमै हुन्छन् तर दुःखमा गायब हुन्छन् अनि दुःखबिमारमा साथ दिनेहरू पनि कति समयसम्मका हुन्। मर्ने बेलामा कति हुने हुन्। मरिसकेपछि घाटसम्म कति हुने हुन्। पोलिन्जेल कति बस्ने हुन्। हरेक व्यक्तिको समाजमा विभिन्न व्यक्तिहरूसँग जीवनकालमा नै सम्बन्ध छ। मृत्युमा त छोडेरै जाने हो। एक्लै जाने एक्लै आउने भएपनि वैयक्तिकताको पाटोमा व्यवहार कस्तो गर्ने भन्नेमा प्रशस्त चिन्तन गरिएको छ। यसमा मानवको लक्ष्य धेरै जान्नु होइन अपितु सत्य जान्नु हो।

परम सत्यको साक्षात्कारका लागि नै शरीर र इन्द्रिय आवश्यक हुन्। इन्द्रियहरू स्थिर र शुद्ध छैनन् भने सत्यको साक्षात्कारबाट दिग्भ्रमित गराउँछन्। गीतामा इन्द्रियले मनलाई बराल्ने काम गर्ने भएकाले यिनको वशमा नपर्न भनिएको छ। बाह्यविषयहरूलाई त्यागेर आफैँमा रमाउने योगीले अक्षय सुख पाउँछ। मीमांसा पद्धतिमा भौतिक, मानसिक दैविक र आध्यात्मिक पक्षको समन्वयमा नै जोड दिइएको छ। सारमा वैदिक पद्धतिमा इन्द्रियको अपूर्णतालाई सम्झाएको हो। देह र आत्माको पृथक्ता, देहको अनित्यता, आत्माको नित्यता, देहको साधनता, इन्द्रियालाई वशमा राख्न सक्ने मन, मुक्तिजस्ता मौलिक मान्यताहरू यहाँ छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पश्चिमका प्रायः दर्शनहरूमा चेतन आत्माको विकसित अवधारणा छैन । प्राच्य सभ्यतामा भने मनलाई साधन मानेर अनुशासनको पद्धति पनि विकास भएको छ । त्यसो भएको हुनाले प्रधान लक्ष्यतिर जान दिग्भ्रमित हुनु भएन । जेले रोक्छन् तिनलाई छोड्नु पऱ्यो । व्यक्तिगत जीवनमा धर्म, अर्थ, काम हुँदै मोक्षसम्म पुग्ने हो । तत्कालका लागि सुख दिएपनि मोक्षसम्म व्यवधान गर्नेलाई त्याग्नु पऱ्यो । संस्कारित हुनु पऱ्यो ।

वैयक्तिक स्वतन्त्रता सुखको लागि हो तर क्षणिक सुखभन्दा अक्षर सुखको रूपमा हो । लामो आध्यात्मिक यात्रामा सुखदुःख त कर्मअनुसार भइ रहन्छन् । त्यसो भएकाले भौतिक कुराहरूको पछाडि मात्र लाग्नेले भौतिकतामा नै संम्पूर्ण लक्ष्य राख्छ अनि त्यो पाएन भने विचलित हुन्छ । अवसाद (डिप्रेशन)मा जानेदेखि आत्महत्या (सुसाइड)सम्म आउने भयो । आध्यात्मिक लक्ष्य त यति फराकिलो छ कि धर्म, अर्थ र काम त्यहाँ रहन्छन् नै । कर्मको परिणाममा फल स्वतः आउँछ । फललाई मात्र समातेर बस्नु भनेको त मूर्खता हो । आध्यात्मिक उन्नतिमा त शारीरिक र मानसिक स्वास्थ्य बलियो हुनु पर्छ । समुचित खानपान, लवाई, बसाई, सङ्गत सबै पर्छन् । त्यसैले सामूहिकतामा कस्तो मित्र बनाउने, कस्तो बिहे गर्ने, कुन कुटुम्बको सम्बन्ध कस्तो राख्ने, आर्थिक सम्बन्ध कस्तो राख्ने सबै पर्छन् । अर्थतन्त्र, समाजतन्त्र, राजनीति सबै आउँछन् । व्यक्तिजस्तै समाज पनि अन्तर्मुखी र बहिर्मुखी हुने सम्भावना रह्यो । आजको पश्चिमी सभ्यतामा पनि दुवै प्रवृत्ति छन् तर प्रभुत्वशाली आयाम बहिर्मुखीजस्तो देखिन्छ । त्यसो भएको हुनाले आंर्थिक उन्नतितिरै धेरै जोड दिनु पऱ्यो । भौतिक विकास, प्रविधि, आविष्कार, तर्क पद्धतिमा बढी जोड दिनु पर्ने देखियो । यी दुई सभ्यतालाई जोड्नु नै आजको युगको स्थितिगत्यात्मक समाधान हो । एकथरी विज्ञान, प्रविधिको भौतिक कुरा मात्र गरेर अर्कोलाई निषेध गर्नमा लागेका छन् । यो दुई फक्लेटे (बाइनरी) चिन्तनको अतिवाद हो ।

ईशावास्य उपनिषद्मा अविद्या र विद्या दुवैको प्रयोजन दिइएको छ । अविद्याले मृत्युलाई तरेर विद्याले अमृतमा पुग्ने हो । परब्रह्मसम्म पुग्ने ज्ञान विद्या हो । त्यसबाहेकका सबै अविद्या हुन् । भौतिकशास्त्र, रसायनशास्त्र, जीवशास्त्र आदि सबै अविद्यामा पर्छन् तर अविद्याको अ नराम्रो अर्थमा नभई विद्या बाहेकका अरू भनेर भनिएको हो । अविद्याले मृत्युलाई जित्न सम्भव बनाउँछ भनेको त भौतिक शरीरलाई समुचित तरिकाले उपभोग गरियो भने बल्ल मृत्युबाट तर्न सक्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पात्रता दिन्छ भन्नु हो । शरीरमाद्यं खलु धर्मसाधनम् भनिएको कारण पनि त्यही हो तर अविद्याका क्षेत्रमा शारीरिक, मानसिक तहमा कार्यरत रहँदा पनि अन्तोगत्वा जानु पर्ने ठाउँ यो होइन भन्ने थाहा पाउनु पर्‍यो । शीतलहर चलेको बेलामा म त अन्तिममा पुग्ने यहाँ होइन, त्यसो भएकोले घरभित्र पस्दिन भनेमा के होला ? घरभित्र छिरेर बस्नु परे पनि फेरि समय आएपछि अर्को यात्रामा लागेमा बल्ल लक्ष्यमा पुग्ने हो । यो स्थितिगत्यात्मकता हो । त्यसो भएकाले विद्या र अविद्यालाई जोड्ने, आधिभौतिक, आध्यात्मिक र आधिदैविक सबैलाई जोड्ने तर परमप्राप्ति त मुक्ति नै हो । यी सबै कुराहरू सहायक मानिएको हुनाले वैयक्तिकता नै प्रधान हुन जान्छ । जन्म र मोक्षसम्म सबै वैयक्तिक छ भने बीचमा आएका कुराहरूलाई पूरै सामूहिक दृष्टि दिन मिल्दैन । वैयक्तिकताको स्थान नै हुँदैन भन्नु त तात्पर्य नबुझेको ठहर्छ । मोक्षलाई संसारको कुनै नियमले छुँदैन भनिएको कारण यही हो । त्यसैले त चाणक्यले आफ्नो कल्याणका लागि सम्पूर्ण पृथ्वीको पनि त्याग गर्न तयार रहनु भनेका हुन् ।

चाणक्य र मिल फरक सामाजिक पृष्ठभूमिका रहेकाले प्रस्तुतिमा भेद देखिएपनि विचारहरू धेरै निकट रहेका छन् । फरक कति हो भने मिलले वैयक्तिक स्वतन्त्रतालाई भौतिक र मानसिक तहमा हेरेका छन् भने चाणक्यले आध्यात्मिक तहसम्म पुर्‍याएका छन् । सांस्कृतिक र धार्मिक पृष्ठभूमिका कारण चाणक्यको बृहत्तर दृष्टि भयो । बृहत्तर हुनाले कुन परिधि र दायरामा काम गरेको छ भन्नेले धेरै फरक पर्छ । चाणक्यको दायरा निकै नै विस्तृत भएको देखिन्छ । त्यसो भएको हुनाले एक प्रकारले जोन स्टुअर्ट मिलको दर्शनलाई चाणक्यको दर्शनको उपसमूहमा राख्दा अन्तर पर्दैन । वैद्धिक पद्धतिमा मोक्ष वा बौद्ध पद्धतिमा निर्वाणको मान्यता भए जस्तो पाश्चात्य दर्शनमा नभएको हुनाले सरासरी स्वर्ग, हेभेन वा जन्नत जे भने पनि त्यहाँ चिन्तनको सीमा छ । यता भने मोक्ष परमार्थको रूपमा रहेको छ । वैयक्तिक स्वतन्त्रताको सफलता भनेको मोक्ष प्राप्त गर्नु हो । त्यसैले सामाजिक व्यवहारमा कार्य गर्दा पनि सामूहिकताका साथै वैयक्तिकतालाई पनि महत्त्व दिनु वैदिक मान्यता हो ।

त्यसो भएको हुनाले पश्चिमभन्ने बित्तिकै वैयक्तिक पूर्वभन्ने बित्तिकै सामूहिक भन्नु त अपूर्ण बुझाइ हो । हाम्रामा अर्थ र कामको क्षेत्र सामूहिकता हो तर धर्म र मोक्षमा पूर्ण वैयक्तिकता छ । अर्थ र कामको क्षेत्रमा समेत वैयक्तिकतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नछाड, प्रखर होउ, जागृत होउ भनेकाले उहाँ त वैयक्तिकता अझ प्रखर छ। पूर्वीय समाजमा अथवा हिन्दू समाजमा वैयक्तिकतालाई स्थान छैन भन्नु भनेको वैयक्तिकताको स्वरूपलाई नबुझ्नु हो। व्यक्ति व्यक्ति जोडेर परिवार, कुल, कुटुम्ब, समुदाय, राज्य हुने भएकाले एउटाको आचरणले कसैको पनि सुखमा बाधा नपार्नका लागि एउटा समुन्नत नीति र पद्धति बनाउनुपर्‍यो। यसलाई हामीले सहृदयताको सम्बन्ध भन्यौं। यसकै आधारमा राजनीतिक आयाममा राज्यराष्ट्र सिद्धान्त बन्यो। यसमा जहिले पनि स्थितिगत्यात्मकता रहन्छ। साथै मोक्षप्रतिको आग्रहलाई पनि गलत तात्पर्यमा बुझ्नु भएन। अत्यधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको घृणा होइन अपितु वैदिक मत अनुसार आधिभौतिक, आधिदैविक र आध्यामिक समन्वय हो।

इन्द्रियजन्य मोहप्रति अनिच्छा त पक्कै छ तर मानव चेतनाको वैदिक मतमा अगाध महिमा रहेको छ। त्यसैले सामाजिक व्यवहारमा व्यक्तिको हितभन्दा समाजको हितलाई मान्यता दिनु परेको हो। त्यसो भएको हुनाले पूर्व र पश्चिम यस्तो भनेर एक खालको निष्कर्षमा हाम फाल्नु गलत हो। केही कुरामा मतान्तर देखियो भने पनि समाजको कल्याणलाई समान, साझा, हितकारी कुराहरूको ग्रहण हुनुपर्छ। यो कुरा हाम्रामा धेरै जनाले धेरै पटक भन्ने कुरा हो र पश्चिमा पनि नभनेका छैनन्। पश्चिममा पनि हाम्रा मित्र शक्ति छन्। जस्तो फ्रेन्च दार्शनिक रोम्यारोला। उनी भन्छन् - खास गरी केही वर्षयता युरोप र एसियालाई एकअर्काको निकट ल्याउनुपर्ने आवश्यकता महसुस गरिरहेको छु। उनको दृष्टिकोणमा चिन्तनका यी दुई गोलार्धलाई एक बनाउने महान् उद्देश्य हुनुपर्छ। यसरी पश्चिमाले पनि अनुभव गरेका छन्। उपनिवेश फैलाएर संसारका विभिन्न समुदाय, सभ्यतामाथि आक्रमण गर्ने पलम्परजस्ता दुष्टहरूको पनि त्यहाँ उदाहरण छ तर साथसाथै सहृदयताको कुरा गर्ने पनि छन्। उनीहरूको कुरा मूलप्रवाहीकरण हुने स्थितिमा पश्चिमलाई पनि आत्मावलोकनको अवसर प्रदान हुनेछ। धर्म, अर्थ, काम र मोक्षको प्रसङ्गमा धर्मले गुण, विशेषता, पात्रता, पद्धति दिने हो। अर्थ पनि धर्मपूर्वक हासिल गर्नुपर्छ। काम पनि धर्मपूर्वक गर्नुपर्छ। धर्मको मार्गनिर्देशनले नै मोक्षसम्म पुर्‍याउँछ। यो नै वैदिक मत अनुकूल हो।

अर्थ र काममा पनि वैयक्तिकता नहुने होइन। सम्पत्ति धेरै कमाउनेले कर छल्यो, कालाबजारी गर्‍यो भने दण्ड हुन्छ तर धर्मपूर्वक वैध तरिकाले कसैले धेरै सम्पत्ति कमायो भने त्यसलाई सम्मान गर्ने हाम्रो चलन हो। बुद्धकालीन वाङ्मयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यसको ठूलो महत्त्व पाइन्छ। उसको धनको कारणले उद्यममा लगानी बढ्दछ। मानिसहरूले रोजगारी पाउँछन् । मानिसहरू भोकोनाङ्गो रहने परिस्थिति रहँदैन । दुःखकष्टबाट अरूलाई मुक्त गर्न सहायक बन्नु पनि ठूलो पौरख हो ।

व्यक्तिले कुनै क्षेत्रमा जति सक्छ गरोस् भन्नु पौरखको कदर हो । त्यसो हुनुलाई स्वतन्त्र बजार अवश्य आवश्यक पर्छ। स्वतन्त्र बजार भनेको अहिलेको पुँजीवादी पद्धतिबाट गरिएको परिभाषाअनुसार मात्र हैन । स्वतन्त्र बजारका विभिन्न स्रोतहरू के हुन् भन्ने दृष्टिकोण राखेर वैयक्तिकतालाई बुझेर हेर्ने हो भने प्राचीनकालमा पनि स्वतन्त्र बजार रहेको थियो । व्यक्तिले श्रम, सीप, क्षमता, नवाचारलाई प्रयोग गरेर एकदमै ठूलो सफलता हासिल गर्न पाउने र त्यस क्रममा राज्य पनि सहायक बन्नु पर्ने हो। कर्ममा उसको अधिकार पक्कै हुने तर नियमन गर्दा कर छल्ने, कालाबाजारी गर्ने वा गलततरिकाले प्रतिस्पर्धा गर्नेलाई दण्ड नै दिइन्थ्यो तापनि धर्मपूर्वक आर्जन गर्नेहरूलाई संरक्षण गर्ने कर्तव्य राज्यको पनि रहेको थियो। धर्मपूर्वक गरेको व्यवसायमा हस्तक्षेप नगर्ने प्रवृत्ति देखिन्छ। त्यसो भएकाले स्वतन्त्र बजार नीतिको अवधारणा हामीसँग नभएको होइन तर फ्रि-मार्केट (Free Market) का नाममा केही अत्यधिक धनी हुने एकदम निर्लज्ज नाफाखोर प्रवृत्ति भने थिएन।

स्वतन्त्रतामा नियमन रहेको थियो। सकेसम्म नियमन आत्मिक नियमन, त्यसपछि समाजको मान्यताका अनुसार, नैतिकताता अनुसार, फेरि दण्डनीतिले अनि आज आइपुग्दा केवल कानुनी भएको छ। शरीरमा पूर्ण अधिकारको प्रसङ्ग आयो। 'My Body My Right' त हाम्रामा एक प्रकारले मोक्षसम्म शरीरलाई कसरी साधनामा लगाउनका लागि छ तर 'माई बडी माई राइट' यदि शरीरलाई हानि पुऱ्याउने खालको छ र भौतिक वा मानसिक रूपमा अर्को कसैलाई आघात पुग्छ भने उचित छैन। त्यसैले वैयक्तिकता र सामूहिकताको समुन्नत सम्बन्ध जहिले पनि स्थितिगत्यात्मक रहेको छ। स्थितिगत्यात्मक किनभने समाजको मूल त व्यक्ति हो। वैयक्तिकता जागरुक अनि प्रखर हुनु स्थितिको पाटो हो भने व्यक्तिको परिवार, समुदाय, कुल, कुटुम्ब र राजनीतिक, आर्थिक सन्दर्भको पाटो गत्यात्मक हो। अरू संरचनागत तहमा पनि परिस्थिति, सम्बन्ध, अधिकार, कर्तव्यलाई समेत ख्याल गरी निर्णय गर्नुपर्ने भएकाले हुनाले अविच्छिन्न स्थितिमा रहेर परिस्थितिअनुसारको समुचित निर्णय गर्नुमा गत्यात्मकता रहेको छ। स्थितिगत्यात्मताले हाम्रो समाजको व्यक्ति, समाज, राष्ट्रसम्मको संरचनालाई मार्गनिर्देशन गरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ८

स्थितिगत्यात्मक समन्वय

स्थितिगत्यात्मक प्रगतिवादका विभिन्न आयामहरू छन् । जीवन र जगत्लाई कसरी हेर्ने र केलाई प्रगति मान्नेमा संसारमा विभिन्न दृष्टिकोणहरू रहेका छन्। कसैले पदार्थ नै प्रधान हो, पदार्थमा आउने रासायनिक वा अन्य प्रतिक्रियाहरूले सृष्टिमै परिवर्तन ल्याउँछ भनेर मान्छन्। थेसिसको एण्टि-थेसिस अनि सिन्थेसिस हुन्छ भनेर मान्ने पनि छन् । कसैले चेतनालाई प्रधान मानेको पाइन्छ । चेतनालाई प्रधान मान्नेहरूमा पनि कसैले दैवी चेतनालाई जगत्मा दृष्यमान छैन अथवा जगत्भन्दा पनि माथि अन्य कतै छ र त्यस्तो चेतनाले सबै कुरा निर्धारण गर्दछ भनेर मान्छन्। कसैले भने यही जगत्मा रहेको प्राणी अनि तिनमा रहेको चेतनालाई विभिन्न तरिकाबाट परिभाषा गरेर संसारमा प्रगति अथवा परिवर्तन आइरहेको हुन्छ भनेर व्याख्या गरिएको छ । यो व्याख्यामा पनि कसैले आकस्मिकताको सिद्धान्तलाई लिएका छन् । त्यसमा व्यक्तिलाई प्रधान मानेर इतिहासको कुनै कालखण्डमा कुनै खालको व्यक्तिको कर्मको कारणले त्यो समयले नै एउटा स्वरूप लिन्छ र त्यसै पछाडि इतिहासको पाङ्ग्राअगाडि बढ्छ भन्ने पनि छन् । कसैले सामूहिकताको सिद्धान्तलाई लिएर कुनैं समाज र सामूहिकतामा भएका उत्पादनका साधनहरू, जीवन निर्वाहको तरिका र कैयौं सभ्यताहरू विलीन हुँदाका कारणमा पर्यावरणीय परिवर्तन, पानीको उपलब्धतादेखि लिएर धेरै घटकको भूमिका रहन्छ भन्ने हिसाबले विश्लेषण गर्छन् । एकातिर द्वन्द्वात्मक भौतिकवादको पाटोबाट प्रकृतिमा भौतिक पदार्थहरूमा भएका प्रतिक्रियाका आधारमा र समाजमा उत्पादनका साधनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसको स्वामित्व रहेको छ, कसले त्यसलाई परिचालन, उपभोग गर्न सकेको छ अथवा कसको स्वार्थमा भइरहेको छ भन्नेबाट निर्धारित हुन्छ भन्ने मानिन्छ। त्यसमा परिवर्तन भने विद्रोहात्मक परिस्थिति ल्याउँछ भन्ने मानिन्छ। अर्कोतिर भने व्यक्तिलाई विचार, अभिव्यक्ति, पौरखको लागि पूर्ण स्वतन्त्र छोड्न सकियो भने र त्यसमा समाज र राज्यले सहजीकरणका लागि नियमन गर्ने खालको उच्चतम परिस्थिति हुन्छ भन्ने धार छ।

अघिल्ला परिचर्चाबाट स्मरणीय के छ भने समाज वा राज्यको आधारभूत एकाई त व्यक्ति हो। व्यक्ति, परिवारपछि पनि कुटुम्ब, समुदाय वा समाज हुँदै राज्यको संरचनाको बारेमा परिभाषा गर्नुपर्ने हुन्छ। यिनमा सबैभन्दा स्थायी संरचना व्यक्ति हो। कुनै व्यक्तिको जीवन क्षणभङ्गुर भन्न सकियो तर एउटा व्यक्ति गएपनि अर्को व्यक्ति आइरहने भएको समाजमा व्यक्तिको एकाई सबैभन्दा आधारभूत छ। यसै गरी हेर्दा सबैभन्दा कमजोर संरचना राज्य देखिन्छ। राज्यको अस्तित्व भएको बेलामा सबै अधिकार राज्यले कानुन र अन्य संरचनाहरू बनाएर हातमा लिने भएकोले राज्य बलियो देखिन्छ। यो पनि क्षणिक कुरा हो। तत्कालको परिस्थितिमा यस्तो नदेखिएला तर मानवसमाजको इतिहासलाई लामो कालखण्डमा हेर्दा सबैभन्दा पछि आएको संरचना नै राज्य हो। राज्य अस्थिर र बदलिरहने संरचना हो।

प्राणीजगत्मा वृक्षवनस्पतिमा समेत एउटा एकाई र अर्को एकाईबीच सम्बन्ध राख्न खोज्ने प्राकृतिक प्रवृत्ति देखिन्छ। सजिलोमा नरशक्ति र नारीशक्ति भन्न सकियो। एउटैमा हुने पनि नदेखिने होइनन् तर सामान्यतः सहअस्तित्वमा रहेको देखिन्छ। साह्रै कम अपवादबाहेक उनीहरू मिल्ने प्रवृत्ति जताततै देखिन्छ। हामीले फरक लिङ्गको बीचमा वा एकै खालको पनि सम्बन्धलाई अहिले चर्चाको विषय नबनाई हेऱ्यौं भने पनि कुनै पनि एकाई युगल हुन चाहने प्रवृत्ति देखिन्छ। सञ्चारविधामा पनि दुई जना व्यक्ति नै रहन्छन्। सञ्चारमा जान चाहने प्रवृत्तिले नै परिवारको संरचना ल्याएको छ नत्र एउटा एकाईमात्र पूर्ण मान्ने हो भने त सामूहिकतामा जानुपर्ने कारण नै थिएन। त्यसो भएको हुनाले सामूहिकताको प्राकृतिक प्रवृत्तिबाट हेर्दा परिवार पनि स्थायी किसिमको संरचनाको रूपमा रहेको छ।

परिवार पनि समाज र राज्यभन्दा स्थिर संरचनाको रूपमा रहेको देखिन्छ। एउटा सभ्यताले अर्को सभ्यतालाई परास्त गर्नु पऱ्यो भने पनि पहिलो प्रहार नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवारलाई विशृङ्खलित गराउनमा हुने गर्दछ। परिवार विशृङ्खलित हुनु भनेको व्यक्तिको जीवनमा विशृङ्खलता आउनु हो। व्यक्ति पात्रतायुक्त नभएमा, व्यक्तिकै तहमा सोच, व्यवहार, खानपानदेखि उसका विभिन्न आयामलाई खल्बल्याउन सक्नु अन्तिम धक्का हो। प्रगति अथवा परिवर्तन राज्यको तहमा पनि हुन्छ, समाजको तहमा पनि हुन्छ, परिवारको तहमा पनि हुन्छ तर मूल भने व्यक्तिकै तहमा हुने हो। व्यक्तिमा परिवर्तन नआइकन परिवार, समाज वा राज्यमा आउँदैन।

नेपाल, भारत, चीन, श्रीलङ्काजस्ता कुटुम्ब तहको संरचना बलियो रहेको थियो तर आज धेरै कमजोर हुँदै गएको छ। केही जातीय समुदाय र भौगोलिक क्षेत्रमा रहेको भएता पनि कुटुम्बको संरचना क्षीण अवस्थामा देखिन्छ। आज हाम्रोमा विवाह पनि राज्यले बनाउने कानुनबाट नियमन हुने युग छ। व्यक्तिको विचार र अभिव्यक्तिको स्वतन्त्रता, आस्थाको र व्यक्तिले सङ्गठन बनाउन पाउने अधिकारलाई राज्यले प्रत्याभूत गर्दिनुलाई सकारात्मक दृष्टिकोणबाट हेर्दा कोही वञ्चित छैनन् तर आलोचनात्मक दृष्टिकोणबाट हेर्दा व्यक्ति, परिवार, कुटुम्ब, समाजका संरचना यति कमजोर भएछन् कि यस्ता नैसर्गिक प्रवृत्तिलाई पनि राज्यको संरचनाबाट अगाडि बढाउनुपर्ने भएको छ।

राज्यका बारेमा हाम्रो शास्त्रमा लेखिएका कुराहरू र मानवीय इतिहासको अन्वेषण अनुसार व्यक्ति, परिवार, कुटुम्ब र समाजभन्दा पनि धेरै पछाडि राज्य आएको हो। आजको हाम्रो युगमा विभिन्न अन्तरराष्ट्रिय सन्धिसम्झौताको कारणले गर्दा राज्यका सीमा, अधिकार अथवा अन्तरराष्ट्रिय सम्बन्धहरूको एउटा प्रारूप निश्चित भएकाले छोटो समयमा राज्य फेरिने देखिएको छैन। तर १०० वर्ष, २०० वर्षअगाडि मात्र गएर हेर्ने हो भने राज्य एकदम अस्थिर संरचना थियो। त्यसो भएको हुनाले अहिले पनि कुनै ठाउँमा फरक देशहरूको दाबीहरू भइरहेका छन्। हाम्रो नेपालकै कुरामा पनि सीमाको समस्याहरू प्रत्यक्ष भोगिरहेका छौँ। विश्वमा रुस र युक्रेनको बीच भूभागमा द्वन्द्व देखियो, भारतीय राजारजौटाहरूको संरचनाबाट सन् १९४७मा द्विराष्ट्रियताको सिद्धान्तलाई आधार मानेर इण्डिया र पाकिस्तान बने। इण्डिया र पाकिस्तान बन्ने क्रममा राष्ट्रियताको आधारको व्याख्या र समाजको परिस्थिति त अलग थियो तर धार्मिक पहिचानको आधारमा पाकिस्तान बनाइयो, धर्म नै राष्ट्रियताको निर्धारक हो भनियो। आज एउटा निश्चित धर्म वा मजहबको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा आएको राज्य र बासिन्दाहरूको प्रवृत्ति, चरित्र अलग छन् । एकातिर एउटै मजहबलाई मान्नेहरूको बीचमा पनि जातीय, प्रजातीय, नस्लीय वैविध्य भयो भने अर्कोतिर भाषागत हिसाब भयो । सङ्ख्याको कुरामा आफूलाई मुस्लिम नभन्नेहरू पनि त्यहाँ थिए । यसको प्रत्यक्ष असर आज पनि देखिएको छ । द्वि-राष्ट्रियता मान्दा अलग देश बन्यो । समुदाय वा समाजको तहबाट हेर्दा भने नैसर्गिक रूपमा कुनै ठाउँमा हजारौँ वर्षदेखि ब्रसिरहेको भएपनि राज्यको एउटा चरित्र बन्ने बित्तिकै अल्पसङ्ख्यक भयो तर मजहबको आधारमा मात्रै त देश बन्ने रहेनछ । बन्ने भएको भए बङ्गलादेश टुक्रिनुपर्ने थिएन । बङ्गलादेश टुक्रिने बित्तिकै त्यस ठाउँका केही व्यक्ति, केही समुदायहरूको समाजका रूपमा नैसर्गिक अधिकारभन्दा पनि प्रबल रूपमा राज्यको अधिकार आयो । राज्यले उनीहरूलाई संरक्षण गर्ने आफ्नो उत्तरदायित्व पूरा गरेन र उनीहरू त्यहाँबाट भागेर शरणार्थी हुनु पऱ्यो । राज्यको अस्थिरताले समाज र व्यक्तिमाथि कत्रो असर पर्दो रहेछ भने हजारौँ वर्षदेखि बसिरहेको ठाउँमा ऊ बस्न सकेन । केही वर्ष अगाडिसम्म स्वभाविक रूपमा आफ्नो तीर्थ, व्रत गर्न जानेदेखि एउटै संरचना, प्रणालीको अंश भएको ठाउँमा शरणार्थीको हैसियतले जानुपऱ्यो । लामो समय बस्दा पनि शरणार्थी आइरहेकाले सम्मानको लागि मुसलमान बाहेक अरूले राज्य पनि पाएनन्, लामो समयदेखि पीडा खेपेकालाई हामी नागरिकता दिऊँ भन्ने मानवोचित, न्यायोचित निर्णय गर्दा पनि समस्या देखिएको छ । यो त अर्कै देशबाट आएको हो भन्ने र समाजको तहबाट र आस्थाको तहमा न्यायोचित भन्नेको बीचमा एउटै देशभित्र एउटै कुराको लागि दुईथरि जुलुस निस्किरहेको छ ।

हाम्रो उत्तरपट्टिको देशमा उइघुर मुसलमानहरूको चर्चा परिचर्चा आइरहेको छ । तथ्यमा त फरकफरक किसिमका दाबी भइरहेका छन् तर, एउटा दाबीमा भने उइघुर मुसलमानको १० प्रतिशत जनसङ्ख्यालाई आज प्रशिक्षणको लागि बनाइएको क्याम्प वा अर्को दाबीमा जेल जस्तोमा राखेको कुरा आएका छन् । यो पनि मूलतः राज्यको चरित्र र समाजको चरित्रको बीचमा तादात्म्य नआएको हुनाले द्वन्द्व भएको हो । स्वभाविक रूपमा राज्य सबैभन्दा पछाडि आएको, सबैभन्दा अस्थिर भएतापनि अहिले राष्ट्रिय, अन्तरराष्ट्रिय परिवेशले गर्दा राज्य बलियो छ र हरेक क्षेत्रमा हस्तक्षेप गर्दै छ । हरेक क्षेत्रमा हस्तक्षेप गर्दै जाँदा एउटा राजनीतिक मताग्रह, आर्थिक प्रणालीको बलमा एकै किसिमको शैक्षिक ढाँचा बनाउन खोजेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले एउटा प्राचीनकालमा समुदायको सहयोगमा गुरुकुल पूर्ण स्वतन्त्रता सहित चल्ने परिपाटी छैन । गुरुकुलको ढोकाबाट छिरेपछि चाहे जो सुकै होस् गुरुका अगाडि सम्राट्देखि भिखमग्गाका बच्चासम्म एउटै हुने परिस्थिति थियो । त्यो परिस्थिति आज छैन । आज विद्यालय, विश्वविद्यालय चल्ने, चलाउने, बजेट आदि मूलतः राज्यले व्यवस्था गर्छ । त्यसलाई कहीँ गएर दर्ता गर्नु पर्‍यो । त्यसको लागि कर तिर्नु पर्‍यो अथवा दानबाट चल्ने हो भनेपनि यसरी चल्ने हो भनेर राज्यबाट स्वीकृति लिएर पाइने भयो ।

स्वास्थ्य पनि राज्यकै कार्यक्षेत्रको रूपमा र बजारसँग समन्वयमा चलान गरियो तर बजारले राज्यलाई नै घुँडा टेकाइदिएको जस्तो पनि हामी देख्छौं । बजारले त भन्दा राज्य र राज्यको निर्णायकत्वसँग मिलाएर आफ्नो पेसा गरिरहेको छ । गुगल कम्पनी नै हेर्‍यौं भने पनि नेपालबाट गुगलमा केही खोज्दा आउने जति सूचना के चीनबाट खोज्दा पनि त्यति नै आउँछ त ? आउँदैन । त्यही खालको आउँछ त ? आउँदैन । राज्यको स्वार्थलाई उसले मान्दछ । नेपालमा त समाजको संरचना पनि कमजोर बनाई सक्यो, राज्यको संरचना पनि बलियो भएको छैन । त्यस बेलामा राज्यका गैरराज्य पक्षका रूपमा, आपराधिक समूह अथवा इन्टरेस्ट ग्रुप, नागरिक समाज, एनजिओ, आइएनजिओ, मिसनरी रूपमा हस्तक्षेप आइरहेको हुन सक्छ । छिमेकका देशले पनि नेपाललाई थाहा नदिकनै मिलेर लिपुलेकको बारेमा सम्झौता गरिदिए । कमजोर भए पछि यहाँको समाज, समुदायलाई सोधेर वा नसोधी, सहमति लिएर वा नलिएरै आफ्नो अनुकूलको कानुन उसले बनाउँछ । समाज, कुटुम्ब, परिवार, व्यक्तिका संरचनालाई राज्यले जितेको आजको अवस्थामा यस्ता गतिविधि घातक छन् ।

हाम्रो पुराणमा वेनको, हिरण्यकश्यपको शासनको बेलामा, पश्चिमा पनि म नै राज्य हुँ भन्ने लुई चौधौंजस्ता शासकहरूको बेलामा राज्यले सबै कुरा आफूले लिएको देखिन्छ । मानव इतिहासमा सबभन्दा कम युद्ध भएको अवस्थामा अहिले केही हद स्थिरता आएकाले साधनस्रोत उचित क्षेत्रमा लगाउन पाइएको छ । अहिले पनि इण्डिया, चीन, नेपाल, अफगानिस्तान आदिले सांस्कृतिक र राजनीतिक अधिकारको समन्वय गर्न सकेमा, सहृदय अर्थतन्त्र हुन सकेमा इण्डिया र चीनको बीचमा, इण्डिया र पाकिस्तानको बीचमा, अमेरिकाले ठाउँठाउँमा गरेको सैन्य

Prof. Madhav.Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संरचनाको र शक्तिको लगानी वैज्ञानिक अनुसन्धान, स्वास्थ्य, शिक्षा र पर्यावरणको समुचित व्यवस्थापनमा लगाउन सक्दा त मानव समाज नै कति सुखमय हुन सक्थ्यो। विज्ञान र प्रविधिको विकासले गर्दा आएको अवसरमा राज्यको संरचनाले विवेक नराख्दा, सहृदय दृष्टिकोण नराख्दा सबै क्षेत्रमा हस्तक्षेप भएको छ। हाम्रामा त यो राज्यको चरित्र हो। अहिले हेरौँ त मन्दिरको व्यवस्थापन, विद्यालयको व्यवस्थापन समिति अथवा सञ्चालक समितिको चुनाव पनि पार्टीगत आधारमा हुन्छ। स्वभाविक कौटुम्बिक अथवा सामुदायिक, सामाजिक संरचनाहरूलाई यसले कमजोर बनाउँछ।

राज्य परिवर्तन हुँदाको नयाँ आधिकारिकता, आधिपत्यले समाजको कुराहरूमा स्वामित्व लिनु पर्ने अथवा सघाउने पाटोमा काम गरेन भने आफ्नो मौलिकता कायम रहँदैन। विश्व इतिहासमा हेर्दा जुन सभ्यताले आफ्नो सारा अधिकार जति राज्य वा शासकलाई सुम्पिएका छन् ती नासिएका छन्। समाजका कुराहरू पनि राज्यकै अङ्गका रूपमा रहने भएकाले नयाँ शासकले ती सबै कुरा ध्वस्त गर्छ। मानव इतिहासमा पनि अट्टिला, क्षेयार्स, अलेक्जेन्डर, चङ्गेज खान, तैमुर लङ्गहरूको प्रवृत्ति शासकलाई मात्र होइन बस्तीका बस्ती घेरेर जलाइदिने खालको देखिन्छ। उनीहरूको आखाँबाट कुनै राज्य वा शासनअन्तर्गत रहेको भन्ने बित्तिकै पराजित शत्रुलाई जस्तो व्यवहार गरे पनि हुन्छ भन्ने एउटा मान्यता हो।

अर्को मान्यताबाट हेर्दा भने राज्य सबैभन्दा कान्छो संरचना हो। मत्स्यन्याय नहोस् र समाजमा उचित व्यवस्था होस् भनेर राज्य चाहिएको हो। राज्य हुनुको समस्या छ तर नभइ पनि नभएको हुनाले निश्चित प्रयोजनका लागि राज्य चाहिएकाले सामाजिक संरचनाहरूलाई आफ्नो तरिकाबाट चल्न दिइरहेको हुन्छ र कम भन्दा कम हस्तक्षेप गर्दछ। हाम्रो उदाहरणमा त्यो बेलाका गोर्खाली राजाले नेपालमा पुनर्जागरणको सुरुवात गरे। अति प्राचीन कालदेखि अविच्छिन्न सार्वभौमसत्ता भएको नीपजनको आलय नेपाल देशलाई पुनर्जागृत गर्ने पृथ्वीनारायण शाह हुन्। सुरु गर्दा उनी गोरखाका राजा थिए तर कान्तिपुर राज्यमा राजगद्दीमा बसेपछि उनले कुमारीलाई थपक्कन ढोगे। खड्ग साट्नु पर्नेसँग खड्ग साटे, भोटो हेर्न जानु पर्ने ठाउँमा भोटो हेर्न गए, कहाँ के चढाउनु पर्ने हो त्यो गरे। के मात्र फरक भयो भने एउटा व्यक्ति राजाको स्थानमा अर्को व्यक्ति आयो। एउटा परिवार अथवा एउटा वंशको राजा थियो, अर्को आयो तर समाजको तहमा त्यसले केही पनि अन्तर गरेन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला महाभारतजस्ता युद्ध हुँदा पनि युद्ध गर्नेहरू युद्ध गरिरहन्थे भने किसानहरूलाई, गुरुकुललाई, स्वास्थ्य केन्द्र आदिलाई छुँदैन थिए तर आजको स्थितिमा ड्रोनबाट बम फाल्दा त्यसले बालबालिका, वृद्धवृद्धा, निरपराध र लडाकालाई पृथक् पृथक् चिन्दैन। राज्यको प्रधानतालाई मान्नेहरू आफूलाई सर्वसत्तावादीका रूपमा अगाडि बढाउँछन्। उसको हिसाबमा विकास भनेको नियन्त्रित योजनाबद्ध परिघटना हो। विकासको एउटा निश्चित ढाँचा हुन्छ, निश्चित परिभाषा हुन्छ र त्यो परिभाषाभन्दा बाहिर जाने कि त पछौटे हुन् कि विद्रोही। पछौटेपनलाई मेट्न पर्‍यो, विद्रोहीलाई समाप्त पार्नु भन्ने मान्यताबाट द्वन्द्व, हिंसाको बाटामा लाग्छ। आफूभन्दा फरकलाई पराईका रूपमा देखाउने अनि सिद्ध्याउने प्रवृत्ति रहन्छ।

राज्यलाई नियमनकारी सहजकर्ता मात्र बनाउने तर शक्ति बजारलाई दियो भने पनि बजारमा अथवा साधनस्रोतमा स्वामित्व रहेकाले निर्लज्ज नाफाखोरी चलाउने साधनको रूपमा मात्रै राज्य रहन सक्छ। अहिले नेपाल द्वन्द्वात्मक भौतिकवादी र बजारवादीको घालमेलबाट बनेको विषाक्त कपूतन्त्रको चङ्गुलमा छ। त्यही कारणले पुरानो राजपरिवारको स्वामित्वमा रहेको सम्पत्तिलाई नेपाल ट्रष्टको नाममा ल्याएर राज्यको त बनाइयो तर राज्यको बनाइसके पछि यसको उपभोग सत्तावृत्तमा रहेको राजनीतिक दललाई चन्दा दिने कुनै व्यापारिक घराना वा व्यापारिक व्यक्तिलाई घुमाइफिराइ कानुन मिलाएर दिइएको छ। त्यो हिजो राजाको स्वामित्वमा अथवा राजपरिवारको स्वामित्वमा पनि समुदायबाट खोसेरै गएको हो, एक तहमा समुदायमाथि राज्यले गरेको हस्तक्षेप नै हो भने आज अझै विकृत रूपमा निर्लज्ज नाफाखोरीका हातमा गएको छ। समुदायले त टुलुटुलु हेर्नु परिरहेको छ र अथवा हजारौँ वर्षदेखि आफ्ना पुर्खाले प्रयोग गरिरहेका ठाउँमा प्रवेश गर्न टिकट काटेर जानु परिरहेको छ। कुनै मन्दिर अथवा कुनै श्रोतलाई कब्जा गरेर टिकट लगाएर व्यापारको रूपमा निर्लज्ज नाफाखोर बजारलाई दिने भनेको होइन। राज्यलाई पनि कमजोर नबनाउन राज्यको भूमिका कहाँ हो, कति हो र समाजको भूमिका के हो र मूलतः राज्यले समाज नै राज्यभन्दा स्थिर, आधारभूत र हजारौँ वर्षदेखि आफ्नो सुव्यवस्था चलाएको हुनाले कसरी सहज गराउन सकिएला भन्ने दृष्टिकोणबाट हेर्‍यो भने अहिले संसारभरि भइरहेका द्वन्द्वमा धेरैजसो स्वतः समाधान हुन्छन्। समाजको तहमा कसरी कुन दर्शनबाट चल्छ भन्ने हेर्नुपर्छ। हाम्रामा वैदिक, बौद्ध,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किराँत, बोन, जैन लगायतका सभ्यताहरूले सँगै बस्दा विकास गरको पद्धतिमा त राज्य प्राकृतिक संसाधन, कुनै राजवंश अथवा व्यक्ति वा समूहको पौरखको कारणले एउटा निश्चित भूभाग एउटा साझा संरचनामा आएपछि राज्य हुन्छ ।

यस्तो संरचना बनाउने बेलामा अथवा थेग्ने बेलामा लडाइँ पनि हुने गरेका थिए तर निश्चित आधिकारिकता र आधिपत्यमा आइसकेपछि त्यहाँ बस्ने जुनसुकै जाति, प्रजाति, भाषाभाषिका भएतापनि सबैको साझा स्वामित्व यसमा हुनुपर्छ भन्ने मान्यता र राज्य अथवा शासकले समाज, कुटुम्बमा फौजदारी अपराध नभइन्जेलसम्म हस्तक्षेप नगर्ने पद्धति थियो । यो पद्धतिबाट द्वन्द्वका अवस्थाहरू कम रहन्छन् र लामो कालमा यदि राज्यहरूको द्वन्द्वको कारणले निश्चित समाज वा भौगोलिक क्षेत्र अर्को राज्यमा परेमापनि विस्थापनको वा शरणार्थी बन्नु पर्ने समस्या आउँदैनन् किनभने राज्य जे जता परे पनि समाज त त्यहीँ रहन्छ । समाजले आफ्नो संरचनाबाट पीडा, दुःखकष्ट हुने अवस्थालाई निराकरण गर्न सक्छ । त्यसो भएकाले हाम्रामा पहिलेदेखि नै आधारभूत एकाईहरूलाई सँगसँगै राखेर मानिन्थ्यो ।

कुल चाहिँ सामाजिक, सांस्कृतिक एकाईका रूपमा रह्यो भने ग्राम राजनीतिक एकाईका रूपमा रह्यो । कुलपति र ग्रामपति आउने आफ्नो एउटा पद्धति थियो । यो पद्धतिले गर्दा ग्राम कुन राज्य वा जनपदमा पर्छ भन्ने कुराले कम भन्दा कम क्षति हुने गर्थ्यो । राज्यको संरचनामा गत्यात्मकता धेरै छ भने समाज, कुटुम्ब, परिवार र व्यक्तिको संरचनामा स्थितिको पाटो प्रबल छ । आजको युग ऋतबाट धर्म, दण्डनीति हुँदै कानुनको युगमा आएकाले हामीले पहिलो चरणमा राष्ट्रियतालाई बलियो बनाउँदै विश्वबन्धुत्वसम्म जानु पर्ने खुट्किलाको रूपमा रहनु पर्ने आवश्यकता छ तर अन्धराष्ट्रवादी अथवा सर्वसत्तावादीहरूले भने जस्तो राज्यबाहेक अरू केही पनि छैन, सम्पतिको स्वामित्व पनि राज्यकै हो, शिक्षाको पनि स्वामित्व राज्यकै हो, स्वास्थ्यको पनि राज्यकै हो भन्ने पद्धति प्राकृतिक छैन ।

स्थितिगत्यात्मक प्रगतिवादमा सबै कुरालाई विश्लेषण गरेर समन्वय गर्दा विशिष्टीकरण आउँछ । व्यक्तिको भूमिका प्रधान हुनुपर्ने स्थानमा व्यक्ति नै प्रधान हुनु पऱ्यो । परिवारको भूमिका प्रधान हुनुपर्ने स्थानमा परिवार नै प्रधान हुनु पऱ्यो । कुटुम्ब वा समाजको भूमिका प्रधान हुनुपर्नेमा कुटुम्ब वा समाज नै हुनु पऱ्यो । राज्य नै चाहिने क्षेत्रमा राज्यको प्रधानता हुनु पऱ्यो । स्थितिगत्यात्मक प्रगतिवादबाट हेर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी मानव शरीरका विभिन्न अङ्गहरूको आफ्नो आफ्नो महत्त्व छ तर तिनीहरू एकआपसमा अन्तरसम्बन्धित छन्, प्राणले गर्दा सबै अङ्गहरूले जीवन पाएका छन् त्यसरी नै व्यक्तिको चेतना, उसमा रहने सिद्धान्त, दर्शन प्राण हो । सहृदयताको भावना, अवधारणा, दर्शन मूल हो र यसलाई व्यावहारिक रूपमा लागू गर्दै व्यक्ति सुखी हुने कल्याणात्मक पद्धति हो । व्यक्ति व्यक्तिमा सुखको अनुभूति गराउने हो । भावनात्मक तहमा व्यक्ति र व्यक्तिको सम्बन्धको कारणले गर्दा खेरिमा कसैलाई आफूले नखाए पनि अरू कसैले खाँदा आनन्द मान्नुमा यसैको भूमिका छ । यसको सारमा व्यक्ति नै रहेको छ । व्यक्ति आधारभूत एकाई हो तर व्यक्ति पनि एकल छैन । व्यक्ति-व्यक्तिको सम्बन्ध भएको हुनाले परिवार, कुटुम्ब, समाज, राज्य जुनसुकै तहमा पनि सहृदयताको सम्बन्ध हुने बनाउन सकिन्छ । यो स्थितिगत्यात्मक प्रगतिवाद हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवचन : ९

स्थितिगत्यात्मक संरचना

स्थितिगत्यात्मक प्रगतिवादमा रहेका शब्दहरू स्थिति, गति, प्रगति र वादको शाब्दिक अर्थको विश्लेषण गरौं ।

स्थितिलाई नेपाली बृहत् शब्दकोशमा पाँचवटा प्रविष्टि दिइएको छ-

पहिलो - स्थिर रहने काम, स्थायी रहने काम ।

दोस्रो - थातथलो, बसोबास ।

तेस्रो - चालचलन, रीतिस्थिति, अवस्था ।

चौँथो - चाँजो पाँजो, बन्दोबस्त ।

पाँचौ - प्राकृतिक वा मानवीय अवस्था, अवस्थिति ।

नेपाली शब्द सागरमा पनि मिल्दा जुल्दा अर्थहरू नै दिइएको छ-

स्थायी रहने काम; थातथलो, बसोवास; रीतिस्थिति अवस्था; प्रबन्ध, चाँजोपाँजो; मानसिक वा प्राकृतिक अवस्था ।

राष्ट्रिय नेपाली शब्दकोशमा -

स्थित हुने क्रिया वा भाव रहनु वा हुनु; अवस्थान, अस्तित्व; एउटै ठाउँमा वा एउटै रूपमा रहिरहनु; आर्थिक, सामाजिक आदि दृष्टिले हुने अवस्था, दशा, हालत ।

त्यस्तै सत्ता रहनु स्थिति, नियम भनेर दिइएको छ ।

नेपाली बृहत् शब्दकोशमा गतिको अर्थ -

१: स्थिति, रूप आदिबाट अर्को स्थिति, रूप आदि सम्मको परिवर्तन वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक ठाउँदेखि अर्को ठाउँसम्मको गमन, चाल, हिँडाइ, सराइ, वेग।

२: कुनै पनि वस्तु वा प्राणीको दशा, अवस्था।

३: सम्भावित प्रयासको सीमा, क्षमता, शक्ति, तागत।

४: जीवात्माले मृत्यु पछि प्राप्त गर्ने अवस्था।

५: मृतकको देहावसानपछि दाह संस्कारदेखि दश दिनसम्मको काजक्रिया।

६: ईश्वरीय स्वरूप, मोक्ष, मुक्ति।

७: प्रवेश, पहुँच।

८: मार्ग, बाटो।

९: वास्तु तथा मूर्तिकलामा तीस अङ्गुल वा प्रादुर्भावको तीन गुणा बराबरको नापो।

नेपाली शब्दसागरमा गतिको अर्थ -

गमन, हिँडाइ; बाटो, मार्ग, अवस्था, दशा, स्थिति, चाला; चलमल, हलचल, स्पन्दन अनि क्षमता, सामर्थ्य; ज्ञान, बोध, होस, चेतना, यात्रा, दुई खुट्टाको काम उन्नति वा अभ्युत्थानको निम्तिको सक्रियता; धर्म, कर्मबाट प्रगति गर्नु; अभ्युन्नति; मोक्ष, मुक्ति;

कुनै प्रिय वा वाञ्छित वस्तुको निम्तिको प्रयत्न; परलोक, पार, प्रवेश, पहँच, आधार, आड, माया, लीला, चमत्कार, चमत्कारी कर्म, दशक्रिया, काजक्रिया, ग्रह नक्षत्रको चाल वा ठाउँ सराइ, वेग, प्रगति, नाडि, स्वासको क्रम।

राष्ट्रिय नेपाली शब्दकोशमा गति शब्दका अर्थ -

एक ठाउँबाट अर्को ठाउँमा जानु चाल, हिँडाइ गमन, अवस्था दशा; वाहन वा वेश; प्रवेश; प्रयत्नको हल, अन्तिम उपाय; मृत्युपछि जीवात्मालाई प्राप्त हुने अवस्था।

प्रगतिको अर्थ नेपाली बृहत् शब्दकोशमा -

राम्रो सँग अगाडि बढ्ने क्रिया; माथि उक्लने क्रिया; राम्रोसँग अगाडि बढ्नुको भाव क्रिया वा प्रक्रिया; उन्नति, विकास, उत्थान।

नेपाली शब्द सागरमा प्रगति शब्दको अर्थ -

अघि लाग्ने वा बढ्ने काम वा क्रिया वा प्रक्रिया; उन्नति, उत्थान, विकास, बढीबढाउ।

राष्ट्रिय नेपाली शब्दकोशमा प्रगति शब्दको अर्थ - अघिल्तिरको गति;

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि बढ्नु, अघि सर्नु, अग्रसर हुनु, उन्नति, बढीबढाउ, बनिबनाउ।

यी तीनवटा शब्दकोशमध्ये नेपाली बृहत् शब्दकोश र नेपाली शब्द सागरमा प्रगतिवाद वा प्रगतिशीललाई अनिवार्यतः मार्क्सवादसँग जोड्ने पूर्वाग्रह रहेछ। यसबाट हामी नेपालमा वैचारिक जालको सुदृढ पकड रहेको छनक पाउछौँ। शब्दकोशसम्म प्रगति शब्द र मार्क्सवादलाई अनिवार्य जोड्नुले वैचारिक जाल बौद्धिक क्षेत्रमा गहिरो रूपमा प्रवेश गरेको उदाहरण देखिउँछ। प्रगति अनिवार्यतः मार्क्सवादसँग जोड्नुपर्ने कुरा अवश्यै थिएन, होइन तर गरिएको छ। जसले परिभाषा गर्ने शक्ति लिएको छ उसको कुरा स्थापित हुन्छ भन्ने कुराको यो उदाहरण हो। पाठ्यक्रमका र अरू सार्वजनिक सङ्कथनका माध्यमबाट क्रुसेडि मानसिकताका मिसनरीहरू अथवा जिहादीहरू र आफूलाई वामपन्थी, बजारवादका अनुयायी भन्नेहरूले मानिसहरूको मस्तिष्कसम्म अनुपयुक्त दृष्टिकोणको पहुँच पुऱ्याएको प्रशस्त उदाहरण देख्न सकिन्छ। एउटा उदाहरण - प्रगति शब्दको अर्थ गर्ने क्रममा उनीहरूले राजनीति घुसाइसकेका छन्।

वाद शब्दको नेपाली बृहत् शब्दकोशमा अर्थ -

तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त (जस्तै- प्रगतिवाद, भौतिकवाद, समाजवाद इत्यादि) भनेर दिइएको छ। उदाहरणमा समेत एकखालको मात्र उदाहरण दिने वैचारिक जाल र निश्चित मताग्रहमा रहेका मानिसहरूले काम गर्ने शैली यस्तो छ। पक्कै पनि शब्दकोषको निर्माण र सम्पादन गर्ने क्रममा एकखालका मान्छे मात्र थिएनन्। तर, उनीहरूले या त मेसै पाएनन् या त "स्पाइरल अफ साइलेन्स" भनेजस्तै किन बोलिरहनु भनेर चुप रहे जसले गर्दा एक किसिमको मताग्रहबाट कार्य भइरहेको छ। यो शब्दकोशसम्म पनि वैचारिक जालको उपकरण बनेको उदाहरण हो। त्यस्तै अर्को अर्थ दिइएको छ - सार कुरा पत्ता लगाउन गरिने तर्क, शास्त्रार्थ, विचार, बहस, विवाद; कथन, वर्णन; अदालतमा उपस्थित गरिएको अभियोग; कुनै पनि कुराको निरूपण गर्नु।

नेपाली शब्द सागरमा वादको अर्थ -

महान् दार्शनिकहरू वा तत्त्वदर्शीहरूले कुनै खास कुराको बारेमा निश्चित गरिएको मत वा सिद्धान्त; सार कुराको पत्तो पाउन गरिने तर्क वा विचार; शास्त्रार्थ, बहस, विवाद, वितण्डा, वर्णन, कथन, अदालतमा उपस्थित गरिएको अभियोग,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरूपण; बजाई, घनक, गुञ्जन।

राष्ट्रिय नेपाली शब्दकोशमा वाद -

कुनै तथ्य वा तत्त्वको निर्णयको लागि गरिने तर्क-वितर्क, शास्त्रार्थ; तत्त्वज्ञद्वारा निश्चित गरिएको तत्त्व वा सिद्धान्त, केही संज्ञाका पछिल्लो तिर प्रयोग हुने जस्तै साम्यवाद, पुँजीवाद, अवसरवाद; कुनै निश्चित सिद्धान्त, बहस, विवाद; नाम शब्दका पछाडि प्रत्ययको रूपमा लागेर सिद्धान्तको अर्थ बुझाउने शब्द।

तीन वटा शब्दकोशबाट स्थिति, गति, प्रगति र वादलाई हेर्दा प्रगतिवादलाई कसैले मार्क्सवादसँग मात्र जोडेर हेर्नु त मताग्रह भयो, उसको पूर्वाग्रह भयो। प्रगतिवाद भनेको त सही अर्थमा प्रगतिलाई व्याख्या गर्ने सिद्धान्त हो। त्यसो भएकाले स्थितिगत्यात्मक प्रगतिवादमा स्थित्यात्मकता, गत्यात्मकतालाई विशेषणको रूपमा प्रयोग भएको छ। कुनै पनि सिद्धान्तले परिभाषा, त्यसको व्याख्या अनि आकलन र नियन्त्रण गर्छ (डिफाइन, एक्सप्लेन, प्रेडिक्ट र कन्ट्रोल)। स्थितिगत्यात्मक प्रगतिवाद स्थिति र गतिसँग जोडिएको अथवा स्थिति र गतिको समन्वयसँग जोडिएको प्रगतिवाद हो। यसलाई खास गरी समाज विकासमा लगायो भने समाज के हो, कसरी बनेको हो, समाज कसरी अगाडि बढिरहेको छ, कसरी अगाडि बढ्नु समुचित हुन्छ, कसरी समाजको सुसञ्चालन हुन सक्छ र त्यसको परिणति के हो भन्ने बारेमा परिभाषा गर्छ। समाज विकासका विभिन्न अवयवहरूको व्याख्या गर्छ। के भयो भने के हुन्छ भन्ने आकलन पनि गर्छ र त्यसका आधारमा नियमन पनि गर्न सकिन्छ। स्थितिगत्यात्मक प्रगतिवादलाई मार्गनिर्देशक सिद्धान्त मान्नेहरूलाई सो अनुरूप सङ्घको निर्माण गरेर समाजमा जागरण, सङ्गठनको सञ्जालको काम र उद्देश्य प्राप्तिको लागि सहृदयताको सम्बन्धमा रहेर कार्य गर्ने बाटो यसले दिन्छ।

स्थिति र गतिको कुरा विचित्र छ। कहिलेकाहीं गतिमा भइरहेकोलाई पनि मानिसले स्थितिमा देखेको हुन सक्छ। जस्तो- पङ्खा पनि धेरै गतिमा घुम्यो भने घुम्दै नघुमेको जस्तो देखिन्छ, स्थिर प्रतीत हुन्छ। कहिले आफू गतिमा भएकोले पनि सापेक्ष रूपमा स्थितिमा रहेकालाई पनि गतिमा देख्छ। जस्तो - साँझमा चन्द्रमा हामी सँगसँगै हिँडिरहेको जस्तो देखिन्छ अथवा बसबाट हेर्दा बाटोका घरहरू, रुखहरू एकदमै दौडेका जस्ता देखिन्छन्। नदीमा पानी प्रति सेकेण्ड यति क्यूसेक बग्यो भनेर नाप्न सकिन्छ तर देख्दा स्थिर छ। सारमा केही कुराहरू सापेक्ष स्थितिमा देखिन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने केही गतिमा देखिन्छन् । तर संसार स्थिति र गतिको समन्वयबाट चल्दछ । हामीले एउटा एटमलाई नै हेर्‍यौं भनेपनि केही अवयव अविच्छिन्न गतिमा छन् तर त्यो पनि सापेक्ष छ । स्थिति र गति जहिले पनि सापेक्षिक हुन्छन् । त्यसो भएकाले समाजमा कतिपय कुराहरू सापेक्षतः स्थिर देखिन्छन् भने कतिपय गतिमा देखिन्छन् । गति र कार्यबीचको अन्तरसम्बन्धको बारेमा भौतिकशास्त्रमा प्रशस्त चिन्तन गरिएको छ । प्रसिद्धै छ नि - यदि कसैले १०० किलो भारी बोकेर असिनपसिन भइरहेको छ, शक्ति लगाएको होला तर उसले कुनै दूरी पार गरेको छैन भने उसले गरेको कार्य शून्य हुन्छ । भौतिकशास्त्रमा दूरी अथवा गतिलाई दिइएको महत्त्वको यो द्योतक हो । यद्यपि गति अथवा दूरी रेखीय हो कि अरेखीय भन्नेमा आफ्नोआफ्नो मान्यता छ । कतिपय संस्कृतिमा लोककथा सुरु गर्दा "वन्स अंपन अ टाइम" भनेर समयलाई प्रधान मानेर र अर्कोतिर "एकादेशमा" भनेर स्थानलाई प्रधान मानेर सोच्नेहरूको दृष्टिकोण फरक हुन्छ । वैदिक मान्यतामा समय त सृष्टिको आधार हो । सृष्टि चल्नलाई पनि त गति अनिवार्य छ । दिक् र कालमा कालको पक्ष गतिमान् छ । समय गतिशील छ । एटमकै तहमा पनि न्युक्लियसभन्दा इलेक्ट्रोन गतिमा छ ।

प्रमा अथवा ज्ञानले पनि प्रमाण र प्रमेय आलम्बन गर्छ । जान्नु पर्ने प्रमेयलाई जान्ने प्रमाणले हो । यदि प्रमाण र प्रमेयको तादात्म्य मिल्यो भने मात्र प्रमा हुन्छ । प्रमेयका बारेमा संसारमा विभिन्न दर्शनले आफ्ना मान्यता, दृष्टिकोण, उपकरण र अनुसन्धानविधि मानेका छन् । प्रमेयमा पनि स्थिति र गतिका गुण छन् । कुनै प्रमेय स्थितिवान् छन् भने कुनै गतिवान् । स्थान र काल दुवै व्यवहारमा नाप्न मिल्छन् । उदाहरणको लागि हामीले आचार्य कुमारिल भट्टको मीमांसा दर्शनको पद्धति लिन सक्छौं । मीमांसा दर्शनमा जैमिनीले सूत्र, सूत्रमा शवरले भाष्य लेख्नु भयो भने त्यसमा पनि कुमारिल, प्रभाकर, र मुरारीका मत छन् । कुमारिल भट्टको मानमेयोदयमा पाँचवटा प्रमेय छन् - द्रव्य, जाति, गुण, क्रिया र अभाव । प्रमाण र प्रमेय बारेमा अध्ययन गर्ने आधुनिक सन्दर्भमा पनि इपिस्टेमोलोजी, अन्टोलोजी आदिको विकास भएको छ । स्थितिमा गति र गतिमा स्थिति अन्तर्सम्बन्धित हुने हाम्रो विश्वदृष्टिकोण छ । त्यसैले हामी स्थितिगत्यात्मक प्रगतिवादलाई मान्छौं ।

स्थितिमा पनि ऊर्जा निहित हुन्छ र गतिबाट पनि ऊर्जा उत्पन्न हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिकशास्त्रमा यसलाई काइनेटिक (Kinetic Energy) र पोटेन्सियल (Potential Energy) को रूपमा मानिन्छ । स्थिति आफै पनि ऊर्जाको स्रोत हो भन्नुको अर्थ संस्कृतिमा निहित रहेका स्थायी तत्त्वहरूबाट पनि हामीले ऊर्जा प्राप्त गर्दछौँ। पुनर्जागरणमा आधारित आधुनिकता र आधुनिकता सहितको पुनर्जागरणको आयामबाट हेर्दा समाजको स्थिति र गतिको पक्ष दुवै आधारभूत तत्त्वहरू हुन्। स्थावर-जङ्गम सबै जगतको कल्याण चाहनेले कल्याणका लागि अनुकूल कुरा, अवधारणा, सिद्धान्त, रीतिथिति, व्यवहारलाई अहिले पनि लिनु पर्छ। ती छायामा परेका रहेछन् भने अगाडि ल्याउनु पर्ने हुन्छ । देश-काल-परिस्थितिले परिवर्तन हुनुपर्ने कुराहरूलाई सहजतापूर्वक स्वीकार गर्नुपर्छ। तर सारमा समाज कल्याणको पथमा अगाडि बढ्नु पर्छ। वैदिक मान्यता पनि "चरैवेति चरैवेति" भनेको गतिको अवश्यम्भाविता देखाइएको हो। बौद्ध दर्शन, जैन दर्शनमा पनि यो मानिन्छ। त्यसैले गतिसँग हाम्रो स्वाभाविक तादात्म्य छ । तर गति द्वन्द्वात्मक भौतिकवादीहरूले भने जस्तो ध्वंस, नकारबाट होइन बरु रूपान्तरणबाट आउने हो । हामी मूलतः रूपान्तरणवादी हौँ। पर्गेल्ने, नीरक्षीर विवेक गर्नु यहाँ प्रधान छ। समाजका अवयवमा के सदैव कल्याणकारी छन् र के समयक्रममा विकृत भएकाले सुधार्नु पर्नेछन् भनेर विवेक गर्नु पर्छ।

हामीले आधारशीला चतुष्टयमा विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्बन्धलाई मानेका छौँ। वैज्ञानिकतायुक्त धर्म र धार्मिकतायुक्त विज्ञानको दृष्टिकोण अवलम्बन गरेका छौँ। यसको आधारमा समाजका हितकारी, कल्याणकारी, "तन्मे मनः शिवसंकल्पमस्तु" भनेजस्तो सबैको लागि शिवसंकल्प कल्याणयुक्त कुराहरूलाई नै आत्मसात् गर्छौँ । सबै नयाँ कुरा राम्रा हुँदैनन् अनि सबै नयाँ कुरा नराम्रा पनि हुँदैनन्। कतिपय मानिस नयाँ कुरा देख्दा तर्सिने हुन्छन् भने कतिपय मानिस नयाँ कुरा देख्दा उल्लासित पनि हुन्छन् । यी दुवै दृष्टिकोण गलत छन्। हामीले यसमा विवेक गर्नु पर्छ। फेरि पुरानो सबै राम्रो वा नराम्रो मात्र भन्नु पनि पूर्वाग्रह हो । खासगरि मताग्रहमा फसेका र वैचारिक जालबाट पीडित व्यक्तिहरूमा यो समस्या हुन्छ। हीनताबोधले गर्दा पनि मानिसहरू आफ्नो समाजका राम्रा पक्ष हेर्न नसकिरहेको अवस्था हुन्छ। आजको परिस्थितिले गर्दा सम्प्रदाय, भाषा, भौगोलिक क्षेत्र, पन्थ वा मज़हबको चर्चा गर्नु परेको हो तर यदि उनीहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वाग्रह नहुने हो भने त स्वभाविक रूपमा हामी सारा जगत् ब्रह्मतत्त्वकै प्रकटित रूप हो भन्ने मान्छौं । प्रकृति र पुरुषबाटै सृष्टि भएको हो, चैतन्य सबैको एउटै हो, सबैसँग सहृदयताको सम्बन्धमा बाँच्नु पर्छ भन्ने मान्यता हामी राख्छौं । "सर्वे भवन्तु सुखिनः" भन्ने मान्यता राख्ने भएको हुनाले कसैसँग पनि वैरभाव हामी राख्दैनौं । स्थितिको पक्षमा रहेको भनेर कुनै परिवर्तन नै देख्न नचाहने र परिवार्तन हुने भनेर समाजको संरचना, समाजको संस्थापन, धर्म, संस्कृति, परम्परा, भाषा, नैतिकता आदिलाई एकोहोरो प्रहारमात्रै गर्नुपर्छ भन्ने दृष्टिकोणसँग हामी सहमत छैनौं । आफ्नो राष्ट्र अथवा पृथ्वी, पर्यावरणको माया गर्ने, सम्मानभाव राख्ने हाम्रो चरित्र हुनुपर्छ । नचाहिँदो दोहन गर्न हुँदैन, उपभोक्तावाद ठीक छैन, बजारवाद ठीक छैन-हामी मान्छौं । समाजवादका नाममा गुलिया कुरा गर्ने तर समाजलाई पार्टी वा केही व्यक्तिले कब्जा गरेर मनपरी शासन चलाउने कुरा स्वीकार्य छैन । ठप्पा लगाएर एउटा दृष्टिकोणबाट मात्र हेर्ने पूर्वाग्रहबाट माथि उठ्नु आवश्यक छ । स्थितिगत्यात्मक प्रगतिवादले त स्वभाविक रूपमा गुणग्राही दृष्टिकोण राख्दछ तर निर्लज्ज नाफाखोर पुँजीवाद होस् वा सर्वसत्तावादी समाजवाद वा उल्था गर्दा साम्यवाद भनिएको कम्युनिजमले समाजमा स्थिति र गतिका पाटालाई समन्वय गर्न नसकेको हुनाले स्थितिगत्यात्मक प्रगतिवाद आएको हो । यो सिद्धान्तलाई प्रकृतिमा पनि लगाउन मिल्छ, प्रकृतिको व्याख्या गर्न मिल्छ पनि तर अहिले हाम्रो मूल उद्देश्य समाजको व्याख्या गर्नु हो । समाजमा स्थिति, स्थायित्वको पक्ष र गतिका पक्षलाई समुचित संयोजन गर्ने सिद्धान्त नै स्थितिगत्यात्मक प्रगतिवाद हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थितिगत्यात्मक प्रगतिवाद पुस्तक प्रकाशनका लागि दान गर्ने दाताहरूको विवरण				
क्र.स.	नाम थर	ठेगाना	समर्पित	रकम रू.
१	राजन लोहनी - भारद्वाज	ज्वालामुखी गाउँपालिका - ७, धादिङ	स्व. हजुरबुवा पुष्प प्रसाद लोहनी, स्व. हजुरआमा नन्द कुमारी लोहनी	३०००
२	दुर्गा बहादुर के.सी. -	लामाखेत - २१, पोखरा, कास्की	स्व. हजुरबुवा टीका बहादुर पोखेल	२१००
३	बुद्धराज चौलागाईं	सुनवल नगरपालिका - ८, नवलपरासी	स्व. राम प्रसाद चौलागाईं	३०००
४	राम अधिकारी - काश्यप	बुद्धशान्ति गाउँपालिका - २, झापा	स्व. हजुरबुवा अभिचन्द्र अधिकारी, स्व. हजुरआमा - अवछरा अधिकारी	३०००
५	यादव देवकोटा	भरतपुर महानगरपालिका - २३, चितवन	स्व. पिता जीवनाथ देवकोटा	५५५५
६	तुलसी प्रसाद कँडेल - भारद्वाज	ज्वालामुखी गाउँपालिका - ७, धादिङ	स्व. पिता गोविन्द प्रसाद कँडेल	३०५०
७	रुपक राज राउत	पथरी शनिश्चरे नगरपालिका - ६, मोरङ	स्व. हजुरबुवा कुल बहादुर पाण्डे, स्व. हजुरआमा पदमकुमारी पाण्डे	१०००
८	श्रीकृष्ण प्रणामी (यज्ञराज)	वेतकोट नगरपालिका - ६, कञ्चनपुर	स्व. माता डम्वरु देवी भट्ट, स्व. पिता तारा दत्त भट्ट	५५५५
९	सुरेन्द्र अधिकारी	मधुबन नगरपालिका - ७, बर्दिया	स्व. पिता चित्र बहादुर अधिकरी	३२००
१०	झुमनाथ न्यौपाने - कौडिन्य	चुलाचुली गाउँपालिका - ३, इलाम	स्व. माता चन्द्रमाया न्यौपाने	५०००
११	पवित्रा बजगाईं - माण्डव्य	विर्तामोड नगरपालिका - ४, झापा	स्व. मातापिता तुलसा/लक्षमण क्षेत्री, स्व. धर्म पिता पशुपति पौडेल	५०००
१२	सन्तोष कुमारी भट्टराई/खड्का - आत्रेय	रामप्रसाद राई गाउँपालिका - ३, भोजपुर	स्व. पिता प्रेम बहादुर भट्टराई	२०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३	अच्युत पौड्याल	रूरूक्षेत्र गाउँपालिका - ४, गुल्मी	स्व. हजुरबुवा दुर्गा प्रसाद पौड्याल, स्व. हजुरआमा लक्ष्मी पौड्याल	१५००
१४	टंका उप्रेती (नम्रता)	कन्काई नगरपालिका - ४, सुरुङ्गा, झापा	स्व. हजुरबुवा जगन्नाथ उप्रेती	२०००
१५	अजीत कुँवर (आत्मन)	कावासोती नगरपालिका - १६, नवलपुर	स्व. हजुरबुवा यम बहादुर कुँवर	३०००
१६	दिलिप कुमार शर्मा	सुरुङ्गा नगरपालिका - ६,(कुशाहा-३) सप्तरी	स्व. हजुरबुवा बिलट नारायण शर्मा	६००१
१७	लक्ष्मण भट्टराई	सुनवल नगरपालिका - ८, नवलपरासी	स्व. पिता अग्नि धर भट्टराई	३२००
१८	रमेश बाँस्तोला	मेचीनगर नगर पालिका - १०, झापा	स्व. हजुरबुवा लक्ष्मण बाँस्तोला, स्व. विष्णुमाया बाँस्तोला	३२००
१९	अर्बिन धितात	भरतपुर महानगरपालिका - ५, चितवन	स्व. पिता जनार्दन धिताल, स्व. माता सुभद्रादेवी धिताल	६०००
२०	मीन प्रसाद पाण्डे - भारद्वाज	त्रिपुरासुन्दरी गाउँपालिका - ६, धादिङ	स्व. हजुरबुवा छबिलाल, स्व. हजुरआमा गङ्गादेवि, स्व.भाइ भूवन पाण्डे	३२००
२१	विक्रम घिमिरे - काश्यप	धुर्कोट गाउँपालिका - ३, हाडहाडे, गुल्मी	स्व. पिता टिकाराम घिमिरे	२०००
२२	भुवन खत्री	मेलचौर, सुनकोशी - ५, सिन्धुपालचोक	स्व. हजुरबुबा:- (घर) : कर्ण ब. खत्री, (मामाघर) : टेक ब. भन्डारी	११००
२३	सागर लामिछाने वस्नोत - गर्ग	लालीगुराँस नगरपालिका - ७, तेह्रथुम	स्व. पिता लाल बहादुर वस्नोत	३१००
२४	जानुका लोहनी	ज्वालामुखी गाउँपालिका - ७, धादिङ	स्व. पिता शिव प्रसाद पाण्डे	११११
२५	अर्जुन पोखे्रल - आत्रेय	पथरीशनिश्चरे नगरपालिका - ४, मोरङ	स्व. पिता खेम प्रसाद पोखे्रल	३०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६	छवि पौड्याल - आत्रेय	नीशीखोला गाउँपालिका - २, बाग्लुङ	स्व. पिता डिलाधर उपाध्याय	२०००
२७	सुरेन्द्र पाल ठकुरी - शौनक	लेकम गाउँपालिका - ४, पौतोली, दार्चुला	स्व. हजुरबुवा धन बहादुर पाल	३३३३
२८	दीपक भुसाल - वशिष्ठ	सुनवल नगरपालिका - १३, नवलपरासी	स्व. माता चन्ददेवी भुसाल	२२२२
२९	प्रकाश/विकाश बोलाखे - कौशिक	कुशादेवी पनैती - २, काभ्रे	स्व. हजुरबुवा देवी प्रसाद बोलाखे, स्व. हजुरआमा भिमकुमारी बोलाखे	३५००
३०	शंकर धमला - धनञ्जय	नेत्रवती डबजोङ गाउँपालिका - ५, धादिङ	स्व. हजुरबुवा गंगा बहादुर धमला, स्व. हजुरआमा शुव/यथाकुमारी धमला	५०००
३१	रीना कार्की	मन्थली - १३, रामेछाप	स्व. पिता तुल बहादुर कार्की	५०००
३२	लव अधिकारी - काश्यप	हेटौंडा उपनगरपालिका - ४, मकवानपुर	स्व. माता चन्द्रकला अधिकारी	११११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगतिवादी युवा समाज नेपालका प्रकाशित कृतिहरू :

मूल्य रु. १२५।-

9 789937 126793

प्रगतिवादी युवा समाज नेपाल
काठमाण्डौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal